प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

jif{!$ cª\s $ k0ff{ª\s &^ ljwfsf]Gb|t ;flxlTos klqsf @)&* sflt{s–dª\l;/


संस्थापक

**वसन्तकुमार शर्म्मा 'नेपाल'**

संरक्षक

**राधादेवी शर्मा**

निर्देशक

**विनयकुमार शर्मा नेपाल**

प्रधान सम्पादक

**ठाकुर शर्मा भण्डारी**

सम्पादक

**यादव भट्टराई**

सहयोगी

**कमला नेपाल**

**महेशप्रसाद रिजाल**

**भाभा शर्मा**

**आभा शर्मा**

**मातृका आचार्य**

**विभव नेपाल**



प्रकाशक

**शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौं

**Shabdartha Prakashan**

Chabahil Ganeshthan, Kathmandu, Nepal

977-01-4497351 / 9841-496103

email : shabdarthaprakashan@gmail.com

nepal.vk@hotmail.com / nepal120@yahoo.com

web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com


;'rgf M j}hoGtldf k|sflzt /rgfsf] ;DkÛf{ lhDd]jf/ :jod\ n]vs g}xg\5g\.

# सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि सात सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौँ रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

● यस अघिका ७५ औँ हीरक अङ्कमा वैजयन्तीले १ अङ्कदेखि ७४ अङ्कसम्मका यसै पत्रिकामा प्रकाशित 'पुछारको पातो' स्तम्भमा समाविष्ट गरिएका निबन्ध विधाका बारेका समालोचनाहरूका विद्वान् समालोचकहरू प्रा. गोपीकृष्ण शर्मा, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. दुर्गाप्रसाद अर्याल, डा. घनश्याम न्यौपाने, प्रा.डा. कृष्णचन्द्र वर्मा, डा. लेखप्रसाद निरौला, डा. विष्णु के.सी., निर्मोही व्यास, बुनू लामिछाने, ओमी शर्मा र विनयकुमार शर्मा नेपालका २३ ओटा निबन्धका सैद्धान्तिक रचना प्रकाशित गरेको थियो ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौँ । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौँ, सम्पूर्ण साहित्यिक जगत्‌को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ७६ औँ अङ्कमा पनि विशुद्ध आत्मपरक निबन्धहरू प्राप्त भएका छन् । वैजयन्तीले यस अघि निबन्ध अङ्कको रूपमा आत्मपरक निबन्धहरू समेटेका १८, १९, ३७, ४४, ५१, ५६, ५७ र अहिले यो ७६ अङ्कसमेत निबन्धको आठौँ अङ्क यहाँहरूको हातमा आएको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्ताबाट दिइरहेको छ र तदनुकूल लेख रचनाहरू पनि प्राप्त गरिरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौँ ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

**संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-६, गद्यकविता-६, कथा-६, निबन्ध-८ समीक्षा-८, छन्दकविता-११ ओटा अङ्कहरू निकालिसकेको**

**साहित्यिक पत्रिका वैजयन्तीको**

**७७ औँ अङ्क गद्यकविता-अङ्क आउनेछ ।**

## यस अङ्कमा


| क्रम | निबन्ध | निबन्धकार | पृष्ठ |
|---|---|---|---|
| १. | सूत्रात्मक कि सिर्जनात्मक ? | आत्माराम खरेल | ५ |
| २. | हामी के कम ? | उत्तमकृष्ण मजगैयाँ | ९ |
| ३. | दुवै एक अर्काका ईश्वर | खगेन्द्र खोल्साघरे | १३ |
| ४. | कविता र यसका कच्चा पदार्थ | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | २० |
| ५. | म | दीपक भण्डारी | २५ |
| ६. | 'गर' पालिका भए पो गर्नु ! | डा. धनपति कोइराला | २८ |
| ७. | मन बुद्धि र विवेक | डा. नारायण निरौला | ३१ |
| ८. | जीवनको उद्दाम वेग | पुण्य कार्की | ३७ |
| ९. | जीवनको लहरिँदो लयमा | बद्रीप्रसाद ढकाल | ४२ |
| १०. | प्रेम | भास्कर भण्डारी | ४५ |
| ११. | मित्र र मित्रता | महादेव अधिकारी | ५० |
| १२. | छोड्नु कि समात्नु ? | विनयकुमार शर्मा नेपाल | ५४ |
| १३. | बिदा | डा. विश्वदीप अधिकारी | ५९ |
| १४. | पुनप्रारम्भ | श्रीओम श्रेष्ठ 'रोदन' | ६६ |
| १५. | संस्कार र शिक्षा | डा. श्यामप्रसाद न्यौपाने | ७१ |
| १६. | रहर | समिना खनाल 'पृथा' | ७८ |
| १७. | आस्था, देवता र मान्छेहरू | हरि कट्टेल | ८२ |


**अब हाम्रो पालो**

गद्यकविता-अङ्क, संस्कृतिअङ्क, हाइकूअङ्क, लघुकथा-अङ्क

## स्थायी स्तम्भ

**आवरण चित्र** : सुबोध घिमिरे, हाल : क्यालिफोर्निया, अमेरिका

**पुछारको पातो** :


| | | |
|---|---|---|
| निबन्धका सामान्य कुरा | वसन्तकुमार शर्म्मा 'नेपाल' | ८७ |
| नेपालका केही पुस्तक पसलहरू : | | ९२ |
| शब्दार्थ प्रकाशनका पुस्तकहरू : | | ९५ |

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (संस्मरण) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

**के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal का**
**कार्यक्रमहरू हेर्नुभएको छ ?**





# सूत्रात्मक कि सिर्जनात्मक ?

**आत्माराम खरेल**

म एकसुरमा हिँडिरहेको हुन्छु । घामको सेकाइ र पानीको रुझाइबाट बँच्न छाता बोकेको हुन्छु । खाउँखाउँको तलतल मेटाउन केही गोटा चकलेट झोलामा राखेको हुन्छु । त्यसैमा तीर्खा मेटाउन एक बोतल पानीसमेत राखेको हुन्छु । झोला हल्का तर बलियो खालको छ । जुत्ता पनि काँडाले नबिझ्ने खालको छ । यी लगायत अन्य गतिविधिसमेत अरूको सिको गरिरहेको हुन्छु । यसलाई अझ प्रष्ट्याऊँ ? सायद बिरालो बाँधेर श्राद्ध गरिरहेको हुन्छु ।

आज मजस्ता आत्मारामहरू 'भेन्डर मेशिन' बनेका छन् । हर प्रसङ्ग सूत्रबद्ध बोलिरहेछन् । हाँसो र आँसुसमेत सूत्रबद्ध झारिरहेछन् । चलनचल्तीकै व्यवहार गरिरहेछन् । बेचैनका साथ हिँडिरहेछन् मानौं 'मानव रोबर्ट' भइरहेछन् । एकातिर जीवनलाई भौतिक, रसायन र गणित शास्त्रको बर्को ज्यादा ओढाइरहेछन् । सिर्जना बिर्सँदै गइरहेछन् र त उनीहरू प्रतिदिन आनन्दबाट टाढिइरहेछन् र दुःखबाट नजिकिइरहेछन् । ती हर दुःखीहरू आ-आफ्नै ध्याउन्नमा छन् । थुपार्नुमा व्यस्त छन् । बिकाउनुमा मस्त छन् । उँभो लाग्दै जाने गणितीय धर्साहरू नै तिनका दैनिकी बनेका छन् । सामाजिक संस्कारमा हिँड्न नसकेका, स्थानीय सिद्धान्त र परिपाटीलाई आत्मसात गर्न नसकेका, आफूलाई आफ्नै परिभाषामा समेत अनुवाद गर्न नसकिरहेकाहरू कसैको जीवनशैली नक्कल गरिरहेका छन् । त्यो पनि मौलिकतामा भन्दा सूत्रमा र टिकाउमा भन्दा बिकाउमा गतिशील भइरहेका छन् ।

आफ्नो जीवनशैली सूत्रात्मक बनाइयो । आफूमा ठूलाठूला सपना बोकाइयो । आफूलाई यथार्थ र निस्वार्थभन्दा निकै पर हिँडाइयो । फलतः भाँडिएका छन् बिपनाहरू । च्यातिएका छन् सपनाहरू । भुलिएका छन् कर्तव्यपथहरू तर पनि यी नयनभरि कति चाँडै 'अपलोड' हुन्छन्, कहिले नयाँ त कहिले पुरानै सपनाहरू ।

'मेरा सपनाहरू के-के हुन् ? ती कहाँ कहाँ छन् ? तिनलाई साकार पार्ने सूत्रहरू के के हुन् ?' लगायतका जिज्ञासाहरू यो मनले 'डाउनलोड' गर्न खोज्दै छ । 'डाउनलोड' गर्न खोज्दाखोज्दै जिन्दगीका पानाहरू रित्तिएझैं लाग्छ । किन रित्तिए भनी सोच्दासोच्दै जिन्दगीका सपनाहरू सकिएझैं लाग्छ ।

सपना साकार पार्न खोज्नु विपना नगिच पुग्नु हो तर मभित्रका कतिपय आत्माराम महानुभावलाई आफ्ना सपनाबारे थाहै रहेनछ। अनजानमै बोकिएका वा बोकाइएका सपनाहरू कति हल्का छन्, पत्तै रहेनछ । निश्चय पनि सहजै प्राप्त हुने ती सपनाहरू टिकाउ सूत्रबाट परै रहेछन्। जिज्ञासा जाग्छ 'किन परै रहेछन् हँ ?'

मनले भन्छ- 'आत्माराम ! जिन्दगीका पाइलाहरू सूत्रात्मक न्यून, सिर्जनात्मक अधिक हुनुपर्छ। अनुशासन सिर्जनशीलताको महत्त्वपूर्ण पाटो हो। सूत्रात्मक शैली केही आवश्यकता हो, बाध्यता होइन । जीवनशैली सूत्रको प्राथमिकताले खुम्चिन्छ। सिर्जनाको प्राथमिकताले फक्रिन्छ।' गणितीय दैनिकीले एक गाँस भात, एक धरो नाना तथा हावाहुरी र पानीबाट जोगिन छानाधारी एक वासभन्दा बढी के नै पाउँछ र ? यति हुँदाहुँदै पनि यदाकदा भेटिन्छन् जीवनलाई सृजनशैलीमा हिँडाइरहेकाहरू पनि। पूर्णिमाको जूनझैं लाग्छ तिनको जीवनशैली पनि। त्यसबारे केही चिन्तन गर्छु र निचोड निकाल्छु। आफूलाई प्राप्त ज्ञान र बुद्धि आत्मसात् गरेर आफ्नै विवेकले ठहऱ्याए बमोजिम अघि बढिरहेको जीवनशैली सिर्जनशील भइरहेको हुन्छ । यसका निम्ति आफूलाई मनदेखि तनसम्म समर्पित गरिरहेको हुन्छ । पवित्र, ताजा र निर्दोषपथमा हिँडाइरहेको हुन्छ । विधि र कर्म अनि भनाइ र गराइ पनि छन्दमय, कलामय र सिर्जनमय बनाइरहेको हुन्छ ।

सूत्रीय चिन्तन र संवादमा सिधै 'हो वा होइन ?' भनिन्छन्। यही कठोरताले आपसी सम्बन्ध चिसिन्छन्। तनावले पिल्सिन्छन्। पूर्वाग्रहले नाशिन्छन्। अर्कातिर यो पथ समाए पनि नहुने, त्यो पथ समाए पनि नहुने लगायतका कारण कतिपय जीवन सूत्रात्मक शैलीतिर ढल्किन्छन् । अन्ततोगत्वा सूत्र एक कठोरपथ हो, सिर्जनचाहिँ सरसपथ। सिर्जनमय अभ्यासले जीवनलाई अनुकूलतामा उभ्याउँछ अनि बाँच्न पनि सिकाउँछ। जीवन भन्नु रामलीला मात्र होइन, कृष्णलीला पनि हो। पतिव्रता मात्र होइन, पत्नीव्रता पनि हो। जीवन भन्नु वेपर्वाहका साथ गरिने अन्धोयात्रा मात्र होइन, फलप्राप्तिका लागि गरिने सङ्घर्षको यात्रा पनि हो। 'म' भन्नु 'अहम्' मात्र होइन, आकाङ्क्षाकारी मनलाई 'सन्तोषी' बनाउनु पनि हो । त्यही सन्तोषी मन हो जुन प्राप्त सानो फलमै पनि खुसी भई रमाउँछ। शुभलक्षणको सङ्केतमै पनि मीठो मुस्कान फिँजाउँछ । यसो हुनु पनि मनोसिर्जना त हो नि ! उँभोलाग्दो गणितीय रेखा भौतिक जीवनाको एक सूत्र हो तर आफ्नै बाँच्ने कला पनि एक सिर्जना त हो नि ! र त यो मनले पनि सम्झाइरहन्छ- 'आत्माराम ! हर दैनिकी तन्दुरूस्त बनाऊ। चुस्त, व्यस्त र मस्त बनाऊ। जीवनशैली सक्दो सिर्जनशील बनाऊ। '





छन्दहरू पहिले नै बने-बनाइए। तिनै छन्दमा पछिका कविताहरू लेखिए। छन्दहरू अघिल्लाकै भए पनि भाव पछिल्लाकै हुनुले मौलिक मानिए । सिर्जनात्मक साहित्यले नयाँ समाज निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ पनि भनिए । एकातिर प्रबन्ध एक सूत्रात्मक लेखन हो । आदिकालदेखिको एक निरन्तरता हो । निबन्ध एक रचनात्मक लेखन हो । प्राबन्धिक घेराबाहिरको विकास हो । अर्कातिर निसूत्र समाज सभ्यतातिर उन्मुख हुँदै जाँदा सूत्रबद्ध हुँदै गयो । निसूत्रता (सिर्जना) लाई फराक पार्ने क्रममा सूत्राताको विकास भयो । मौलिकतासमेत हराउने क्रम बढ्दै जाँदा सिर्जनात्मकतालाई खोजियो। कारण सूत्र सिद्धान्त हो, सिर्जना व्यवहार हो। सिद्धान्त र व्यवहार समान भएमा नै समाज सुन्दर हुने हो !

सूत्र भन्नु आधुनिक जीवनको सामान्य पक्ष हो । आफूलाई अरूभन्दा भिन्न देखाउनु सिर्जनशील पक्ष हो। सामान्य जीवनमा केको स्वाद ? कसैसित नभएको स्वाद पो आफ्नो स्वाद ! हर सिर्जनामा केही न केही फरकपना देखिएकै हुन्छन्। विविधताले रङ्गिएकै हुन्छन् तर एउटा कालखण्ड पार गरेका कतिपय भनाइले अर्को कालखण्डलाई नसमेट्ने पनि हुन्छन्। यदाकदा सिर्जनामा भाव र कलाको पुनरावृत्तिसमेत हुने गर्छन्। ढल्कँदो उमेरसँगै हुने यो प्रवृत्ति अस्वाभाविक होइन। प्रयासहीनताचाहिँ स्वाभाविक होइन।

हिजो कतै जाँदा कुनै दुर्बल, वृद्ध, रोगी यात्रुका पोका पन्तरा बोक्न आफू पनि सघाउँथें तर ममा नजानिँदो तवरमा मौलाउँदो सूत्रीय भावले, 'आफ्नो भारी आफै बोक !' भन्न थालेछ । निश्चय पनि 'जीवनमा आफ्ना लागि आफैले गर्नुपर्छ। आत्मनिर्भर बन्नुपर्छ !' भन्ने सन्देश निकै मननीय छ तर बाँकी पक्ष एकदमै शोचनीय छ। त्यस्तै मेरो 'म'ले भन्दै आएको, 'जोइपोइको झगडामा हात नहाल्नु' भन्ने उक्ति आज आएर 'बाह्य मुलुकको आन्तरिक मामिलामा हात नहाल्नु' मा विकसित भएको छ र अति-विकसित हुँदै जाँदाको क्रममा 'यो त मेरो व्यक्तिगत मामिला पो हो' मा बदलिएको छ। हेर्नोस् त ! जीवन सिर्जनात्मक भन्दा सूत्रात्मक हुँदै गएको छ।

जीवन प्राकृतिकबाट वैज्ञानिक र वैज्ञानिकबाट अति वैज्ञानिक पद्धतितिर लम्किएको छ। टिकाउबाट बिकाउ र बिकाउबाट अति बिकाउतिर लहसिएको छ। यसलाई सामाजिक पद्धतिको विकासक्रम मानिँदै आएको छ। हिजो सूत्रात्मक कर्ममा उत्साह लाग्थ्यो । आज ती कर्म हतोत्साहको स्रोतझैं लाग्छ यसर्थ पनि मेरा अधिकांश दैनिकी रुचिपूर्ण कर्ममा बित्ने गर्छ। यदाकदा सूचीकृत कर्ममा पनि ध्यान जाने गर्छ। मेरा कतिपय गतिविधि पनि लिखितम् र बकितम्बीचको दूरीझैं हुने गर्छ । देख्नु र सुन्नुमा, निदाएकोमा र ब्युँझेकोमा फरक परेझैं

सूत्रमय र सिर्जनमय दैनिकीमा पनि अन्तर हुने गर्छ तर पनि एउटा निचोड हो- विवेकपूर्ण छनौट गरिएको जीवनशैली सार्थक हुने गर्छ ।

'आत्माराम ! खै तिम्रो काल्पनिकिता ? खै अभिव्यक्तिमा मौलिकता ? आफ्नै भाव, भाषा र शैली नभए कसरी मौलिक सर्जक ? भाषामा मिठास दिनुपर्छ । शैली आकर्षक हुनुपर्छ । मामुली कुरो पनि कलात्मक होओस् । संवेदनशील प्रसङ्ग पनि आकाशझैं खुल्ला होओस् । हृदयपक्ष खोलाको पानीझैं निर्मल होओस् । मस्तिष्क पक्ष नदी झैं सुसाओस् । हर दृष्टिकोणमा राखिने समानुपातिकताले सुनमा सुगन्ध थपियोस् । संस्कृति र आधुनिकता, अध्यात्म र विज्ञान तथा सूत्र र सिर्जना लगायतका प्रसङ्ग सक्दो सन्तुलित होओस् । भरसक नुनिलो र गुलियोको मात्रा एकदमै मिलेको होओस् ।'

मानिस सिर्जनशील प्राणी हो । प्रश्नको सिर्जना गरिरहन्छ । उत्तरको खोजीमा घोत्लिरहन्छ । मस्तिष्क खियाइरहन्छ । तर्कका एक एक रौंलाई चिराचिरा पारिरहन्छ । यसैमा चिन्तन सुख र आनन्द मानिरहेको हुन्छ । निश्चय पनि जीवन प्रतिदिन सूत्रात्मक हुँदै जानु विकासक्रमको पक्ष हो तर सिर्जनशीलता हराउँदै जानु दुखद पक्ष हो । हाम्रा अधिकांश इन्द्रियहरू सूत्रात्मक हुन् । हृदय र मस्तिष्कचाहिँ रचनात्मक । मस्तिष्कपक्ष केही कसिलो र साह्रो, हृदयपक्ष केही रसिलो र दह्रो । पढ, परीक्षामा उत्तीर्ण होऊ । जागिर खाऊ, घरव्यवहार चलाऊ । क्रमशः उच्च तहमा पुग । 'अवकाशपछिको यात्रा कसरी गर्ने ?' बारे उत्तरको खोजी गर । अवकाश पाएको दिन खुसी भई रमाऊ । बाँकी जीवनलाई सामाजिक कार्यमा डोऱ्याऊ र आफू समर्पित कर्मप्रति सधैं उत्साहित होऊ ।'

म आफैलाई हेर्छु- एकसाथ दुईवटा जीवन पनि बाँचिँदो रहेछ । आफ्नो भित्री र बाहिरी स्वरूपमा पनि हिँडिदो रहेछ । भित्री म भई बाँच्दा सिर्जनात्मक होइने । बाहिर म भई बाँच्दा सूत्रात्मक होइने । औपचारिक बोली एकदमै चिप्लो, व्यवहार भने खस्रो । अनौपचारिक हाँसो कति मीठो, व्यवहार पनि नरम । त्यसैले त उन्मुक्त भई खुलेर कुरा गर्दाको आत्माराम कति सुन्दर देखिने गर्छ र त्यो देख्दा यो मन एकदमै रमाउने गर्छ किनकि सिर्जना सधैं सूत्रभन्दा माथि हुने गर्छ ।

atma55ram@gmail.com

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher.com/





# हामी के कम !

**उत्तमकृष्ण मजगैयाँ**

पुस्तकमा, पत्रपत्रिकामा, भाषणमा, वार्तामा, श्रव्यदृष्यमा निकै लेखिने, सुनिने, देखिने गरिन्छ नारी शोषणका कुरा ! मलाई खिलखिलाएर हाँस्न मन लाग्छ । कति असत्य सम्भाषण ! वास्तवमा हाम्रो त्यति शोषण भएकै छैन जति पुरुषहरू शोषित र प्रताडित छन् हामीहरूबाट । हामीले चाहेमा चार दिनमै चट पारिदिन सक्छौं उनका सम्पूर्ण सम्पत्ति । चल सम्पत्ति मात्र होइन अचल पनि । चञ्चलाले एक चुट्कीमै चलायमान बनाउन सक्छे । हामी बिहे गरेर आएकै दिन उनको सम्पत्तिमा सामाजिक एवम् कानुनी रूपमा हाम्रो आधा हक कायम भइहाल्छ । हाम्रो सिउँदोमा हालिएको सिन्दुरको रेखा आधा सम्पत्ति छुट्याइएको सङ्केत चिन्ह नै त हो नि !

नुन चर्को भयो, अलिनो भयो जस्ता कुराको समेत आलोचना गर्छौ तिमीहरू तर त्यतिमै सन्तोष गर, अन्यथा हामीले चाहेमा नुनको पूरै भाँडो घोप्ट्याइदिन सक्छौं तिम्रो खानेकुरामा । यति मात्रै किन ? तिमीले कपाकप खाँदा र घटघट पिउँदा त्यस खाद्यवस्तुमा हामीले जुनसुकै अखाद्य पनि मिसाइदिएका हुन सक्छौं । त्यो सङ्खिया पनि हुन सक्छ अथवा मुसामार, उडुसमार, झिँगामार जे भए पनि सजिलै तिम्रो बेडा पार लाउन सकिन्छ । चारैतिर असुरक्षा बढिरहेकै बेला आफै सिध्याएर- 'चोरले काट्यो, अथवा डाँका, आतङ्ककारीले लुट्यो भुट्यो' भनेर आधाराती हारगुहार मागे कसले पत्याउँदैन ? ठूलो शक्ति हुन्छ नारीको आँसुमा ! अनुहारको कमनीयता, सौन्दर्य र मादकताका साथै नारीशुलभ अश्रुवर्षा र अभिनय क्षमताकै बलमा हामी सबैका आँखामा चोखो, निष्कलङ्क र विश्वसनीय बन्न सक्छौं ।

तिम्रो अस्थिर स्वभाव र अल्लारेपनले गर्दा हामीलाई आफ्नो सुरक्षित भविष्यको, अस्तित्व र सम्मानको सधैं चिन्ता रहिरहन्छ । तिमीले आफूलाई मर्द साबित गर्न हामीमाथि नानाथरीका बन्धन लगाउँदै आफ्नो हैकम देखाइरहेका हुन्छौ तर -

'तिमी आफू मर्द रे ! हामी कसरी नामर्द ?
तिमी भुत्ते खुकुरी बरु हामी धारिलो कर्द !
हाम्रा लागि तिमी सधैं भारी बोक्ने गधा
तिम्रो बलियो पिठ्युँमाथि सवार हामी सदा ।'

वास्तवमा नेपालकै गाउँका खेतबारीमा, कलकारखानामा होस् अथवा कतार, कुबैत जस्ता खाडी क्षेत्रको उखर्माउलो गर्मीमा होस्, तिमीहरू हाम्रै लागि भेडा चराउँछौ, बङ्गुर पाल्छौ र कलकारखानाहरूमा आफ्ना हातखुट्टा कटाउँछौ। हामीले चाह्यौं भने हामीलाई सुम्सुम्याउने हात र माया गर्ने साथको यहाँ कुनै कमी हुँदैन। तिमीहरू रेमिटान्स पठाउँदै गर्छौ, हामी त्यसकै बलले रोमान्सको चान्स खोज्दै हिँड्न स्वतन्त्र छौं। तिम्रा बूढा बाबुआमा गाउँमै डल्लिएर स्याँ स्याँ गर्दै खोक्दै बसेका हुन्छन्, हामी भने छोराछोरी पढाउने बहानामा शहरमा हुन्छौं, पूरै स्वतन्त्र ! केही प्रतिशत रजिष्ट्रेशन शुल्क बचाउने लोभमा तिमीहरू हाम्रै नाउँमा पेवा भन्दै घर-घडेरी र जग्गा पास गरिदिन्छौ तर हामी कुनै जोसिलो, रसिलो नवयुवक खोजेर उसैसित पखेटा फटफटाएर उडिदियौं भने तिम्रो के लाग्छ ? तिम्रो कुनै जोर-बल चल्न सक्छ हामीसित ? तिमीहरू आफूलाई मर्द ठानेर हामीमाथि शासन गर्ने दुस्साहस गरिरहेका हुन्छौ तर हामी एक चुट्कीमै तिमीहरूलाई नामर्द साबित गरेर हुर्मत लिन सक्ने हैसियत राख्छौं। कसैले लेखेको निम्न पङ्क्ति पढ्यौ भने त झन् तिम्रो होस नै गुम्ला कि ?

'शहरमा के हुन्छ गामलाई के थाहा ?
गाममा के हुन्छ आमलाई के थाहा ?
आधुनिक सीताहरू घरमै रावण बोलाउँछन्
परदेश गएका बिचरा रामलाई के थाहा ?'

तिमीहरू नै नाच्छौ बरु हाम्रो इसारामा ! तिमीहरू नै बाँच्छौ बरु हाम्रो दयामा ! तिम्रो मान-सम्मान, हैसियत, न्यूनाधिक तिम्रो जिन्दगी नै हाम्रो मुठीभित्र कैद छ।

'नर आफै कहाँ नाचे ? नारीद्वारा नचाइए
जति छन् वाद्य यी हाम्रै इसाराले बजाइए
लाहुरे वा हली बन्दै नारी-देह सजाइए
बरु पुरुष नै हाम्रा दासजस्तै कजाइए।'

ऋषिमुनिहरू, राजामहाराजाहरू एवम् मै हुँ भन्ने प्रायः धेरैले हाम्रो रूप र नयनबाणको मर्मान्तक चोट सहन गर्न नसकेर नियन्त्रण गुमाउँछन् र शकुन्तलाहरूले जन्म लिन पुग्छन्।

खुँखार दादा, गुण्डा-मवाली, डन अरूका लागि होलान् तर हाम्रा लागि भने पूरै अव्यवहारिक, काँतर र डरछेरूवा नै ठहर्छन्। पुरुष त यतिसम्म निरीह र भिखारी जस्तै हुन्छन् कि झुकेर खुशामद गर्दै नारीसँग प्रेम माग्छन्। तिमी हामीलाई सती सावित्री सम्झिन बाध्य छौ तर जागिरमा वा अन्य काममा बाहिर कतै गएका बेला हामी पूरै स्वतन्त्र हुन्छौं 'इलु इलु' गर्न। कसरी रोक्न सक्छौ





तिमी ? नारीद्वारा शौचसरि फ्याँकिएका पुरुष तिमी ! आफूलाई हाम्रो सतित्वको रक्षक वा हाम्रो अस्मिताको ठेकेदार ठान्ने भ्रममा बाँच्न कति विवश छौ ? लोग्नेले सानो छोरालाई काखमा खेलाउँदै, म्वाइँ खाँदै 'मेरो प्यारो छोरा !' भनेर हर्ष प्रकट गर्छ तर यो सुनेर उसकी स्वास्नी मुसुक्क हाँस्छे र आफ्नो छँडुलोलाई सम्झन्छे, छेकबार छ र कुनै ? अन्यथा 'छोराछोरीको बाबुलाई आमाले मात्र चिनेकी हुन्छे' भन्ने उखान किन पो चल्थ्यो र समाजमा ?

इमानदारी, सच्चरित्रता र धर्मको बन्धन मनु-पुर्खा किम्बा पुरुषले हाम्रै लागि मात्र बनाएका हुन् त ? झुमा, देउकी-देउचेली (देवदासी), छाउपडी, विधवाप्रथा वा हिजोका दिनमा रहेको सतीप्रथासमेत सबै हामी स्त्रीहरूकै लागि मात्र निर्धारित बाध्यात्मक कर्म हुन् ? प्रत्येक युगमा जानकीले नै आफ्नो सतित्वको प्रमाण दिन भस्मीभूत हुनैपर्ने ? आफन्तीद्वारा नै दिल्ली, बम्बै, अरब लगेर बेचिनुपर्ने नियति पनि हाम्रै ? बुर्का र घुम्टोको तारबार वा तलाकको तरबार पनि हाम्रै गर्धनमाथि ? ज्ञान-विज्ञान र आधुनिक शिक्षा प्राप्त गर्नबाट वञ्चित, घर रूपी जेलभित्र रहेर बिहानदेखि बेलुकासम्म 'पति' नामधारी जेलर र उसको परिवारका सदस्यका लागि मीठो, चोखो खाना बनाउने ध्याउन्न, सरसफाई एवम् बच्चाबच्ची र निरन्तर खोक्दै दमको खकार थुक्दै गर्ने सासू-ससुरा नामधारी जर्जर बूढा-बूढीहरूको स्याहार सुसारमा निरन्तर खटिइरहनुपर्ने ? यति गर्दा पनि मान-सम्मान नपाइने ? अझ सासूबाट भुत्ल्याइमाग्नु र जङ्याँहा पोइको लात र घुस्साले शरीर थिलोथिलो पारिनुपर्ने हाम्रो नियति ? हाम्रो संहारका लागि आफै पड्किने गर्छन् स्टोभ र ग्यासका सिलिन्डर पनि। बोक्सी, डाइनी, कुलटाको मिथ्या आरोप लगाएर मरणासन्न हुने गरी कुटपिट गर्दै विष्टासमेत खुवाइने हामीलाई नै ? घरको काम धन्धामा यन्त्रचालितझैं लागिरहनु बाहेक बाहिरको खुला संसार हेर्नै नहुने हामीले ? एकनिष्ठ बनेर हामी भने- 'तिमी नै प्यारो राम मेरो ! तिमी नै हौ घनश्याम मेरो !' भन्दै तिम्रै नामको माला जिन्दगीभर जपिराख्नुपर्ने ? तर इन्द्रसभामा उर्वशी, मेनका, रम्भा, तिलोत्तमाजस्ता सुन्दरीहरू कति हुन् कति ! राजा-महाराजा, नवाव र शेखहरूका हरम विभिन्न जातिका सुन्दरीहरूले पूरै टन्न ! एकनिष्ठ र सतीसाध्वी रहनैपर्ने जिम्मा हामीलाई मात्र दिएर तिमीहरू भने आफ्नो रसिकता गल्ली-टोल देखाउँदै गल्किँदै-ढल्किँदै हिँड्न स्वतन्त्र भएको दम्भ पालेर बसेका छौ। बाटोमा, पार्कमा, सभामा, स्कुल-कलेजमा जता पनि सुन्दर युवती देख्यो कि तिम्रो र्‍याल टपक्कै चुहिन्छ, अनुहारमा अनौठो चमक आउँछ र मनभित्र रसिला लड्डु फुट्न थाल्छन् भने जवान र खाइलाग्दो सुन्दर युवक देखेर हाम्रो हृदयका तार सप्तस्वरमा झङ्कृत भएर हाम्रो मनमयूर पनि नाच्न थालेको हुँदैन र ? तिमी निर्लज्ज भएर निलुँला, खाउँलाझैं गरी सोझै क्वारक्वार्ती हेर्छौ भने

हामी चोर आँखाले वा छड्के नजरले हेर्दै आनन्दित हुने गर्छौं भन्दा तिम्रा छातीमा एक दर्जनजति विषालु साँप तेर्छिएलान् कि ? तिमी खुलेरै 'वाह !' भनिरहेका हुन्छौ भने हामी पनि शरीर, मन र आँखाले 'आहा !' भन्न सक्छौं । मन यौटै हो, भाव पनि यौटै हो । यो नारी-मनोविज्ञान तिमी बुझ्दैनौ वा बुझेर पनि बुझ पचाउन कति विवश छौ !

हामीले आफ्नो शरीरमा बेर्नुपर्ने बाह्रहाते धोती, सारी होस् वा कैदीको नेल-हत्कडीझैं भिर्नैपर्ने बाला, कडा, चुरा, पाउजू, कल्ली र नाक-कान छेँडेर लाइने तथा अन्य गहनाको भारी होस्- यी हाम्रा रहर होइनन् । दुई तीन हाते चुल्ठो र अनुहारभरि पोतिने रङ्गरोगन पनि हाम्रो चाहना होइन । तिमीहरूले आफ्नो अहं तुष्टिका लागि हामीलाई बलजफ्ती सोकेशमा सजाइएका गुडिया जस्तै बनाएर आफ्नो घररूपी जेलखानामा थुनिदिएका हौ । तिमीहरुले हाम्रो मन र सपनाका सुन्दर पखेटा काटिदिएर बाहिरको खुला आकाशमा मुक्त उड्नै नसक्ने गरी कुँजी बनाएर छोडिदिएका हौ तर नर-नारी समान हुन् भन्दै मञ्चहरूमा आफ्ना भाषणबाट आदर्श छाँटिरहेका हुन्छौ ।

के तिमीहरू अझैं पनि हामीलाई उही पुरानै दासयुगमा फर्काउने सपना देखिरहेका छौ ? तर हामीहरू प्रचण्ड आत्मविश्वासका साथ तिमीहरूलाई लोप्पा ख्वाउँदै अगाडि, अझ अगाडि बढिरहेका छौं । नारीका यी अग्रगामी कदम अब कुनै रूपमा पनि पछाडि फर्कने छैनन् भन्ने हेक्का राख्नू ! यति हुँदाहुँदै पनि समानस्तरमा सह-अस्तित्व स्वीकार गर्दै सच्चा साथित्व निर्वाह गर्ने लालसा र हौसला यदि तिमी पुरूषहरूको छ भने यस्तो पवित्र भावको रक्षाका लागि मरिमेट्ने सामर्थ्य पनि छ हामीसँग ! तर प्रेमको आवरणमा हाम्रो मानमर्दन गरिने दासत्वको बन्धन अब हामीलाई किमार्थ स्वीकार्य छैन । जय नारी स्वतन्त्रता !

**

तपाईंले हाम्रो
साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण आदिको लागि
फेसबुक तथा युटुबमा
Khabari Nepal
हेर्नुभएको छ त ?





# दुवै एक अर्काका ईश्वर

**खगेन्द्र खोल्साघरे**

बेलुकी पहर अस्त मानिरहँदा बिहानी जन्म बेला हो । मानिसहरू बिहानीको यात्रामा निस्किन्छन् जतिबेला बिहानी उषाले आफ्नो घुम्टो राम्ररी उघारी सकेकी हुन्नन् । एक दिनको बिहानीको आफ्नै मनको यात्रामा मन र मन मनभित्रको आत्मा सँगसँगै यात्रा जुऱ्यो । आकाशबाट गड्याङगुडुङ ठूलो आवाज निस्किँदै बिजुली चम्किन थालेपछि उषाको उघारिँदै गरेको घुम्टो फेरि छोपिएर आयो र चारैतिर अँध्यारो छायो र पानी बर्सिन थाल्यो । यात्रा बाटोमै पर्ने एउटा घरको पेटीमा रोकियो । यसै रोकाइमा एक किसिमको दोधारमै मनले मनमनै आत्मासँग प्रश्न गऱ्यो र मनले आत्मासँग प्रश्नको उत्तर खोज्न थाल्यो । प्रश्न र उत्तर प्रकृतिको बीचमै खोज्न थालें । शरीर प्रकृति, मन प्रकृति, आत्मा प्रकृति हुँदाहुँदै पनि यो मन विषयमा प्रज्ञा हुन सकेको छैन कारण मनमनै मन भित्रभित्र आत्मासँग जङ्गिन थाल्छ र फेरि शान्त हुँदै अविभावक खोज्दा मन बुद्धि र विवेकभन्दा पनि ठूलो अविभावक आत्मालाई मान्दै मनले आत्मासँग प्रश्न तेर्स्याउन थाल्यो र भन्न थाल्यो ल ! उज्यालो भई नै सकेको थियो अहिलै झन् अँध्यारो पो भयो त ! के जून घामभन्दा पनि बलियो मेघ हो र ?

फेरि अँध्यारो छायो त ? लगातार वर्षा पनि बढिरहेको छ ? यसको उत्तरमा आत्माले मनलाई भन्न थाल्यो हो त मेघलाई कम सोचेर हुन्छ त ? मेघले चाह्यो भने यो संसारलाई खरानी पार्न पनि सक्छ, जलामय पनि पार्न सक्छ । मेघ पनि प्रकृति नै हो प्रकृति भित्रकै प्रकृति-ईश्वर । कसरी र कसरी ? मनले आत्मासँग प्रश्न दोहोऱ्याउँछ र आत्माले भन्छ 'मेघ त ईश्वर हो बनाउँछ पनि बिगार्छ पनि ।' मनले अचम्म मान्दै भन्छ मेघ कसरी ईश्वर हुन सक्छ ? होइन हुनै सक्तैन, मेरा मनले विश्वास गर्दैन भने कसरी आत्माको कुरा मानौं । मैले गुरु मानेर नै आत्मासँग सोधिराखेको छु, बादललाई ईश्वर भनेर म रनभुल्लमा किन बसौं ? म त मान्छे हुँ । मन मान्छेकै मन हो । आत्माले भन्छ 'होइन होइन मैले त्यो भनेकै होइन प्रकृति-ईश्वर र मान्छे-प्रकृति दुवै एक अर्काका ईश्वर नै हुन् भनेको मात्र हो ।

अब यो त झन् अति अहं नै भयो मान्छे कसरी ईश्वर ? मान्छेको के क्षमता छ र ईश्वर हुनु ? आत्माले भन्छ 'हो क्षमता ईश्वरसँग छ र क्षमता मानिस

लगायत सबै प्राणी र वनस्पति जगत्सँग पनि छ। सबैको एकआपसी क्षमताबाट दुवैको क्षमता उचालिएको छ बाँचेको छ बुझ्नुपर्छ। यो नबुझी केही पनि बुझिन्न। अब बुझौं सिङ्गो प्रकृतिका विभिन्न बीजहरूमध्ये मानिस एक दरिलो र क्रियाशील बीज हो। मानिस बीजले फेरि मानिस बीज नै उत्पादन गर्छ। बीजकै निरन्तरतामा प्रकृतिसँगको सहकार्यमा प्रकृतिको निरन्तरता कायम गराउन सहयोग गर्छ। मानिसले बाह्य प्राकृतिक वस्तुलाई आफ्नै अनुकूलतामा बिगार्न सपार्न सक्छ। यो भनिरहँदा खराब नियतले होइन, अनुशासनमा बसेर नै फूलैफूलको बगैंचा निर्माण गरेर बाह्रैमास फूल फुलाउन सक्छ। मानिस त्यसमा आनन्दको स्वर्ग बनाएर बस्न सक्छ। स्वर्गलाई कायम राख्ने प्रकृतिलाई बचाउन सक्छ।

त्यसो भए यो संसार मासिले नै निर्माण गरेको हो त ?

कहाँ हुनु होइन। संसार त ईश्वरले नै निर्माण गरेको हो र मानिस लगायत सम्पूर्ण प्राणी वनस्पति जगत्ले ईश्वरलाई सघाएका मात्र हुन्। मनले मनमनै भन्छ- होइन जाबो मान्छेसँग केको क्षमता ? कहाँको राम राजा कहाँ गने भँडारी ? ईश्वरलाई सघाउने रे ! हैन के भन्दै कतातिर पङ्खा घुमाउँदै हो आत्मा-गुरुदेव ! आत्माले भन्छ होइन होइन म किन घुमाउनु ? प्रकृतिले घुमाउने विषय प्रकृति प्रदत्त मानिस वा कसैले घुमाउँदैमा घुम्छ र ? तर बुझ्नुपर्छ यहाँ मान्छेले मान्छे उमारिरहेको छ। कुनै पनि जीवले जीव नै उमारिरहेको छ। वनस्पतिमा पनि धानबाट धान र मकैबाट मकै अनि विभिन्न बोटविरूवाहरूले आफूजस्तै बोट विरूवा उमारिरहेका छन्। जीव परिवृत्ति पद्धतिबाट ईश्वरलाई सघाइरहेका छन्, त्यसैले यी पनि ईश्वरका ईश्वर हुन् र यी सबैका ईश्वर पनि उनै ईश्वर हुन्।

विनाकर्म ईश्वरको दर्शन पाइँदैन। सबैका हात हातैमा ईश्वर नाचिरहेका हुन्छन्, हाँसिरहेका हुन्छन्। अग्रज कविहरूका रचनाभित्र पनि 'कराग्रे वसते लक्ष्मी करमध्ये सरस्वती। करमूले स्थितो ब्रह्मा प्रभातेकरदर्शनम्:' भनेर हातमा लक्ष्मी, मध्य भागमा सरस्वती र मूल भागमा ब्रह्मा कर्मद्वारा नै संसार चलेको कुरा अग्रजहरूले बताइसकेका छन्। हावा पानी र आगो मुख्य त्रिशक्तिबाट ब्रह्माण्ड सञ्चालित छ। मेघ पनि आगो, पानी र वायुको संयुक्त शक्ति हो। मेघले सिङ्गो महासागरको पानीलाई हिमालको उच्च्व चुचुरो र उच्च्व चुचुराको पानीलाई फेरि महासारमा पुऱ्याउने काम गरिरहेछ। त्यसैले मेघ पनि ईश्वर हो एक ज्युँदो शक्ति हो।

मन आत्मालाई भन्छ- मेघ मात्र एक्लो शक्ति त होइन रहेछ नि ! यो त पञ्चतत्त्वको एउटा बल मात्र हो। मान्छेले मानेको ईश्वर पनि विभिन्न शक्तिहरूको संयुक्त बलको सिङ्गो आयतनलाई एउटा प्रतीकको रूपमा लिइएको मात्र त हो नि हामीले। एक्लैमा कसैबाट केही हुँदैन। एक्लै कतै कसैले छोरा-





छोरी पाएको छ र ? प्रकृति र पुरुष त चाहिन्छ नि ! मान्छे वा समस्त जगत्का प्राणी र वनस्पति सबैमा प्रकृति पुरुषको अंश प्रजनन गराउने प्रत्यक्ष कर्म गराउनमा प्रकृतिको आफ्नै चक्र छ। प्रत्येक प्राणी वा वनस्पति सबैले त्यसैको अनुसरण गरिरहेका हुन्छन्। त्यसैले हाँसबाट हाँस र कुखुराबाट कुखुरा नै जन्मिन्छ। त्यसैले समस्त प्राणी वा वनस्पतिले ईश्वरलाई सहयोग गरेका छन्। प्रकृति मासियो भने ईश्वर मासिन्छ र ईश्वर मासियो भने प्रकृति पनि मासिन्छ त ? मन फेरि रनभुल्ल हुँदै भन्छ- कता ईश्वर, कता प्रकृति ? यता न उता अक्क न बक्क हुँदै हराउन लाग्दा हतार हतार आत्मा अगाडि सर्छ र भन्छ- कतै हराउनै पर्दैन लौ प्रकृतिकै एउटा रूप खोलाको पानी सुकेर गयो भने खोलानाला भीरपाखा सबै सुख्खा हुँदै जान्छन्। विभिन्न ठाउँबाट बोट विरूवाका जराले तानेर संरक्षण गरेको पानी सुक्दै गएपछि खोलानालामा आउने पानीका मुहान सुक्छ अनि भीरपाखाहरू पनि भत्किन थाल्छन्। खोलो निर्जीव बगर मात्र हुन्छ। पानीको प्राकृतिक अस्तित्वले ठाउँ छाडेपछि स्वतः ईश्वरको क्षय हुन्छ।

झन् कठिन भयो मनलाई र मनले मनमनै सोच्यो प्रकृति पनि ईश्वर ! रूख, खोला पनि ईश्वर ? यो कसरी हुन्छ भन्दै मनले दिमाग लगाउँदै आत्मासँग झ्वाँकिन लाग्दाका समयमा आत्माले मनलाई सम्झाउन थाल्यो गुदी कुरो थाहा हुनुपर्छ ईश्वरको विराट् स्वरूपको। ईश्वरको विराट् शक्तिभित्र अथाह कुरा विषयहरू छन्। मान्छेले देखेकै कुरा आगोबाट भात पाक्छ। जाडोमा आगो ताप्न मिल्छ तर यो आगोको असली रूप होइन असली रूप न त बिजुली बत्ती नै हो। आगो त संसार नै हो। संसार आगोबाट नै हाँकिएको छ। उज्यालो संसारको मूल स्रोत पञ्चतत्त्वको प्रखर शक्ति आगाको भुङ्ग्रो हो। प्रकृतिको जीव, वनस्पति जगत्लाई बचाउने राँको भनेको सूर्य हो। जसले संसारलाई चलायमान बनाइरहन्छ।

सूर्यलाई यो शक्तिमा बालिराख्ने पञ्च शक्तिमध्ये आगो, पानी, वायु आदि त्रिशक्तिले धानेको हुन्छ। यसलाई त्रिदेव वा त्रिदेवको समूह भन्न सकिन्छ। हावा, पानी र आगो आदि त्रिशक्तिको दलबल ईश्वर हो र अग्नि प्रज्वलित सूर्य नै महादेव हुन्। ईश्वरीय बललाई संरक्षण संवर्द्धन गर्ने आधारशिला हुन्। पृथ्वी र आकाशसमेत जोडेर चलाखीपूर्ण पुर्खाहरूले पञ्चायनको पूजा गर्न थालेका होलान्। त्रिशक्तिको सिङ्गो बल अथाह छ र यही बल नै ईश्वरीय सत्ता हो।। त्रिशक्तिको त्यही बलबाट नै यो सत्ता सञ्चालन भइरहेको छ र भइरहनेछ। फेरि मनले मनसँग नै कुरा गर्छ र आत्मालाई भन्छ- तब त ईश्वर खै त ? ईश्वर कहाँ छ ? के हो त ईश्वर ? आत्मा उचालिँदै उत्तर दिन लाग्दछ- ईश्वर त सबैका अगाडि छ। ईश्वर भनेको आड हो भरोसा हो, आड र भरोसाको आडमै

उब्जिएको आशालाई आस्थामा परिणत गरी मानिएको कुनै पनि प्रतीकलाई ईश्वरका नाममा पूजा गरेको न हो मान्छेले ? प्रकृति नै ईश्वर हो। पञ्चतत्त्वभन्दा भिन्न ईश्वर कसले देखेको छ हँ ? सूर्य चन्द्र पनि एकअर्काका परिपूरक नै हुन् तातो, चिसो हुनु, बल्नु, बाल्नु, उज्यालो-अँध्यारो हुनु आदि शक्तिकै परावर्तन न हो ? पञ्चतत्त्वको संयुक्त बल नै वास्तविक ईश्वर हो।

मान्छे लगायत सम्पूर्ण प्राणी ईश्वर तत्त्वमा बसेका छन्, ईश्वरलाई ओडेका छन् र ईश्वरबाट नै संरक्षित छन् जो पृथ्वी र आकाशले गाँस बास र कपासको काम गरेका हुन्छन् भने आगो पानी र हावाको एकत्त्व शक्तिले जन्माउने र हुर्काउने निरन्तरताको काम गरेको हुन्छ। यी सम्पूर्ण पञ्चतत्त्वकै प्राकृतिक बलबाट यो संसारको संरचना तयार भई यसमै निरन्तर सञ्चालन भइरहेको छ। यसरी सम्पूर्ण प्रकृति जगत्को बल जम्मा गरेर बलियो शक्तिको रूपमा बलेको सूर्य नै बलवान् ईश्वर वा शक्तिको आरन हो भने सम्पूर्ण जीव, वनस्पति आदि आरनका कोइला हुन्। कोइला पनि निभ्नुहुँदैन। कोइला बन्न छाडेर झर्झराउँदो भुङ्ग्रो रहेन भने संसार हाँक्ने सूर्य, चन्द्रमा रहेको ज्योति बल्न सक्तैन। त्यसपछि संसारको अस्तित्वमा निरन्तरता नरही पञ्चतत्त्वको अस्तित्व समाप्त हुनतिर लाग्दछ तसर्थ सर्वशक्तिमान् प्रकृति हो र मान्छे पनि त्यो प्रकृति भित्रै पर्दछ।

प्रकृतिको बल कत्ति छ यसको लेखाजोखा गर्ने कसैको साहस छैन। प्रकृतिकै बलको तौल बराबर मानिसको तौल नभए पनि प्रकृतिलाई पनि सकेसम्म आफ्ना काबुमा राख्ने प्रयासमा पछाडि हट्दैन मानिस। मानिस प्रकृतिलगायत प्रकृति प्रदत्त प्राणीलाई काममा जोताएर आफू आराम, आनन्द, स्वर्गादि भोग्न पछि परेको छैन, मानिसलाई यत्तिले नपुगेर प्रकृतिले प्रकृतिमाथि नै राज गरेजस्तै मानिस पनि मानिसमाथि नै राज्य गरिराखेको छ। यो सबै ज्ञान प्रकृति गुरुबाट नै प्राप्त गरी कार्यान्वयनमा उतार्न सकेको छ मनिसल मात्रले। त्यसैले मानिस भित्रबाटै देवताको पदवी पाउने पनि मानिस नै रहेको छ। मनले रन्थनिनुपर्दैन मानिस पनि देवता ? भनेर। हो देवता नै मानिस पनि हो असल कर्म गर्ने असल पथप्रदर्शक, असल सक्षम गुरु, असल बाबुआमा, असल पुत्रपुत्री पनि देवता हुन सक्छन्। यसपछि हे मन ! तिमी धर्ममा पस्दा धर्म के हो ? भन्दा- धर्म भनेको असल कर्म धारण गर्नु मात्र हो। दिगो जिम्मेवारीप्रतिको दायित्वबोध मात्र नभएर निरन्तर कार्यान्वयन हो जो प्रकृतिले मात्र आफ्नो धर्मप्रतिको दायित्व निभाउन सकको छ, अनुशासनमा बस्न सकेको छ। मानिस आफ्ना मनगढन्ते काल्पनिक सोच र केही समुदायको स्वार्थलाई धर्म भनेर पूजाआजा, यज्ञयज्ञादि, होमहोमादि दानदानादिमा मात्रै चित्त बुझाएर मैले धर्म गरेको छु भनेर ढुक्क





भएको छ। जीव कल्याणका विषयमा एक रौं पनि सोच्न भ्याएको छैन। धर्म भनेको सिङ्गो प्रकृतिलगायत प्राणीमात्रको कल्याण, भलाई गर्नु वा सेवा गर्नु नै धर्म हो, असल कर्म हो, असल दान हो। खान नपाएकोलाई खाना दिन सक्नु महादान हो। अप्ठ्यारोमा परेको कुनै पनि जीव वा मानिसलाई त्यो ठाउँबाट निकालेर सजिलोमा उड्न-हिँड्न सक्ने बनाउनु ठूलो धर्म हो। मान्छेले मानेका संस्कार हिन्दु, ईसाई, बौद्ध, मुस्लिम, जैन भित्रभित्र वाद, गुट उपगुटजस्तै सनातनी, आर्य-क्याथलिक, प्रोटेस्टेटन, महायाना, हिनायाना, शिया, सुन्नी, दिगम्बरी, स्वेताम्बरी आदि आदि भनेर एक आपसी अंशबण्डा गरेका छन्। एउटा प्रकृतिका मानिस एउटै मात्र प्राकृतिक धर्म चलिरहेको ठाउँमा नानाभाँती गर्दै धर्मको बखान गर्न लागिपरेको मानिसले अर्कोलाई ढाँटें भनेर आफूले आफैँलाई ढाँट बनाएर अधर्म गरिरहेको छ। धर्मको सही अर्थ सर्वसाधारणमा ज्ञान नगराइएको कारण सर्वसाधारणले बुझ्नु आवश्यक छ। हो असल कर्म गर्नु असल धर्म हो। हो मान्छेले प्रकृतिमा भएका सम्पूर्ण प्राणी मात्रको हित गर्न सक्यो वा अहित गर्ने काम मात्र नगर्न सक्यो भने धर्मको प्रथम सिँढीमा पाइला हालेको ठान्नुपर्छ।

धर्मभित्रै वादप्रतिवाद अर्थात् अध्यात्मवाद र भौतिकवाद। आस्तिक र नास्तिक यी सारा वर्गहरू भनेका घना वनभित्र उम्रिने ससाना बोटविरूवाहरूलाई सेपमा राखेर अग्लो भएका बोटझैं मानिसले सर्वसाधारण मानिसलाई प्रकृतिभित्रै भएका विषयलाई तोडमोड गरी अरूलाई लठ्याएर, कज्याएर आफू भिन्नै अग्लो सिंहासनमा बस्न खोजेका हुँदा यहाँ विभिन्न रूपका नाममा पद, वर्ग वा वाद थपिएका हुन्। अनुयायीहरूको कमी कसैलाई पनि हुँदैन भन्ने कुरा आजका दल विभाजन र दल पछ्याउने अनुयायी हेर्दा स्पष्ट हुन्छ। आध्यात्मिक होस् कि भौतिक, आस्तिक होस् कि नास्तिक होस् सबैको आड भरोसा प्रकृति हो त्यसैले प्रकृति नै ईश्वर हो।

त्यो आड भरोसा ईश्वरले एकलाई दिने अर्कोलाई नदिने त होइन नि ! प्रकृतिका लागि सबै बराबरी सन्तान भएका कारण सबैलाई आशा हुन्छ। मान्छेले आफ्ना बाआमासँग अंश लिँदा आमाबासँग भएकै अंश न लिने हो अंशभित्र कतै पाखो, कतै समथर, कतै गहिरो पर्न सक्छ। नरम करम मिलाएर लिने दिने चलन त छ नै। कर्मको अंश खोज्ने काम त मान्छेकै हो। यहाँ फेरि कर्म र भाग्यका कुरा आउँदछन्। एउटा कुनै पनि बोटको फल वा बीज बोटबाट छुटेर हावा वा पानीको बहावमा कति गतिलो मलिलो फराकिलो वा साँगुरो सेपमा रोकिन पुग्छ त्यो त्यहीं उम्रिन्छ, मलिलो फराकिलोमा उम्रिने गतिलो बोटमा रहला भने साँगुरो सेपिलो ठाउँमा उम्रन, बढ्नर हुर्किन र फस्टाउन असजिलो हुने हुँदा यहाँ कर्म र भाग्यका कुरा आएका हो।

कतै कतै सुनिन्छ ऊ त आध्यात्ममा लागेको मान्छे रे ! ईश्वर वादी रे ! अध्यात्ममा जो छैन त्यो नास्तिक रे ! अनीश्वर वादी रे ! के आध्यात्म ईश्वर हो वा कुनै मन्दिर हो ? वा होइन ? अध्यात्म केवल एक बसाइ मात्र हो। आफूलाई गतिलो गरी बसाउन सके त्यहीँ एउटा मन्दिर बन्न सक्छ। त्यसपछि आफूलाई त्यसै मन्दिरमा राखेर कुनै पनि विषयवस्तुको ध्यानमा बगाउन सक्दा विषयबोध हुन सक्छ। विषयबोधपछिको ज्ञान नै अध्यात्म हो तर झुलो चकमक र दर्शनढुङ्गोबाट आगो निकाल्नलाई झुलो के हो ? दर्शनढुङ्गो के हो ? चकमक के हो ? र यिनले संयुक्त कसरी काम गर्छन् भन्ने विषयबोध एवं प्रकृतिबोध हुनुपर्‍यो। यदि प्रकृतिबोध छैन भने अध्यात्मको के अर्थ रहन्छ ? विषय, विषयबोध, अभ्यास, अभ्यस्त सबै जुटाएर प्रज्ञान तत्त्वले मूल तत्त्वमाथि झुलोसँग रहेको दर्शन ढुङ्गालाई चकमकले हिर्काएझैं हिर्काउन सकेका खण्डमा तत्त्वज्ञान प्राप्त हुन सक्छ। संसार के हो भन्ने मूल तत्त्वमा नघुसी पुरानै पुर्खाले खोजेर राखेका प्रतीकमै खोतल्दा पनि पाइने कुरा भनेको एक मात्र प्रकृति नै हो।

हिजो एउटा समय परिवेशमा लेखिएका धार्मिक ग्रन्थहरू छन्। अर्को प्रतिस्थापित रूपमा लेख्ने कसैको आँट छैन, कसैले आँट गर्‍यो भने त्यसलाई विरोध गर्ने समाज संस्कार छँदै छ। उही पुरानो कुनै खाले भेषमा बसेर चन्दन लगाएर झोक्रियो, विभिन्न खाले स्तुतिजन्य श्लोकले कसैको आत्मा खुसायो भन्दैमा कोही तत्त्वज्ञानी बन्न सक्तैन। पूजापाठ र शङ्ख ध्वनि फुक्दैमा ज्ञानी र धर्मात्मा बनिने होइन। अध्यात्मवादी त केवल आफूसँग भएको ज्ञानभित्र नै पसेर ज्ञानको भित्री गुदी खोतल्न, खोज्न अगाडि बढेको एउटा पात्र मात्र हो। त्यसमा ऊ अभ्यस्त हुँदै गयो, केही गतिलो गुदी खोतल्न सक्यो वा प्रकृति भित्रै भएको प्रकृतिको बहाव, गति प्रत्यक्ष देख्न सक्यो भने मात्र उसले अध्यात्ममा छिरेको भान गर्न सक्ला वा सक्छ पनि। नत्र हो हो मै घृतछाया देख्यौ ? भन्दा अँ अँ देखेँ देखेँ भने जस्तै हो।

हे मन ! चाहे मान चाहे नमान, मानिसले पुज्ने गरेको ईश्वर एउटा प्रतीकमात्र हो। यो मानिसले बनाएको काल्पनिक ईश्वर मान्छेका लागि कुनै ठूलो कुरा होइन। मानिस पनि ईश्वर हो भन्नुभन्दा मान्छे पनि उही प्रकृति हो भन्दा अलि नरम हुन सक्छ कि ? मानिसले काल्पनिक ईश्वरको त कुरै भएन साँच्चिकै ईश्वरलाई पनि धेरै हदसम्म तह लगाएर बस्न सक्षम भएको छ। गुरुभन्दा चेलो सक्षम हुँदा पनि केही अनौठो त लाग्छ तर पनि कुनै एक चेलोसँग गुरुभन्दा पनि धेरै वा समान रूपमा समय, ज्ञान, क्षमता भएको पाइए झैं प्रकृतिकै चेलो मानिस प्रकृतिकै बगैंचाको कफल्लो फूल भित्रको दह्रो बीज हो। चनाखो मानिसले आगोलाई पानीको सहायता लिएर निभाउँछ र पानीकै सहायता





लिएर बाल्छ। हावालाई काबुमा राखेर यन्त्र चलाउँछ र आफूलाई चाहिए जस्तो चिसो तातोको आनन्द लिन्छ। हावा पानी र आगोको बललाई पनि नियन्त्रणमा राखी काममा जोताउँछ। मानिसले हजारौं फिटतल समुद्रमा बग्ने पानीलाई हिम चुचुरामा लगि आवश्यक ठाउँमा नहर कुलो बगाउन सक्षम भएको छ। घना वन भएको उच्च थलीमा ठूला ठूला कुञ्ज बनाएर स्वर्ग स्थापना गर्दै आनन्द लुटेको छ। मानिसले मेघलाई प्रयोग गरेर बादल उत्पादन गरी पानीको आवश्यक भएको ठाउँमा पनि पानी पार्न सक्ने भएको छ, त्यसैले मानिस पनि प्रकृति नै हो।

मानिसले ईश्वरले गरेकै काम गर्छ र त मान्छे नै देवता भएको छ। प्रकृतिको पनि आफ्नै नियम छ। उक्त नियमको परिधि नाघेर हिँड्ने तागत मानिसमा छैन। प्रकृति गुरुको ज्ञान जस्ताको तस्तै नक्कल गर्न तम्सिएको मानिसले आफूभन्दा भिन्न सम्पूर्ण प्राणीलगायत प्रकृतिलाई समेत केही हदसम्म नियन्त्रणमा राख्न सफल भएको छ।

त्यस कारण आज देवता, दैव, ईश्वर नामका प्रतीक बनाएर पूजा गर्दै छ मानिसले मानिसलाई नै। प्रकृति-ईश्वर पनि आफ्नै विधानमा बाँधिएको छ विधानमै चल्नुपर्दा उसले पनि न्याय, दण्ड, नीति आदिको प्रयोग गरी सत्ता सञ्चालन गर्नुपर्ने हुन्छ। त्यो समयमा प्रकृति ईश्वर पनि आफू चलायमान भइरहन, सत्तालाई अनुकूल बनाउन वा अहिले भइराखेको सत्ता परिवर्तन गर्न सक्छ, तसर्थ पनि चेतनशील मानिसले यो प्रकृति वा ज्यूँदो ईश्वरलाई जोगाएर राखेको खण्डमा मात्र मानिसको वर्चश्व निरन्तर रहला भन्न सकिन्छ। यसरी ज्युँदो ईश्वरलाई सघाउनु नै ईश्वरीय पूजा हो, सही कर्तव्य हो, धर्म हो। प्रकृतिलाई जोगाउन ससाना भुसुनादेखि कीट-पतङ्ग सक्षम-असक्षम जीव-जैविक विविधताको संरक्षण संवर्द्धन गर्न जरुरी छ। यति गर्न सकेमा ईश्वरीय पूजा पूर्ण हुन्छ र मान्छे ईश्वरको नजिक हुन्छ। पञ्चतत्त्वको बीजबाट जीवको सृष्टि भएको हुँदा प्रकृति नै जीव हो, ईश्वर हो भन्ने कुरा प्रमाणित भएको छ।

प्राकृतिक गुरुको अस्तित्व व्यक्तित्व जोगाउनका लागि प्रकृतिमै भएको जैविक विविधतालाई पूजा कर्म सम्झिएर यसमा लागिपर्नु नै संसारको कल्याणमा लाग्नु हो। जैविक विविधतालाई असर पार्ने काम नगर्न नगराउन लागिपर्नु नै मूल धर्म हो। 'धर्मो रक्षति रक्षताम्' अर्थात् धर्मले नै सबैको रक्षा गरेको हुन्छ। मान्छेले आफ्नो समझदारी, जिम्मेवारी र इमानदारी भुल्नुहुँदैन र उसमा शक्तिको अहंता हुनुहुँदैन। यसबाट जोगिनु धर्म हो, ईश्वरीय कर्म हो। प्रकृति ईश्वर हो, मान्छे पनि प्रकृति प्रदत्त नै भएको हुँदा र दुवै अन्योन्याश्रित भएका कारण दुवै एकअर्काका ईश्वर नै हुन्।

**

# कविता र यसका कच्चा पदार्थ

डा.घनश्याम न्यौपाने 'परिश्रमी'

कच्चा पदार्थ उत्पादित वस्तुको मूल रूप हो, बीज पनि हो । चामल आफै फलेको कदापि होइन, धान चामलको कच्चा पदार्थ हो । धान नकुटी चामल बन्दैन । चामल, गहुँ आदि नपिसीकन पीठो बन्दैन । कतिपय उत्पादनमा कच्चा पदार्थहरूको मिश्रण पनि आवश्यक हुन्छ । कच्चापदार्थको व्याख्याविश्लेषण गर्ने हो भने लामै हुनसक्छ । यहाँ म व्याख्याविश्लेषण गर्ने भनेर उपस्थित भएको होइन । म त कविताका कच्चा पदार्थको खोजीमा लागेको छु । यस्तो खोजी गर्दै छु, जुन विश्वविद्यालयका शोधार्थीको जस्तो पनि होइन । मनका कुरा आफैलाई भन्न चाहेर एक्लै एक्लै बोल्दै छु तर यो विद्यालयका बच्चाहरूलाई पढाउने मनोवाद पनि होइन । कविता लेख्नका लागि चाहिने मैले भेटेका कच्चा पदार्थ जम्मा गर्नु मेरो अभीष्ट हो, त्यसैले यसैमा केन्द्रित हुँदै छु ।

लेखेर मात्रै कविता हुँदैन, यो पङ्क्ति कवि मुकुन्दशरण उपाध्यायको यसै शीर्षकको स्फुट कविताबाट उद्धृत गरेको हुँ मैले यहाँ । कविता सौन्दर्यमय भाषिक कला हो अभिव्यक्तिको । संस्कृतका प्राचीन आचार्य भामहले भनेजस्तै शब्द र अर्थको समन्वय र ग्रिसेली प्राचीन आचार्य अरिस्टोटलले भनेजस्तै प्रकृतिको अनुकृति पनि हो कविता । यसलाई ललितकलाकै एउटा प्रभेदका रूपमा लिइन्छ । कविता भाव गुम्फित हुन्छ अक्षरहरूमा, शब्दहरूमा, व्याकरणको परिधिबाट मुक्त वाक्यांश र वाक्यहरूमा । यसमा बौद्धिकता कम र हार्दिकता अधिक हुन्छ । साहित्यका प्रमुख पाँचवटा विधा मानिएका छन् । तीमध्ये सबैभन्दा जेठो-पुरानो, समृद्ध र महत्त्वपूर्ण विधाका रूपमा कवितालाई स्थान दिइएको छ । नाटक, आख्यान, निबन्ध र समालोचना कविताभन्दा पछिका विधा हुन् । फुटकर कविताअन्तर्गत नै गीत, गजल, भजन, मुक्तक, सनेट, हाइकु लगायतका साना अर्थात् लघुतम र लघु आकृतिका रचनाहरू पर्दछन् । यसको मध्यम आकारलाई खण्डकाव्य वा लामो कविता र बृहत् वा बृहत्तर आकारलाई महाकाव्य भनिन्छ । गीत र कवितालाई दिदीबहिनी पनि भनिन्छ । वस्तुतः कविताको जन्म गीतपछि भएको हो । मानवजातिले भाषाको उद्‌भव नहुँदैदेखि लयको खोजी गरिसकेको थियो । गुनगुनाउन सिकिसकेको थियो । बिस्तारै मनोरञ्जनका लागि गाउने नाच्ने क्रममा गीतको जन्म भएको हो । मानवसभ्यता र ज्ञानको विकासपछि मात्र





कविताको सिर्जना आरम्भ भएको हो । यसर्थ गीत कविताकी दिदी हुन् । मलाई यस्तै भन्न मन लाग्छ ।

कविताको स्रष्टा हो कवि जसलाई काव्यसंसारको प्रजापति पनि भनिएको छ । त्यसैले कवितालाई कविको कर्मका रूपमा व्याख्या गरिएको पाइन्छ । कवि प्रतिभाशील हुन्छ । उसभित्रको प्रतिभा जन्मजात वा प्रकृतिप्रदत्त पनि हुनसक्छ, तीव्र रुचिसहितको अध्ययन र अभ्यासबाट पछि निर्मित पनि हुनसक्छ । कविप्रतिभालाई अत्युच्च मानवीय क्षमता वा खुबी मानिएको छ । बडेबडे विद्वान् र दार्शनिकहरूमा पनि कवित्व क्षमता हुँदैन । उनीहरू कविताका अध्येता पारखी र व्याख्याता भने हुनसक्छन् । यसर्थ विद्वान् र दार्शनिकहरूको उचाइसँग कविको उचाइलाई दाँज्न मिल्दैन । राम्रो कवि सर्वोच्च हिमशिखर सगरमाथा हो भने विद्वान् र दार्शनिकहरू अन्नपूर्ण, धौलागिरी, माच्छापुच्छ्रे आदि हुन् । कविको उच्चकोटिको सिर्जनात्मक अभिव्यञ्जनामा पाठक, भावक वा श्रोताहरूको मनलाई तान्ने गजबको जादुमय क्षमता अन्तर्निहित हुन्छ । रहरले मात्रै कवि बनिँदैन अर्थात् बन्न सकिँदैन । कवि बन्ने आन्तरिक रहरलाई अथक साधनाका माध्यमबाट समाधिसम्म पुऱ्याउन सक्ने अद्‌भुत समर्पण अपेक्षित हुन्छ यसका लागि । वस्तुतः कवित्वलाई दुर्लभ मानवीय गुण मानिन्छ । कविता स्रष्टाको अन्तश्चेतनासँग सम्बन्धित हुन्छ । सिद्धान्त बुझेर होस् वा नबुझीकन पनि कविता लेखिएको हुन्छ कविहरूबाट तर जसरी लेखिएको भए पनि त्यसमा नवीन भावनाको लालित्यमय आवेग मुखरित भएको हुनुपर्दछ । कवि कवितामा र कवितामा कविको विम्ब हुनुपर्दछ । पारसमणि प्रधानका बहुचर्चित यी पङ्क्तिमा कविताको अन्तर्य भेटिन्छ- **कवि कविता होस् कविता कवि होस् तब पो कविता हुन्छ, शब्द थुपारीकन के हुन्छ भाव भए पो हुन्छ** । त्यसो त शब्दविना कविताको कल्पना हुनै सक्दैन, कवितामा शब्द र अर्थको मञ्जुल संयोजन हुनुपर्दछ । स्यामुअल टेलर कलरिजले भनेजस्तै उत्तम शब्दहरूको उत्तम क्रमविन्यास नै कविता हो । पूर्वीय विशेषतः संस्कृतका विद्वान्हरूले कवितामा कला पक्षलाई अर्थात् बाह्य सजावटलाई बढी महत्त्व दिएका छन् भने पाश्चात्य विद्वान्हरूले आन्तरिक सौन्दर्य वा भावलाई प्राथमिकता दिएका छन् । कविताका सन्दर्भमा छन्द, रस, अलङ्कार, ध्वनि, रीति, वक्रोक्ति, गुण आदि पूर्वीय आचार्यहरूका सिद्धान्त हुन् । पाश्चात्यहरूले पनि लय वा छन्द, अनुकरण, भाव, दर्शन, विम्ब, प्रतीक, अनुभूति, कल्पना आदिलाई महत्त्व दिएका छन् । यसरी हेर्दा पूर्वीय विद्वान्हरू शिल्पगत सौन्दर्यका उपासक र पाश्चात्य विद्वान्हरू भावगत सौन्दर्यका पक्षपोषक देखिन्छन् ।

हरेक वस्तुको उत्पादन कच्चा पदार्थबाट हुन्छ । कुनै पनि चीज वा

वस्तुको निर्माणका लागि कच्चा पदार्थ अपरिहार्य हुन्छ । जसरी एउटा भवन निर्माणका लागि विभिन्न सामानहरू चाहिन्छन्, त्यसरी नै वाङ्मयिक संसार तथा कला क्षेत्रका अनेकानेक विधा र तिनका उपविधा वा भेद, प्रभेदहरूको निर्मितिका लागि पनि सुरुमा नै केही वस्तुहरू चाहिन्छन्, यस्ता जुन वस्तुहरू हुन् ती नै कच्चा पदार्थ मानिन्छन् । मूर्तिकारले जब मूर्ति बनाउने उद्देश्य लिन्छ, सर्वप्रथम उसले आफूले कल्पना गरेअनुसारको मूर्तिका लागि आवश्यक पर्ने सामग्रीको जोहो गर्दछ । चित्रकारले पनि यसरी नै पूर्व व्यवस्थापन गरेको हुन्छ । गायक, नर्तक लगायत कला क्षेत्रका सबैले आफ्नो कला निर्माण वा प्रस्तुतिका लागि पहिले कच्चापदार्थको जोहो गरेकै हुन्छन् । कच्चा पदार्थको कमी भएमा निर्माण वा प्रस्तुति उपभोक्ताका लागि प्रभावकारी हुन सक्दैन । कविताका स्रष्टाहरूले आफ्नो कवितामा कच्चा पदार्थको खोजी कसरी र कहाँ कहाँबाट गर्छन् त भन्ने बारेमा एउटा प्रशिक्षणमा मैले प्रशिक्षार्थीहरूलाई जेजे दिएको थिएँ तिनै कुराहरू पाठकहरूसँग राख्न चाहेको छु यस आलेखमा । हुन त यो एकालाप हो तर पनि यसलाई पाठकहरूसँगको वार्तालाप वा अन्तर्क्रिया बनाउने मेरो प्रयास रहेको छ ।

कविले कवितामा समाहित गर्ने कथ्य वा विषयवस्तुको प्रारम्भिक सामग्री नै यसको कच्चा पदार्थ हो । श्रुति, दृष्टि, अनुभूति, पठन, अनुभव, भावना, कल्पना, विचार, तर्क, मनका आवेग र संवेग आदि कविबाट रचना गरिने कविताका कच्चा पदार्थ हुन् । श्रुतिले यहाँ सुनेको भन्ने अर्थ द्योतन गरेको छ । जीवनमा आफूले सुनेका धेरै कुरामध्ये आफ्नो मनलाई प्रभावित गरेका खास विषयलाई कविहरूले कविताको कथ्य बनाएका हुन्छन् । आफू जीवनमा कहिल्यै नपुगेको ठाउँ र नदेखेको प्रकृति तथा वस्तुहरू कविका कविताहरूमा सशक्त कथ्य बनेर आएका प्रशस्त उदाहरण भेटिन्छन् । भानुभक्त आचार्यको **कान्तिपुरी नगरी** कवितामा भोट, चीन, लन्डन, दिल्ली, पटना, मद्रासको जसरी उल्लेख छ, महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**मा जुन ढङ्गले भोटको बयान छ, यी कुरा श्रुतिका आधारमा लेखेका हुन् कविहरूले । यथार्थमा भन्दा उनीहरू त्यहाँ पुगेका थिएनन् । यसरी नै देखेका र भोगेका कुराहरूबाट पनि कविमन प्रभावित हुन्छ र तिनको प्रतिविम्ब कवितामा अभिव्यञ्जन हुन्छ । सामान्य समाचार वा लेखदेखि लिएर गहन ग्रन्थहरूको पठनबाट पनि कविले सिर्जनात्मक वस्तु प्राप्त गरेको हुन्छ । यसरी विपठनको प्रभावमा कविहरूबाट धेरै कविता रचिएका छन् । हामी प्राचीन धर्मग्रन्थ तथा आर्ष महाकाव्यहरूभित्रका आख्यानको प्रभावबाट लेखिएका काव्य वा कविता कृति प्रशस्त भेट्छौं । पूर्वीय जगत्का हिन्दू धर्मग्रन्थ पुराणहरू तथा व्यासको महाभारत र वाल्मीकिको रामायण वा पश्चिमी जगत्का बाइबल र होमरका महाकाव्य इलियट र ओडेसी उत्तरवर्ती





काव्य वा कविता रचनाका लागि उपजीव्य ग्रन्थ नै मानिन्छन् । कविका आफ्नै नितान्त निजी भावना, विचार, आवेग, संवेग र तर्कहरूमा पनि उसले लेख्ने कविताका निम्ति चाहिने कच्चा पदार्थको प्रचुरता हुन्छ । जोन क्रो र्‍यान्समका अनुसार **रूपविन्यासले युक्त बौद्धिक वा तर्कपूर्ण रचना कविता हो** । कवि जोजोसँग संसर्गमा रहन्छ वा उसले जसजसको सङ्गत गरेको हुन्छ, तिनका व्यवहार र क्रियाकलापबाट पनि कविताहेतु आवश्यक सामग्री पाएको हुन्छ । यीबाहेक कविहरूले स्वकीय अनुभूति र कल्पनाबाट सशक्त र सुन्दर कविता सिर्जनाका लागि सबैभन्दा बलिया कच्चा पदार्थ पाएका हुन्छन् । कविहरूको प्रतिभा यी दुई कुरा बिना बाँझो उर्वर भूमिजस्तो भइदिन्छ । माथि उल्लेख गरिएका अन्य कच्चा पदार्थहरूलाई चमक दिने चीज पनि कविमा अन्तर्निहित अनुभूति र कल्पना नै हुन् । स्तरीय कविता त्यो हो, जसमा कविको अदभुत अनुभूतिको भाव एवम् कलात्मक कल्पनाको वैचित्र्यका विम्ब र प्रतीकहरू रहेका हुन्छन् । हिन्दीमा एउटा भनाइ प्रसिद्व छ, **जहाँ न पहुँचे रवि, वहाँ पहुँचे कवि** । कविको कल्पना कति शक्तिशाली हुन्छ भन्ने कुरालाई यस कथनले स्पष्ट पारेको छ । कवितालाई अनुभूतिको अभिव्यक्ति हो भन्ने पक्षमा धेरैको स्वीकृति रहेको पाइन्छ भने विचार, भाव, कल्पना, बुद्धि, हृदय आदिको अभिव्यक्ति, सङ्गीतमय अभिव्यक्ति, अन्तः प्रेरणाको अभिव्यक्ति पनि भनिएको छ । प्रकृतिको अनुकृतिका रूपमा पनि यसलाई परिभाषित गरिएको छ । जोन स्टुअर्ट मिलले **एकान्त क्षणमा आफैले मनन गरेको अनुभूति नै कविता हो** भनेका छन् । पर्सी बिसी सेली भन्छन्- **कविता व्यापक अर्थमा कल्पनाको अभिव्यक्ति हो** । ली हन्टको परिभाषाले कविता कल्पना तथा भावनाले सजिएको हुनुपर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ । विलियम हेनरी हडसनले पनि कवितालाई कल्पना र भावनाका माध्यमबाट गरिने जीवनको व्याख्या मानेका छन् । प्रो. विल्सनका अनुसार कविता अनुभूतिले रङ्गिएको बुद्धि हो । मोलार्मे भन्छन्-कविता शब्दबाट बन्दछ, विचारबाट होइन । पाब्लो नेरूदाका अनुसार कविता मानवहृदयको गहिराइको कुरा हो । वर्डस्वर्थका दृष्टिमा कविता प्रबल अनुभूतिको सहज उच्छलन हो । फिलिप सिड्नीका विचारमा अनुकरणको कला नै कविता हो । सौन्दर्यको लयात्मक सिर्जनालाई कविता मान्छन् एड्गर एलेन पो । कविता खासमा अन्तः प्रेरणाको भाषा हो भन्ने धारणा व्यक्त गर्दछन् जेरल्ड भेन्ली हप्किन्स । विस्टन हग अडेनका भनाइमा कविता विशिष्ट अभिव्यक्ति हो । वास्तवमा अडेनले भनेझैं छोटोमा भन्नुपर्दा कविता विशिष्ट अभिव्यक्ति नै हो । कविताको शक्ति पाठकका मनमस्तिष्कलाई झक्झक्याउन सक्ने हुनुपर्दछ । कविता भनेर लेख्दैमा कविता बनिहाल्यो भन्ने ठान्नु अज्ञानता मात्रै हो । कविता त्यो हो जुन कविता

हो, जसमा कवि स्वयम् उच्चतम कला, विचार र भावसहित पाठकहरूलाई सम्मोहित गर्दै तादात्म्य भएको हुन्छ । कवि, कविता र पाठकका बीच गहिरो सम्बन्ध हुनुपर्दछ, यदि हुन सकेन भने त्यस्तो कविताको औचित्य र स्तरमाथि नै प्रश्नचिह्न लाग्दछ ।

फिलिप सिडनीको यो भनाइले मेरो मनलाई निकै छोयो, त्यसैले उद्धृत गर्न चाहें । 'प्रकृतिले यस धरातललाई पित्तलको बनाएको थियो, यसलाई सुनको बनाउने काम कविहरूले गरे ।'

बर्दघाट-४, नवलपरासी ।

**


**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल

**'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा

**'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे

**'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा

**'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय






# म

**दीपक भण्डारी**

'म'मा आत्मविश्वास हुन्छ । 'म'मा आत्मनिर्भरता हुन्छ । 'म'मा आत्मसम्मान हुन्छ । 'म'मा सङ्कल्प हुन्छ । 'म'मा आफ्नो अस्तित्व हुन्छ । 'म'मा ऊर्जनशीलता र ऊर्जा हुन्छ । हरेकमा 'म' हुँ भन्ने दम्भ हुन्छ । 'म' भन्ने आत्मविश्वासले जीवन जिउने ऊर्जा प्रवाह गर्छ । यदि त्यो 'म' अहङ्कारमा बदलियो भने त्यो आफै विनाशकारी हुन्छ, यो मेरो ठम्याइ हो । मेरी आमा भन्ने गर्नुहुन्छ- हरेक चीजको 'म' भन्ने तत्त्व हराउनुहुन्न, तरकारीको स्वादमा पनि उसको आफ्नो स्वाद यथावत् रह्यो भने मीठो हुन्छ, ग्रहणयोग्य हुन्छ । मसलाले उसको तत्त्व नै हराइदियो भने त्यो मीठो हुँदैन । त्यस्तै 'म'मा विकारी तत्त्व जस्तै : क्रोध, ईर्ष्या, लोभ आदिले जरा गाड्यो भने त्यो आत्मविश्वास, त्यो ऊर्जाले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैन ।

क्याफेमा कफीको मज्जा लिँदै थियौं, अर्को टेबलबाट आवाज आयो - जस्तालाई त्यस्तै गर्नुपर्छ । ठाउँको ठाउँ ठीक पार्नुपर्छ । कानमा अहिले पनि गुन्जिन्छ । किन होला त्यो घमण्ड, त्यो ईख । भन्न त भन्छन् 'ईख नभएको मान्छे र बिख नभएको सर्प काम लाग्दैन ।' त्यसो भन्दैमा ईख सबै ठाउँमा र समयमा सान्दर्भिक हुन्छ भन्ने छैन । 'फलेको वृक्षको हाँगो नभुकेको कहाँ छ र ?' भन्ने कविशिरोमणि लेखनाथ पौड्यालको भनाइ पनि छ । भुकावमा सधैं जितिन्छ । कुनै क्षणिक समयको हार पनि पछिको लागि जित्ने अवसर हुन सक्छ । बदलाको भावना र ईखको ज्वाला आफैमा पनि सल्किन सक्छ भन्ने बिर्सिनुहुँदैन । यसो भन्दैमा कसैको नराम्रो सोच र प्रवृत्तिले दबाउन खोजेको छ भने त्यसलाई सहेर वा कुण्ठा पालेर बस्नु ठूलो भुल पनि हो । समयमै त्यसको प्रतिकार गर्नु पनि सही निर्णय लिनु उचित हुन्छ । आफ्नो आत्मसम्मानको कदर गर्दै 'म' को अस्तित्त्वलाई मर्न दिनुहुँदैन । यसको ऊर्जालाई सही समयमा प्रयोग गर्नुपर्छ ।

हामी नेपाली जनता पनि सारै सहनशील छौं, सारै धैर्यवान् । त्यसैले त आफ्नो देशको प्रगति र विकास देख्नको लागि आफ्नो जीवन काल समाप्त हुन लाग्दा पनि झिनो आशाको त्यान्द्रो चुड्न दिँदैनौ । यसो सोच्दा हाम्रो यो ठूलो भूल र यथास्थितिवादी सोच हो । विकास हामी सपना र कल्पनामा मात्र सिमित राख्छौं- नेताका भाषण र पार्टीका घोषणापत्रमा सीमित, हाम्रा नीति, कार्यक्रम र

ऐन कानूनमा मात्र सीमित पाउँछौं । कार्यान्वयनमा सुस्तता र बाधा अवरोधको कारकतत्त्व यथास्थितिवादी सोच, परिवर्तनलाई स्वीकार्न नसक्नु आफ्नो कार्य कौशलताको परिष्कृत रूपान्तरण गर्नका लागि आत्मविश्वासको कमी हुनु हो । आफ्नो सोचलाई परिष्कृत बनाउँदै जानुपर्छ र परिवर्तन गर्नको लागि मबाट नै सुरु गर्नुपर्छ भन्ने बुझ्नुपर्छ । आफूमै सकारात्मक परिवर्तित सोच हुनुपर्छ ।

म कोरिया भ्रमणमा गएको वेला पाका उमेरका एक कोरियन हितैषीले भने- हामीलाई त आजभन्दा साठी वर्ष पहिले नेपालले चामल सहयोग गरेको थियो, तिमीहरू त हाम्रो अन्नदाता । थाहा छैन त्यो यथार्थ विवरण हो या होइन तर ऊ त्यो भनेर हाम्रो आतिथ्य गर्दै थियो । गर्वका साथ हामी भन्न सक्छौं, हाम्रो विगत त्यो समयाकालीन परिस्थितिमा विकसित नै थियो । हामीले यसलाई धेरै उदहारणहरू दिएर थप स्पष्ट पार्न सक्छौं । त्यो हवाई क्षेत्र किन नहोस्, सांस्कृतिक क्षेत्र किन नहोस्, शहरी विकासको अवधारणा होस्, सबै कुरामा समयानुकूल विकसित नै थियो भन्ने लाग्छ । त्यो भन्दैमा अहिले केही प्रयास नै भएको छैन भन्ने होइन, प्रयास प्रशस्त भएको छ तर गति धेरै नै कम । आजभन्दा बीस वर्ष पहिले एउटा समाचार छापिएको रहेछ- मेलम्चीको पानी तीनवर्षमा आउने । हामी अझै पनि भन्न छोडेका छैनौं- मेलम्चीको पानी एक/दुई वर्षमा आउँछ । हाम्रो विडम्बना हाम्रा हजुरबुवाहरूले भोट दिनुभएका नेतालाई अझै हामीले भोट दिन र चुन्न छोडेका छैनौं अनि अर्को वास्तविकता नयाँ नेतृत्वमा पनि त्यही संस्कार र प्रवृत्तिको अनुकरण गर्ने सोच रहेसम्म हामी माथि उठ्न सक्दैनौं । मुख्य कुरा हामी समयअनुसार परिवर्तन स्वीकार्न सक्नुपर्छ र नेतृत्व पनि परिवर्तन गर्ने आँट गर्नुपर्छ । म र मेरो सोचलाई पनि परिवर्तित गराउन सक्नुपर्छ ।

'मेरो' र 'म'को अस्तित्व आफ्नो आत्मसम्मान र आफूभित्र रहेको ऊर्जाले गर्दा मात्र हुँदैन, अरूको प्रभाव र योगदानले पनि ठूलो सहयोगीको भूमिका खेलेको हुन्छ । आफ्नो कर्मलाई र आफूलाई सधैं अमर तुल्याउनको लागि सही समयमा केही वस्तुप्रतिको आसक्ति र लिप्ततालाई त्याग्न सक्नुपर्छ । कुनै पनि कामप्रति आफूले गरेको योगदानलाई माथि उठाउन र निरन्तरता दिनको लागि अरूलाई पनि अवसर दिन सक्नुपर्छ । शक्तिलाई आफूमै सधैं केन्द्रित गर्ने सोच राख्नु आजको नेतृत्वको ठूलो कमजोरी हो । शक्तिलाई विकेन्द्रीकृत गर्न सक्नुपर्छ । मैले गर्न सक्छु, म गर्छुका साथसाथै म अरूलाई गर्न दिन्छु भन्ने पनि सोच्नुपर्छ । 'मेरो' र 'म'भित्र रहेको ऊर्जाले ऊर्जाशील अरू तत्त्वहरूका लागि पनि सहयोगी भूमिका खेल्नुपर्छ भन्ने सोच राख्न सक्नुपर्छ । स्वार्थले भरिएको 'म' र 'मेरो' भन्ने जीवनका पन्नाहरूमा भेटिने अवसरवादी सोचले क्षणिक भ्रम सिर्जना गर्ला तर कालान्तरमा त्यो दिगो हुँदैन- आफूले हार्नेभन्दा पनि अरूले जित्ने डर ।





मानिसको सोच न हो अरूले केही राम्रो गर्दाभन्दा केही पनि गर्न नसक्दा आफूलाई सान्त्वना दिने मौका पाउँछ । अरू आफूभन्दा माथि गएको देख्न सक्दैन बरु आफू माथि नगए पनि उसलाई केही फरक पर्दैन । अरूलाई अवसर दिँदा आफूले गर्न नसकेको कुरा पूरा हुन सक्छ र त्यसका लागि म सहयोगीको रूपमा रहन सकूँ भन्ने सोच सितिमिति मानिस स्वीकार्न सक्दैन । अरूको जितमा आफ्नो हार देख्छ न कि आफ्नो हारमा उसको जित । मानिस आफ्नो हारलाई जितमा परिवर्तन गर्न सर्वप्रथम अरूको जितलाई खुसीका साथ स्वीकार्न सक्नुपर्छ र जसको जित भए पनि जितलाई सम्मान गर्न सक्नुपर्छ ।

म नै जित्नुपर्छ भन्नेभन्दा पनि जित्नुपर्नेले जित्नुपर्छ र कसैको जितको यथार्थ रूपमा सफल बनोस् भनेर कामना गर्दै सहयोगी भूमिका निर्वाह गर्नुपर्छ भन्ने सोच राख्नुपर्छ । 'म' र 'मेरो' ऊर्जा सफलताका लागि सकेसम्म प्रयोगमा आओस् भनेर कोसिस गर्नुपर्छ । आफ्नो आत्मसम्मानलाई पनि गिर्न नदिई अरूको आत्मसम्मानको पनि कदर गर्नुपर्छ । यो समाजमा हामी देख्छौं, केही मानिस आफ्नो स्वार्थ परिपूर्ति गर्नका लागि अरूको कुभलो सोच्ने, अरूको काम हुन नदिने गर्छन् । एकथरी 'म' र 'मेरो' प्रभुत्व जमाउनको लागि अरूको राम्रो काममा पनि हलो अड्काउने अघि बढ्न नदिने गर्छन् । शायद उसले बुझेको छैन, यसो गर्दा उसले 'म' र 'मेरो' ऊर्जा दुरुपयोग गरेको छ, जसले कालान्तरमा उसलाई पनि फाइदा पुग्दैन र समाज पनि धुमिल हुन्छ ।

'म' र 'मेरो' ऊर्जालाई आफ्नो स्तरबाट आफ्नो साथै अरूको र पूरा समाजका लागि सकारात्मक परिवर्तन र विकासका लागि प्रयोग गर्न सक्यो भने हामी आफ्नो जीवनलाई सही रूपमा सफल बनाएका हुन्छौं ।

धुम्बाराही, काठमाडौं ।

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal.vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail.com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com

# 'गर' पालिका भए पो गर्नु !

**डा. धनपति कोइराला**

यस वर्ष भयो निकै कमाल । पायो यो देशले कैयौं नगर पालिका त्यो पनि एक्कैचोटि झन्डै ७ महिना भित्रभित्रै । त्यसबेला चाहिएन कुनै त्यस्ता सूचकहरू । 'उप' र 'महा'का निम्ति पनि आवश्यक रहेन आधारभूत मापदण्ड खासै । यथेष्ट प्रयत्नै नगरी पाए 'उप' र 'महा' पनि । प्रायः भए धेरैभन्दा धेरै भाग्यमानी । विकासको मुहान नै फुटाउन खोजेको आभास दियो सरकारले । मानौं पहिलेका सरकार थिए विकासविरोधी । पूरा पूर्वाधार तयार हुँदाहुँदै पनि स्वीकृति नै नदिएर विकास नै रोकेर राख्थे उनीहरू । माग्न जानेलाई पनि दिन्थे कडा कारबाहीको चेतावनी । पुस्तकालय खोल्छु भन्दा दण्डित गर्ने राणा सरकार सरह ।

दोस्रो संविधान सभाको चुनावपछि बल्ल आयो विकासे सरकार अनि थाल्यो यसले भकाभक विकासप्रेमी काम गर्न । काम पनि द्रुतगतिमा घोषणा गरिदिए पुग्ने । एउटा आयोग रूपी गुरुले मानचित्र हेरेर जताजता भन्यो उतै उतै स्वाहा गरे । यस्तै सरकार भइरहे विकास हुन पाँच वर्ष पनि कुर्न पर्दैन क्यारे ! आखिर जनता मक्खै भोट पनि सट्टै । औंधी खास्सा दुवैलाई ।

स्थानीय सरकारको चुनाव गराउने झञ्झट बेसाउनुभन्दा त यो कत्ति हो कत्ति सजिलो । लोकप्रियताको शिखरमा सहजै उक्लन पाइने । आँखा चिम्लिने बित्तिकै काम बनिहाल्ने । प्रतिपक्षलाई पनि मनाइरहनुपर्ने झञ्झट खलास । प्रतिपक्षीले विरोध गरे विकास विरोधी भन्दिए भइगयो अनि कसले हिम्मत गर्ला ? न कानुन फेर्नुपर्ने चटारो, न त उम्मेदवारी प्रक्रियाको झमेला । साँच्चै सस्तैमा विकासे सरकारको उपाधि ।

अनि गऱ्यो सरकारले निर्णय भकाभक । साँच्चै नै भएन खासै विरोध । छापे एक दुई पत्रिकाले विरोधजस्ता लाग्ने लेख र आलेख अनि सम्पादकीयहरू । 'एक दुइटा पाटी हुन् कि होइनन्' अझै भन्दा नेता पनि भित्रिने र बाहिरिने खेलका अग्रणी सायदमा गनिन्छन् उनी । भने- 'बेमौसमी बाजा' । अर्का पनि थिए सायद त्यस्तै भने 'सङ्घीयता नदिने षड्यन्त्र' । अर्काले 'पूर्वाधार नपुगी नगर पालिका' । यस्तै र यत्रै मात्र स्वरहरू गुन्जिए गगनमा । बिस्तारै सुस्तायो यो स्वर पनि मीठो गरी अरू झैं पुरानै लय र गतिमा । मानौं भारी आँधी हुरीपछि





आएको बर्खा र त्यसपछिको निर्वेद शान्ति ।

उहिले युधिष्ठिरले 'नरो वा कुञ्जरो वा अश्वत्थामा हतोहत' भन्ने वाक्यांशमध्ये नरो वा कुञ्जरो वा भन्ने वाक्यांशचाहिँ सुस्तरी भने रे ! गुरु द्रोणाचार्य परे रनभुल्लमा । त्यस्तै रनभुल्लमा परे जनता पनि । त्यसपछि भए शान्त । थाहै छैन बरा यी सर्वसाधारणलाई । गाविस नगर पालिकामा दरिएपछि अहिले त स्वादै मानेका हुँदा हुन् तिनले । हाम्रा नि घरजग्गाका भाउ अक्कासिने भयो भनेर । बरा ! सबै खाले महसुल ह्वात्तै बढेको जब थाहा पाए अनि कनपारोमा धारे हात लगाए मज्जैले अनि विरोध गरे उधुमसँग । शुल्क वृद्धि फिर्ता लेऊ भन्दै । विकासे अभिलक्षण त बल्ल पो थाहा पाए साँच्चै रहेछ खल्ती जमाउने खालको भनेर ।

हुन त कतिपय औद्योगिक प्रतिष्ठान बन्न पुगेका छन् स्याल उत्पादक केन्द्र र आवाज पनि छँदै छ हुइयाँ । हिमालदेखि तराईसम्मका कतिपय गाउँहरू पनि रूपान्तरित हुँदै छन् अरण्यमा र त्यहाँ वृद्धि हुँदै छन् स्याल, वानर आदि वन्यपशुहरू । कतिपय मान्छे बसिरहेका करेसाबारीहरू पनि डेरीमा दूध, पसलमा तरकारी र बोरामा चामल फल्न थालेपछि गन्धेझारले ढाकिन थालेका छन् हिजोआज । जहाँसम्म नगरपालिकाको कुरा छ कतिपय जिल्लामा गाउँपालिका नै अब छैनन् अवशिष्ट जताततै नगरपालिका छन् व्याप्त । अब डुम्मु पनि पाइन्न कान्तिपुरीमा, खोजी मरे भेटिन्न । विकासको उत्कर्ष प्राप्त जिल्ला । डाँडाकाँडा जहाँ बाटो त के काँडाकै मात्र घारी छ लटरम्मै । त्यस्ता गाउँगाउँ नै पो भए महानगरपालिका । यति भएपछि के चाहियो त्यहाँ ? अझ कतिपय पालिकाको सदरमुकाम आइपुग्न पनि दुई दिन त सोझै लाग्ने ।

'गर'पालिका भए कस्तो हुँदो हो भनेर जनता अहोरात्र आश गर्छन् तर यहाँमात्र भइदिन्छ 'न'गरचाहिँ पालिका । उहिले बच्चैमा पढिया थियो रिट्ठाको बोट रोपेर कहाँ फल्दछ कागती ? हुन पनि हो, हामीले रोपेकै बिउ हो 'न'गर पालिका अनि कस्तो 'गर'पालिका खोज्नु ? त्यसैले जताततै 'न'गरपालिकै 'न'गर पालिका । तमाम फोहोर पाल्ने, भुसिया कुकुर पाल्ने, चोर डकैत र काला बजारिया पाल्ने अनि दुराचारी पाल्ने तर नियम, कानुन र व्यवस्थाचाहिँ नपाल्ने क्या आनन्दको छ 'गर'पालिका तर भन्ने गरिन्छ नगरपालिका । पहिले हामी पढ्थ्यौं 'असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' अर्थात् असत्य भएका ठाउँमा सत्य, अन्धकार भएका ठाउँमा उज्यालो, अकाल मृत्यु भएका ठाउँमा प्राणदायिनी अमृत देऊ तर उहिलेको पढाइ र गराइ अनि अहिलेको पढाइ र गराइमा पनि त छ ठूलै अन्तर ।

अहिले त सरकारका 'गर'पालिकाहरू नै आफैं 'न'गर र पालन पनि

'न'गर भन्छ र यसको कार्यान्वयन गर्नमा पनि उत्तिकै जोड दिन्छ । रिसाएर नखा र नपढ भन्दा खा र पढ् भन्ने अर्थ लागे झैँ नगर पालिका भनेको गर पालिका भन्ने अर्थ पनि लाक्षणिक कोणबाट लाग्छ तर यहाँ काम गराइको शैली हेर्दा लाग्दैन त्यस्तो । मानवता प्रेम र अमनचयन खोस्ने । सद्देलाई असद्दे र निरोगीलाई झट्टै रोगी बनाउने । सायद यसैले भन्न थाले मान्छेले 'न'गरपालिका । कोरोना भाइरस १९ को प्रभाव देखेका कर्मचारी र पदाधिकारी महाशयहरूले अब चाहिँ आफ्ना संस्थालाई गरपालिकाझैँ बनाउनु होला कि ! या उही व्यास नगर पालिकाझैँ रिमीझिमी गराइरहनु होला कुन्नि ? यसलाई चाहिँ अहिले आगतलाई जिम्मा लगाएँ मैले ।

कसैले भन्दा हुन् यो त संस्कृत शब्द हो । यसलाई त्यसरी व्युत्पादन गर्न त मिल्दैन । हो, मिल्दैन थियो तर यहाँ केचाहिँ मिल्ने कुरा भएको छ र ? सबै छन् उल्टा मात्रै । यसैले राखे मान्छेले नेपालीनाम 'न'गरपालिका । काम र नाम ठ्याक्कै मिल्ने । सायद यो नाम तपाइँलाई पनि ठीकै लागेको हुनुपर्छ कि कसो ?

नवलपुर ।

✡✡

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ

**'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल

**'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली

**'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ विद्यानाथ उपाध्याय

**'नन्द आनन्द दुल्की दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ नारायण तिवारी

**'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
२०७७ होमनाथ सुवेदी

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





# मन बुद्धि र विवेक

**डा. नारायण निरौला**

यो मन बडो विचित्रको हुन्छ । यसको गति र स्थितिलाई जो कसैले जान्न सक्दैन । अनन्त उत्ताल-ताल तरङ्गहरूमा ढल्पल-ढल्पल गरिरहेका चपल स्वभाववाला असीमित भावभङ्गिमाहरूले जीवनका हरेक अवस्थामा प्रत्येक पलमा र अनेकानेक परिस्थितिमा अनवरत पारिरहेका अनगिन्ती प्रभावहरूका अनेकौं शाखाहरूका पनि असङ्ख्य शृङ्खलाहरूको मूल, चञ्चल स्वरूपवाला, अन्तस्करणलाई आह्लादित गर्नमा मुख्य कारण तथा अत्यन्त रमणीय नवीनताको अनुशीलनमा बारम्बार तत्पर, इन्द्रि|यहरूमा अग्रगण्य रहेको, सङ्कल्प जसलाई प्रतिज्ञा पनि भनिन्छ र विकल्पको कारक, कतै जसको पर्यायवाचीका रूपमा चित्तलाई लिइएको छ त्यस्तो छ यो 'मन' । जसका कारणले मानवीय गुण र अवगुणहरूको अत्यन्त शीघ्र नै विकास र ह्रास हुने गर्दछ ।

प्रायः गरेर मानिसहरूले तृष्णाको बारेमा सोचेका पनि हुँदैनन्, जसको मूलकारण मन नै हो । त्यसैले कतिपय व्यक्तिलाई तृष्णा भनेको के हो भनेर सोध्ने हो भने स्पष्ट उत्तर दिन सक्दैनन् । आधुनिक शिक्षा पद्धतिले तृष्णा, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, घृणा, दया, माया, करुणा, प्रेम, आलस्य, शत्रुता, मित्रता, परोपकार र सेवा जस्ता अनेकौं मानवीय गुणहरूका बारेमा बिल्कुलै सिकाउँदैन भन्दा अत्युक्ति नहोला अनि तिनै शिक्षकशिक्षिकाहरू आफ्ना विद्या-सन्ततिहरूलाई र अभिभावकहरू आफ्ना छोराछोरीलाई सन्मार्गमा प्रवृत्त भएको देख्न चाहन्छन् । यो त 'उँधो बगाएर उँभो खोज्न जानु' भने जस्तो एकदम विपरीत स्थिति हो । अँ म तृष्णाको बारेमा बताइरहेको थिएँ । मानव जातिले तृष्णाको बारेमा जान्न किन आवश्यक छ ? आखिरी तृष्णा के हो ? र यसले मानिसलाई कसरी आफ्नो प्रभावमा पार्दछ र यसको प्रभावमा परेका मानिसले के गर्दछन् ? यसबाट बँच्ने उपाय के छ ? यो कुरा बुझ्न अत्यन्तै आवश्यक छ । तृष्णा मनको सारथि, सहयोगी र साथी हो । तृष्णाले मनलाई अप्राप्त कामना तृप्तिका लागि हुट्हुटी लगाइरहन्छ, जसमा सहि र गलतको विचार परम्परालाई ध्यान दिंदैन । वास्तवमा भन्नुपर्दा यो मनको एउटा अवस्था विशेषकै नाम हो ।

तृष्णाका कारण नै मनुष्य काम, क्रोध, लोभ, मोह, दम्भ र ईर्ष्या आदिलाई

भावनात्मक रूपमा नै प्रोत्साहन दिन्छन् र तिनका कारण व्यक्तिको मन बुद्धि र शरीर सामान्य विषयवस्तुमा नै भुलिन पुग्दछ । यसरी मानव तृष्णा पूर्तिका निमित्त नै बाँचिरहेको हुन्छ । यसकारण उसले जीवनका अनेकौं महत्त्वपूर्ण लक्षहरू थाहै पाउँदैन । यस्तो महत्त्वपूर्ण मानवजीवन पनि यसैका कारण पशुपक्षीहरूझैं बित्दछ । पशुपक्षीहरूमा यतिबिघ्न तृष्णा हुँदैन जति मनुष्यमा हुन्छ । त्यसैले मनुष्यभन्दा शान्त छन् तिनीहरू । मानिस अशान्त छ किनकि उसको मनलाई तृष्णाको जालोले बेरेर राखेको छ । जसको बुद्धिमा तृष्णाको जालो बेरिएको छ उसको मति विवेकहीन हुन्छ किनकि तृष्णाले विवेकको समूल नष्ट गरिदिन्छ । तृष्णा र विवेक जन्मजात शत्रु हुन् । विवेकी व्यक्तिमा आसक्तिपूर्ण तृष्णा हुँदैन । आसक्तिरहित तृष्णा ईच्छा मात्र हो र यसले कर्तव्यलाई ध्यान दिन्छ र त्यो कल्पनामा परिणत हुनसक्दछ । कल्पनामा परिणत भएको इच्छाका साथमा विवेक र बुद्धि रहन्छ । बुद्धि विवेक र कल्पनाको संयोजनले नवीन रचनाको विकास गर्दछ भने विवेकहीन बुद्धिका साथमा रहेको तृष्णाले विनासको मार्गलाई विस्तारित गर्दछ । यसरी जसले तृष्णालाई बुझेको छ अनुभव गरेको छ उसको जीवनका अनेकौं समस्याका ग्रन्थीहरू आफ ंखुल्दै जान्छन् र जीवन सुखमय मार्गमा प्रवृत्त हुँदै जान्छ ।

विषयहरूको तृष्णा नै सबै प्रकारका दुःखहरूको उद्गम स्थान हो । सामान्य व्यक्तिले त्यसलाई त्याग्न सक्दैनन् र तत्त्वचिन्तन गर्नेमध्ये थोरैले त्यसलाई निकै कठिनतापूर्वक त्यागेका हुन्छन् । शरीर बूढो हुँदै जान्छ तर पनि त्यो लबस्तरी तृष्णा नित्य तरुनी हुँदै जान्छे । तत्त्वदर्शी सज्जनहरूले तृष्णालाई त्यागेर आत्मकल्याणको मार्गलाई अवलम्बन गर्न परामर्श दिएका छन् । उनीहरूले भनेका छन् कि पुरुषहरूले एकान्तमा आफ्नी आमा, दिदी, बहिनी र छोरीका साथमा पनि एक्लै नबसुन् । इन्द्रियहरू यति बलिया हुन्छन् कि यिनीहरूले ठूला ठूला विद्वान्, साधक, तपस्वी, मुनि, ऋषि, महर्षि, ब्रह्मर्षि र देवर्षिहरूलाई समेत विचलित पारेका कथाहरू प्रशस्त मात्रामा पढ्न र सुन्न पाइन्छन् । तृष्णाले कसैलाई छाड्दिन । बुद्धिले मानव मस्तिष्कलाई त्याग्न सक्दछ तर विवेकहीन बुद्धिमा आश्रित रहनेवाला मनले तृष्णालाई कदापि त्याग्दैन ।

एउटा बालकको मन यति द्रुतगतिमा चलिरहेको हुन्छ कि यसले बालकको मस्तिष्कको विकासका साथसाथै शरीरको पनि विकास गरिरहेको हुन्छ ।

विशाल ज्ञान भण्डारको विस्तृत कोषीय परिधिको आधारलाई सजिलै गुट्मुट्याएर आफूभित्र अटाई अनन्त सम्भावनाका अनगिन्तीद्वारहरूलाई सधैं खुल्ला राखी स्वच्छ सफा रमणीय तथा फराकिला फाँटहरूमा हुर्कन रुचाउने





इच्छा, आकाङ्क्षा, अभिलाषा, विचार, चिन्तन अनुभव आदिलाई सहजै आफ्नो पोल्टामा तन्मयताका साथ ममतामय न्यानो मायाले पुल्पुल्याउँदै खेलाएर हुर्काउन सक्ने ओजस्वी सामर्थ्यलाई हरपल संरक्षित र सम्पोषित गरिरहने

तेजस प्रखर प्रदीप्त र प्रचण्ड ज्ञान र विद्याका परम हितैषी कहाँको बुद्धि र कहाँको अस्थिर प्रकृति विचारशून्य चिन्तनहीन अत्यन्त चञ्चल मनको तुलना कसरी हुनसक्छ ?

बुद्धि स्थिर प्रकृतिको हुन्छ । यसको तीक्ष्णता र मन्दताको निर्धारण अन्य मानवीय अवयवहरूझैं गिदी नामक शाखाको संरचनाको अवसरमा अनेक प्रकारका प्राकृतिक तथा अप्राकृतिक, दृश्य तथा अदृश्यात्मक तत्त्व विशेष प्रकृतिको हुन्छ यो । यसको कार्यक्षेत्र पनि विचित्र प्रकारको हुन्छ । कहिले नर कङ्कालका अस्थिपन्जरहरूमा ज्ञानको गुदी पाउँछ भने कहिले हज्जारौं वर्ष पुराना  मृतशरीर (ममी) र चिहानहरूका इतिहासको अध्ययन र त्यसबाट प्राप्त सन्तुष्टिमा आनन्द प्राप्त गर्दछ । कहिले मरुभूमिको अत्यन्त उष्णीय वाफहरूका बीच मधुरमय काव्यधाराको रसलाई घटघट पिइरहेको हुन्छ । कहिले चट्टानका शिखरहरूमा र कहिले समुद्रको खारो पानीमा उमङ्गका रसिला मीठा फल पाउँछ ।  कहिले शिशिर ऋतुको धवल तथा कठ्याङ्ग्रिने हिउँहरूमा आनन्दको मूल पाउँदछ । कहिले परमाणुहरूमा त कहिले अन्तरीक्षको अनन्ताकाशमा असीम आनन्द लिने गर्दछ । यसलाई सजिलो साधनभन्दा अप्ठ्यारो साधनको उपयोग गरी सफल हुनमा ज्यादा आनन्द लाग्दछ । यसको पृष्ठभूमि दह्रो र बाल्यावस्था पोषिलो र परिश्रमी छ भने शरीरको खस्कँदो अवस्थामा पनि उसले काम गरिरहेको हुन्छ ।

ती इन्द्रियहरू जसले आआफ्नो क्षेत्राधिकारबाट जीवनका पाटाहरूलाई नियालिरहेका छन् तिनीहरूका कार्यक्षेत्रको अनुभवलाई सूक्ष्मतम विन्दुबाट ग्रहण गरी आत्मकल्याण वा समस्त मानव कल्याणका अनन्त बाटा र पाटाहरूलाई खोल्न सक्ने सम्भावनाको स्रोत नै बुद्धि हो तर विवेकविनाको बुद्धि र ढङ्गविनाको व्यवहार उस्तैउस्तै हुन्छन् । धेरै बुद्धि भएर पनि विवेक भएन भने जीवनमा शान्ति हुँदैन । कसैको पुस्तकमा भएको कुरा पढाउने सक्ने बुद्धि हुन्छ तर कर्तव्याकर्तव्यको विवेक हुँदैन, जस्तैः सन्तान र छात्रहरूलाई जाँडरक्सी चुरोट खान हुँदैन भन्ने अभिभावक र शिक्षकहरूले स्वयं त्यही मार्गमा चल्नु भनेको विवेक नहुनु हो । पशुपक्षीले नखाने कुरो कहिल्यै खाँदैनन्, नगर्ने कुरो कहिल्यै गर्दैन् जसलाई मानिसले बुद्धिहीन भनेको हुन्छ उसमा त्यति विवेक त रहेको हुन्छ नै । अचेलका अधिकांश शिक्षित महिलाहरू प्रसूतिपश्चात् बच्चाको हेरचाह गर्न जान्दैनन् तर पशुपक्षीले यो जानेका हुन्छन् । यसरी विवेकको विचार गरिन्छ ।

त्यसरी नै विवेक व्यवहारमा झल्कन्छ । बुद्धि ग्रहण गरिने तत्त्व हो भने विवेक स्वयं उत्पन्न हुन्छ । बुद्धिलाई खोजेर पाउन सकिन्छ अर्थात् सङ्गत, शिक्षा, चर्चा, बहस, उपदेश आदिबाट परिश्रम गरेर उपार्जन गर्न सकिन्छ । गुरुसँग बसी उहाँको ज्ञानको दोहन गरेर आफ्नो अज्ञानरूपी थैलो भर्न सकिन्छ । देश-काल-परिस्थिति हेरेर सङ्ग्रह गर्न सकिन्छ । बजारमा सागसब्जी बेच्न गएको व्यक्ति ग्राहकबाट पनि केही सिकेर आउन सक्छ । फिल्महरूबाट पनि धेरै कुरा सिक्न सकिन्छ, त्यसैगरी गोठालो जाँदा गर्विणी गाईले बाछो पाएको देखेपछि उसले त्यसको संरक्षण लागि अनेक उपाय लगाउँदछ, साथीहरूका कुरा सुन्छ यसरी पनि उसले आफ्नो बुद्धिलाई बढाउँदछ । सामान्यतया यसरी हेर्दा बुद्धि अमूर्त क्रीत पदार्थ हो । उपार्जित बुद्धिको सक्दो व्यय गरेर त्यसको संरक्षण र सम्वर्धन गर्न सकिन्छ तर विवेक त्यस्तो कुनै पदार्थ होइन जसलाई ती उपायहरूका द्वारा आर्जन गर्न सकियोस् । विवेक उपार्जनका लागि कसैले प्रयत्न गर्दैन किनकि विवेकको आश्रय बुद्धि हो । बुद्धिलाई छाडेर विवेक अन्यत्र रहँदैन । यहाँ त्यस्तो बुद्धिलाई ग्रहण गरिँदैन जसलाई व्यक्तिले मात्र जीविकोपार्जनका लागि किनेको छ । बुद्धिको तात्पर्य यो हो कि जसले कर्तव्य र अकर्तव्य, भोग्य र अभोग्य, खाद्य र अखाद्य, गम्य र अगम्य, पेय र अपेय, वक्तव्य र अवक्तव्य आदि कुराहरूलाई व्यवहारमा ल्याउनु हो भने विवेक भनेको तिनलाई कहाँ र कसरी प्रयोग गर्ने हो भन्ने कुरा जान्नु हो । घरमा एउटा सानो बगैंचा र करेसाबारी बनाउनु बुद्धिमत्ता हो र कुन मौसममा कुन फूल फुल्छ अथवा कुन सागसब्जी फल्दछ कुन समयमा गोडमेल गर्नुर्पदछ भन्ने कुरा जान्नु ज्ञान हो भने कुन फूललाई कसको साथमा कुन अगाडि कुन पछाडि र कुन कोणमा राख्दा राम्रो सुहाउँछ भन्ने कुराको विचार पुऱ्याएर काम गर्नु विवेक हो । यसैगरी फूल फुल्दै गर्दा बोटबिरूवालाई जथाभाबी छुन हुँदैन भन्ने जान्नुचाहिँ ज्ञान हो भने बोटबिरूवा जथाभाबी नछुनु, नहल्लाउनु विवेक हो । त्यसैले त विवेक पुऱ्याएर काम गर्नु भनिन्छ । जति मन लगाएर काम गरे तापनि बुद्धि पुगेन भने त्यसले दुःख निम्त्याउन सक्छ जस्तै :

कहिलेकाहीँ मानिसलाई बुद्धिले यस्तो गर्न हुँदैन भनेर जान्दाजान्दै पनि मनले गराएर छाड्छ । कसैकसैले गलत कार्यलाई पनि आफ्नो विवेकको दुरुपयोग गरी सही ठहऱ्याउँछन् अथवा यति गोप्य तरिकाले गर्छन् कि कसैले थाहै पाउँदैनन् तर मन यस्तो छ कि त्यसै कार्यका प्रति बारम्बार प्रेरित गरिरहन्छ । विवेकी व्यक्तिले बुद्धिको सहारा लिएर त्यसको बारम्बार प्रयोग गर्दैन तर अविवेकीहरू मनको लहलहैमा लागिरहन्छन् र एकदिन फँस्दछन् ।

जो व्यक्ति कर्मवासनाका द्वारा प्रेरित भएर विषय-भोगको मात्र चिन्तन





गर्दछ त्यसको मन अनेक प्रकारका कर्मको सृष्टिमा मात्र लाग्दछ । यो मन कस्तो छ भने मानौं कि यसको मुख शरत्कालीन सौन्दर्यको राजा कमल जस्तो सुन्दर र मनोहर छ अनि यसको काल्पनिक मनोरम उद्गार (वाणी) यति मीठा हुन्छन् कि मानौं अमृत नै घोलिएको छ तर यसको हृदय अर्थात् व्यवहारहरू अत्यन्त धारिला र तिखा हतियार जस्ता हुन्छन्, जसले अन्ततः पश्चात्तापको भूमरीमा पारिदिन्छ । यसो भन्दैमा मन अत्यन्त दोषी र दुष्ट छैन । यसको स्वभाव चञ्चल छ मानौं कि त्यो लिरबिरे बिरुवा हो र हावा जताजता चल्छ र त्यतै त्यतै ढल्छ । यसको तात्पर्य हो मनले त्यस्तै कार्य गर्दछ जस्तो उसको कल्पनामा आउने गर्दछ । त्यही अनुसार त्यसले इन्द्रियहरूलाई आदेश दिन्छ र तिनीहरूले काम गर्दछन् ।

बुद्धिले सधैं मनलाई नियन्त्रण गर्न सक्दैन । बुद्धिमान् व्यक्तिहरू पनि मनसहित इन्द्रियहरूका दास हुन्छन् र तिनीहरूकै पूर्तिका लागि आजीवन काम गर्दछन् । यहाँसम्म कि इन्द्रिय पूर्तिकै लागि अध्ययन, अध्यापन र अनुसन्धान समेत गर्छन् र गराउँदछन् र यसैको माध्यमले जीवन यापन गर्छन् र गराउँदछन् । त्यस्ता इन्द्रियका दासहरू जसलाई मनको इच्छा पूर्ति गर्नका लागि इन्द्रियको मात्र सेवा गर्नुछ तिनीहरूले जानीनजानी मानवीय स्वभाविक विवेकलाई कुँजो पारेका हुन्छन् वा मारिदिएका हुन्छन् र बुद्धिलाई बाँधिदिएका हुन्छन् । त्यस्ता व्यक्तिको कुँजो विवेकले समयमा सही काम गर्न सक्दैन किनकि त्यसबेला ऊ लाटो जस्तो बोल्न सक्दैन । विवेक त तब फष्टाउँछ जब मनमा दया, माया, ममता, प्रेम, करुणा, सौहार्द, सहयोगी भावना, आत्मीयता र परदुःख कातरता जस्ता अनेकौं भावनाहरू मनमा निरन्तर फुल्दछन् र बुद्धिमा तिनका विषयमा रसिला तार्किक आलङ्कारिक र व्यवहारिक जस्ता उच्च मानवीय चिन्तनहरू फल्दछन् र स्वयं जीवनमा उतारेर त्यसलाई पकाउँदछन् र पस्कन्छन् समाजमा । वास्तविक मानवीय उच्च मूल्यमा आधारित जीवन जिउनका लागि ज्ञान भएको बुद्धिभन्दा विवेक भएको बुद्धि अत्यन्तै श्रेयस्कर छ र त्यो सन्तोषजनक, आनन्ददायी र सर्वकल्याणकारी पनि हुन्छ । विषयगत ज्ञानमा पारङ्गत भएको तर विवेक नभएको बुद्धि स्वार्थी हुन्छ र मानवको त्यो स्वार्थ यतिसम्म बढ्दै जान्छ कि त्यसको वृद्धिका लागि उसको तीव्र प्रवृत्तिले संसारलाई विनासतर्फ जाने बाटोको निर्माणमा एउटा पथ्थरको समान कार्य गर्दछ । यसले आत्मपतनको मार्गलाई पनि अँगालिरहेको हुन्छ । त्यसैले विवेकीजनले यस अवस्थाको सृजनाको मूलाधारलाई बुझ्नुपर्दछ । त्यसैले मनलाई अनेक प्रकारका विषयतर्फ जानबाट रोकेर लक्ष र शान्ति प्राप्त गर्न तर्फ लाग्नुपर्दछ । यसका लागि इच्छाहरूको नियन्त्रण, समुचित आहार र प्राणायामादि मुख्य सहायक सिद्ध हुन सक्दछन् ।

कोही व्यक्ति बुद्धि नभएको मूर्ख छ र कुनै काममा मन पनि मार्दछ भने पनि विवेक छ भने अत्यावश्यक कामहरू जसरी भए पनि गरेरै छाड्दछ र उसले त्यो काम कसैको लागि गरिरहेको हुँदैन मात्र ऊ आफ्नो कर्तव्य पूरा गरिरहेको हुन्छ । मात्र उसले त्यसमा मानवीय दायित्व देख्दछ । त्यो काम चाहे यश दिने होस् चाहे अपयश, उसलाई दुवैको चाहना हुँदैन । मन सङ्कल्प र विकल्पमा रुमलिन्छ, इच्छा पूर्तिका लागि दौडिन्छ, बुद्धि यश र अपयशको विचारमै रनभुल्ल हुन्छ तर विवेकलाई यी सबै कुराले फरक पार्दैन उसले कर्तव्यतर्फ मात्र ध्यान दिन्छ । विवेक एउटा त्यस्तो शक्तिशाली कोष हो जसमा असङ्ख्य उच्चमानवीय गुणहरू विद्यमान रहन्छ ।

चतरा, सुनसरी ।

**


**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क,**

**हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर,**

**फिलिम तपाईंका लागि उपलब्धिपूर्ण**

**हुन सक्छन् !**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com

**गीत, गजल,**

**म्युजिक भिडियो,**

**विवाह, कार्यक्रम आदिको लागि**

हामीलाई सम्झनुहोस्

Four Cube Entertainment
9860660925/9841466812






# जीवनको उद्दाम वेग

**पुण्य कार्की**

वेग हानी उडेको चरो हेर्न लोभिन्छु म । चराको त्यस वेगले हृदयमा चारूताको भाव पैदा गर्छ । शिशिर र वसन्तको सङ्गम कालमा सुसेलो हाल्दै आउने आँधीले आकर्षित गर्छ । आँधीको आवेग हेर्न पनि म औधी लोभिन्छु । निलसागरमा बेगिँदै बटारिँदै उर्लिने सामुद्रिक ज्वारभाटाले मनमा आनन्दको ज्वार पलाउँछ । छाँगाबाट बेग हान्दै झर्ने झर्नाले हृदय विमोहित गर्छ ।

प्रकृतिका हर वेगहरूमा आवेगहरूमा आफ्नै जीवनको उद्याम वेग देख्छु म । यी वेगहरूले मभित्र जीवनको उत्कट आशावाद अभिसञ्चार गर्दछन् । भर्खरै गगनपथबाट बेगिँदै बटारिँदै रौद्र गर्जना ओकल्दै आएको कालो बादलले एक झर पानी झार्‍यो । खङ्ग्रङ्ग सुकेको धर्तीबीच जीवनका अङ्कुरण पलाउन थाले । वर्षात् छर्नु अघि वेग हेर्न ल्याएको थियो । हुलका हुल बादलहरू एक अविराम वेगमा पूर्वबाट पश्चिम दौडिरहेथे । धुनियाले पल्लामाथि रूवा फिँजाएझैं छिनभरिमा आकाशको पल्लाभरि मेघजाल फिँजियो र निमेषभरमै पानीका दानाहरू ओइरिन थाले ।

प्रकृतिका यिनै वेगले मलाई भित्रबाट छुन्छन् । भित्रका मेरा कोमल तन्तुहरूलाई स्पर्श गर्छन् । कम्प दिन्छन्, साथै मभित्रका जड अवयवहरूलाई पनि यिनले छुन्छन् र मलाई तरङ्गित बनाउँछन् । यिनले गतिशील जीवनका लागि उद्वेलित पार्छन् । जीवन यात्रामा एक अभिनव रोमाञ्च थप्छन् ।

मलाई जडताको जकडबन्दीबाट माथि उकासेर अविराम दौडाउन थाल्छन् । जीवनहीन रुग्ण अवस्थालाई तोडेर जाग्रत उज्यालोतिर अभिमुख गराउँछन् । मलाई हर्दम उज्यालोको उपासक बन्न प्रेरित गर्छन् । मलाई हर्दम गत्यात्मक जीवनको अथक गायक बनिरहन निर्देश गर्छन् । यसरी प्रकृतिका हर वेगहरूले जीवनहीन अवस्थाबाट जीवनशील पदमार्गको गोरेटोमा मलाई हिँडाइरहन्छन् ।

मानिस प्रकृतिका हर अवयवबाट प्रेरित छ । पल्लवित छ । पुष्पित छ । प्रकृतिबाटै मानिस उद्रेक आनन्द प्राप्त गर्छ । सुख, दुःख, आँसु, हाँसो सबै प्राकृत तबरले निसृत छन् । यसले मानिसलाई जडताबाट माथि उठ्न कुत्कुत्याउँछ । मूढताबाट मुक्त हुन बल पुर्‍याउँछ । सुस्तताबाट तीव्रतातर्फ त्वरित उचाइ हासिल गर्न ऊर्जा थप्छ ।

प्रकृतिको सत्ताले मानवीय चेतन-सत्तालाई परोक्ष-अपरोक्षरूपमा प्रवावित मात्र गर्दैन, पुनर्सिर्जन र परिष्कारतर्फ पनि डोऱ्याउँदछ । कविले फूल हेरेर फूलजस्तै सुन्दर कविता रच्न सक्छ। हिमाल हेरेर आफ्नो स्वाभिमानलाई हिमालझैं अटल र उच्च बन्न प्रेरित गर्छ। नदीबाट जीवनको अविरल प्रवाहमा पौडिने प्रेरणा सँगाल्छ। चराको वेग देखेर आकाशमा उडान भर्ने सपना सँगाल्छ।

प्रकृतिका विम्बबाट मानिसले आफ्नै जीवनका विम्बहरू कुँद्न सक्छ। प्रकृतिका लयबाट मानिसले आफ्नै जीवनमा लयविधान उमार्न सक्छ।

प्रकृतिकै अनुप्रेरणाले जीवनका उत्कर्षहरू छुँदै आएको छ मानिसले। चराकै वेग हेरेर जेट-विमान उडाउने कला जान्यो भन्छन् विचारकहरू। आँधीको वेग देखेर सुपरसोनिक रेलको वेग झिक्यो भन्छन् चिन्तहरू। समुद्रको अतल गहिराइमा माछीगणको बाँकटे वेग देखेर पनडुब्बीमा पौडीकला थप्यो भन्छन् मर्मज्ञहरू।

नदीको वेगमा जीवनको अनमोल स्पन्दन छ। जलराशीको प्रवाहमा जीवनको गति सल्बलाइरहेको छ। समुद्रमा मात्रै कहाँ उठ्छ र ज्वारभाटा ? मानिसको हृदयमा पनि ज्वारभाटा उठ्ने गर्छ। अनेक आलोडन-विलोडन मच्चिने गर्छ।

प्रकृतिको झञ्झावातले हृदयमा पनि विचारको भावको झञ्जा पैदा हुन्छ। जसले मानिसलाई ऊर्ध्वगामी बनाउँछ। जसले जमिनबाट मानिसलाई आकाशगामी बनाउँछ। जमिनको घस्रिने अवस्थाबाट वायविक उडान भर्ने बनाउँछ। कस्मिक उडानमा लैजान्छ।

कुवाको पानीमा कुनै वेग हुन्न। पोखरीको पानीमा कुनै वेग हुन्न। आफैंभित्र कुहेर कीटाणुमय बनेको हुन्छ पोखरी। यसको अन्तर्गभमा दुर्गन्धको कालो लेदो जमेको हुन्छ। जसले गर्दा झर्नाको वेगमा जुन कञ्चन स्फटिकको आभा तैरिन्छ, कुवाको पानीमा त्यसको अभाव रहन्छ।

वेगमा त सौन्दर्यको अनौठो जादू खुल्दछ। यसमा जीवनका अद्वितीय स्पन्दनहरू चल्मलाइरहेका हुन्छन्। वेगहीन, गतिहीन चीजहरूमा त्यो सौन्दर्य देख्न सकिन्न। आकाशमा उँगेको सूर्यलाई सुन्तलाको दानो ठानेर टिप्न उडेको पवनपुत्र हनुमान्को वेगले सानैमा लोभ्याएको थियो मलाई। बाज बेगिएझैं आकाशमा बेग हानेर समुद्रमाथि उडेको हनुमान् लङ्का पुगेर एक झमटमा नै सीता भेटी अशोकवाटिका विनाश गरेको मिथकले मलाई मोहनी लाइरहेको छ।

सुरुमा हनुमान्लाई आफ्नो वेग कति हो ? थाहै थिएन। आफू कति उड्न सक्छु, पत्तै थिएन। आफ्नो सामार्थ्यको कुनै इन्तिजाम थिएन। हनुमान् पनि अरू बाँदरकै हुलमा मिसिएर रोइरहेथ्यो। सीताजीलाई लङ्कापति रावणले हरेर





समुद्र पारी पुऱ्याएको रहेछ, अब कसरी लङ्का पुग्ने ? निरीह बाँदर सेना समुद्र किनारमा बसी आलापविलाप गर्न थाले। रामजीका सामु कसरी मुख देखाउने विलखबन्धनमा परे। हनुमान् पनि अरू सरदर बाँदरजस्तै रुन थालेपछि जाम्बवान् अघि सरेर हनुमान्को वेग वर्णन गरिदिए- तिमीले हामी जस्तो रुन मिल्छ, तिमीले हामी जस्तो काँतर स्वभाव देखाउन मिल्छ ? तिमी त जन्मिदै सूर्य छुन उडेका वीर पवनपुत्र हनुमन्त हौ। तिमीले आँट्दा यो समुद्र सहजै पार गर्न सक्छौ, तिमीमा त्यो बल छ, त्यो सामर्थ्य छ, त्यो शक्ति छ। तिमी चानचुने बाँदर होइनौ। साक्षात् वायुपुत्र हौ। तिमी भित्र वायुवेग छ। तिमीबाट मात्र रघुनाथले सुम्पिएको जिम्मेवारी हल हुनसक्छ ...............।

जाम्बवान्ले ऊ भित्रको वायुवेग चिनाइदिएपछि यसरी उड्यो क्षणभरमै लङ्का पुग्यो। सीता भेट्यो। रामको औंठी दियो। रावणको बगैंचा मात्र सोत्तर बनाएन कि एकसरो लङ्का जलाएर पञ्चवटी फर्क्यो।

ऊ वेलाको हनुमन्त मिथकीय एक प्रतीक हो। अहिलेका मान्छेका लागि एक शिक्षा हो। एक सङ्केत हो। यस प्रतीकले प्रत्येक व्यक्तिभित्र एक वायु वेग छ भन्ने कुरा उद्घोष गर्छ। प्रत्येक व्यक्तिभित्र वायविक उडानको क्षमता छ भन्ने कुरा अभिव्यञ्जित गर्छ तर व्यक्तिभित्र विन्यस्त वायविक वेग चिनाइदिने जाम्बवानहरूको जरुरी हुन्छ क्यारे।

आदिमकालको मानुष वेगले उडेका चरी पक्रिने सामर्थ्य राख्थ्यो। भीमकाय जन्तुजनावरलाई ढुङ्गा, भाला, बर्छाको वेगले तितरबितर पार्ने मात्र होइन, तिनलाई मारेर मासु भक्षण गर्थ्यो। जङ्गली कविला युगमा एक अर्कालाई लखेटालखेटको क्रम चलिरहन्थ्यो। कहिले जनावरबाट लखटिइन्थ्यो मानिस। कहिले जनावरलाई लखट्थ्यो मानिस।

जनावरले लखेट्ता पनि जीवन रक्षाको सीमान्त विन्दुमा वेग हानेरै बँच्तथे। वेग हानेर भागेन भने जनावरले शिकार बनाइहाल्थ्यो। मान्छे र जनावर बीचको भीषण द्वन्द्वमा मान्छेले जित्दा जनावरको शिकार गर्थ्यो। जनावरले जित्दा उसले शिकार गर्थ्यो। आदिम शिकारी युगमा जो वेगिलो बन्यो, सो बँच्यो। जो वेगिलो बन्न सकेन ऊ मऱ्यो। वेगमा अडिएको थियो जीवन।

लाखौं किलोमिटर टाढाबाट वेग हानी आउने रविरश्मिले मेरो धरा आलोकित छ। घामका किरणहरूको वेगमा जुन आतुरता छ। त्यो आतुरता अन्य कुनै चीजको वेगमा छैन। त्यति टाढाबाट केही मिनेटमा केही सेकेन्डमा किरण धर्ती ओर्लिनु एक चमत्कार ठान्छु म। जीवनलाई पोषण दिन र परिताप दिनकै लागि वेग मारी आएको हो कि त घाम। यसकै ऊष्मामा जाडो र अँध्यारोले बिदा लिन्छन्।

दिनमा रविरश्मि वेग हानी आएझैं रातमा चाँदरोशनी वेग मारेर धर्ती ओर्लिन्छ । रातको घनघटालाई शीतल उज्यालो पोतेर धर्तीमा माधुर्य मग्मगाउँछ । बादलबाट वेग हानी झर्ने वर्षात्का बुँदले धरणी हराभरा भई तरुणी बन्दछिन् । यिनै बाछिटाका वेगले मरुभूमितुल्य माटोमा अनन्त जीवन तृणका अङ्कुरण लहलहाउँछन् । केही दिनमा फुस्रो माटोबीच पनि घाँसका लहलह तरेलीहरू झुल्न थाल्दछन् र सन्ध्यामा त्यहाँ किरीहरूको गीत उठ्छ, जुनकुरीहरूको नृत्य छुट्छ ।

धर्तीलाई शश्यश्यामल र मनमोहक बनाउनमा बादलको यो सानो वेगले कति अहम् भूमिका खेलिरहेको छ ? धर्तीमा जीवनका अनन्त अनुराग उमार्न कति ठूलो भूमिका खेलिरहेको छ ? त्यसलाई नजर अन्दाज गरिरहेछु ।

एक साँझ मेरो घरको बार्दलीमा एउटा सेतो रङको परेवी वेग हानी आई । धर्तीमा कालो अँध्यारो पोखिइसकेको थियो । कुखुरा परेवा आफ्नो आलयभित्र पसेर निदाउने सुरमा थिए तर त्यो परेवा निकै विचलित अवस्थामा थियो । निकै हतास मुद्रामा थियो त्यो । मानौं ऊ जीवनरक्षाको याचनाका साथ मेरो टाङमुनि घुस्रेको थियो । केही सेकेन्डमै एउटा कालो बाज घरको धुरी चक्कर मारेर पश्चिम क्षितिजतर्फ लापत्ता भयो ।

मलाई अनुमान लगाउन गाह्रो भएन अब, त्यो आतुर मुद्रामा आएको परेवालाई बाजले लखटेको लख काटें । वेग हानी आएको परेवाले मभित्र अनेकन संवेगहरू जन्माइदियो ।

मलाई गहिरो अनुभूति भयो, वेगले संवेग पनि जन्माउँदो रहेछ । जीवन मरणको दोसाँधमा वेग हानी आउने परेवाले मभित्र करुणा जन्मायो । त्यसलाई बडो माया गरेर, जतन गरेर पुरानो गुँडमा राखें । त्यो एकदमै आतङ्कित मुद्रामा थियो । कहाँबाट कसरी लखेटिएर यहाँ आइपुग्यो, मैले कुनै अन्दाज गर्न सकिराखेको थिइनँ । यति सानो पक्षीलाई पनि मानवचरीको कति ठूलो भरोसा छ ? नत्र किन मेरो बार्दलीमा घुस्रिन आउँथ्यो ।

मलाई भित्रबाट एक सान्त्वना मिल्यो, कम्तीमा अब यो परेवाको जीवन बाँच्यो । मेरो पासमा अब यो सुरक्षित छ तर एकाध घण्टामै स्थिति उल्टो भयो । गाउँकी एक महिला आएर मेरो हराएको परेवा यहाँ आएको छ रे ! लिन आएकी, भनिन् । मैले लाचारीका साथ परेवा देखाइदिएँ । उनले परेवा लगेर राती नै काटेर खाइछिन् ।

यस कुराले मलाई नराम्रो पीडा दियो । परेवा वास्तविक रूपमा उनको थियो थिएन म पर्गेल्नपट्टि पनि लागिनँ । परेवा उनले लगेपछि त्यो अझ सुरक्षित हुने भयो भन्ने थियो तर बाजको मुखबाट त बँच्यो, उनको मुखबाट बँच्न सकेन ।





जीवन रक्षाको निम्ति उद्दाम वेगमा बतास्सिएर आएको परेवालाई बचाउन नसकेकोमा अपराधबोध भयो । त्यसकै वेगले संवेग जन्माइदिएको थियो मभित्र । त्यसकै वेगले संवेदना उमारिदिएको थियो मभित्र तर त्यो संवेदन संवेदनाहीन मानिसको व्यवहारले घाइते भयो । जीवनमा यस्ता अनन्त विरोधाभासहरू सामना गर्नुपर्छ मानव भएपछि, यसै भनेर चित्त बुझाएँ ।

जीवनमा सास रहुन्जेल, धुकधुकी चलुन्जेल र नसामा रगत बगुन्जेल एक त्वरित वेगमै वेगिने अभीप्सा जागिरहेको छ । विनावेगको गतिहीन जीवन स्वीकार्य छैन मलाई । विना वेगको सुस्त, पङ्गु र जडवत् जीवन किमार्थ ग्राह्य छैन मलाई । जय त्वरित वेग !

गाईघाट, उदयपुर ।

✱✱

**नेपाल-साहित्य समाज**

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
९. २०७७ डा.रामप्रसाद ज्ञवाली

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा
९. २०७७ नेपाली शिक्षा परिषद्, काठमाडौं

**http://www.nepalipublisher.com**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# जीवनको लहरिँदो लयमा

**बद्रीप्रसाद ढकाल**

जिन्दगीको वय निरन्तर तन्किरहेछ, एउटै अविरल गतिमा नदीको जलप्रवाहमा समाहित भएर बहिरहेछ । कहिले छाल उठेजस्तो लाग्छ, कहिले हुरी चलेजस्तो भएरै मनको तरङ्गमा छल्किन्छ । मस्तिष्कमा अनेकौं ज्वारभाटाहरू विचार बनेर आउँछन् र विलीन भएर जान्छन् । जीवनको गति आयामहीन भएरै रबरझैं तन्किरहेछ । मान्छेको उमेर खोलामा बगेको पानीझैं जन्मदेखि मृत्युपर्यन्त चलिरहेछ । पानीको बहावको झङ्कारमा कति सुख र दुःखका गीतहरू गुन्जिए र विलिन भए तर पनि अझै मानसपटलमा आशाका अनगिन्ती धर्साहरू कोरिएका छन्, निरन्तर कोरिइरहन्छन् । जीवनलाई आशावादी दृष्टिले हेर्न सक्नुपर्छ जीवनले सुमधुर धुन सम्झाइरहन्छ मात्र आत्मसात गर्न सक्नुपर्दो रहेछ । हाम्रो अगाडि अनेकौं लक्ष्यका पहाडहरू देखिन्छन् । नआत्तिकन विश्वासले, भर ोसाले निर्भिकताका साथ अगाडि बढ्दै जानुपर्छ । जीवनका लागि बाटो आफैंले खन्ने हो, बिस्तारै आफैंले खोस्रदै निर्माण गर्दै जाने हो त्यसैक्रममा आएका अवरोधहरू आफैंले हटाउँदै जानुपर्छ । लक्ष्यमा पुग्नका लागि यात्रा अनिवार्य छ । अविचल साहसिक भएर कर्ममा लागिरहनु पर्छ, जीवनले भनिरहेछ ।

जिन्दगीका प्रत्येक पलपलमा हामी परीक्षा दिइरहेका छौं, दिइरहन्छौं, रहरले होस् कि बाध्यताले । हामी परीक्षाबाट टाढा भाग्न खोज्छौं तर सकिरहेका हुँदैनौं । त्यसैले जुन कुराबाट भाग्न सकिन्न त्यहाँ खुसीले सामेल हुन सक्नुपर्छ, त्यसैभित्र रमाउन र समर्पण गर्न सक्नुपर्छ । परीक्षामा खुसीले सामेल हुनुपर्छ अनि मात्र हामी भित्रको डर, त्रास, भय मनोरञ्जन बनेर हौसला दिइरहेको हुन्छ । जसरी घडीको सुई निरन्तर चलिरहन्छ, घुमिरहन्छ र सहि समयको सङ्केत गरिरहन्छ त्यस्तै जीवनको अविरल गतिले बाटो पहिल्याइरहन्छ । चाहे दिन होस् या रात होस्, शरद होस् या वर्षात्, समयको गति रोकिन्छ र ? त्यसै सुखदुःखमा पनि जीवनको लय समातिरहनुपर्छ, हुरी चलोस् कि आँधी जीवनको लयमा हामी समाहित भइरहन्छौं, भइरहनुपर्छ ।

यो समय, यो प्रकृतिजस्तै नदीको लय एउटै गतिमा चलिरहेछ, हावाको चाप उसरी नै बहिरहेछ, केवल ऋतुको परिवर्तन हुन्छ प्रकृतिमा पनि, मानवमा पनि मनमा पनि अनि घरीघरी उठ्ने मनको तरङ्गमा हलचल आउँछ घरी हर्ष





घरि बिस्मात बनेर । इच्छा, आकाङ्क्षाका लहरहरू वयको चढावसँगै फेरिन्छन् । समयको रफ्तारसँगै खेलौनामा रम्ने, पुतलीमा झुम्मिने बालमन बिस्तारै वयको उकालो चढ्छ अनि अप्राकृतिक वस्तुलाई छिचोल्दै फेरि प्रकृतिमा रम्न थाल्छ । आरूका बोटमा फुलेका फूलहरूले जवानीका रोमरोममा काउकुती लगाउँछ, फूलजस्तै शरीरका कोमलतामा उन्माद भर्छ । वयको रमरमसँगै बैँसले कुत्कुत्याउँछ । कोपिला फूलमा, बिस्तारै फलमा बदलिएझैं हामी सुन्दर वयको उत्कर्षमा पुग्छौं । खुसी हुँदै, उफ्रदै, नाँच्दै नाँच्दै, रमाउँदै, परिवर्तनलाई आत्मसात गर्दै अनि संसार प्रेममय लाग्छ । विपरीत लिङ्गीप्रति तानिन्छौं, खिचिन्छौं । भवँराले फूलको स्पर्श गर्दाको दृश्यपानमा पनि बडो मीठो अनुभूति हुन्छ । फूलको कोमलपन माथिको स्पर्शले मिठासपूर्ण बनाउँछ । जीवनलाई कुनै सुन्दर वस्तुसँग तुलना गर्न पुग्छौं र ससाना खुसी सँगाल्दै, वय बुर्कुसी मारेर अघि बढिरहन्छ । त्यो बेला आफूलाई फूल र स्पर्शलाई भवँराको प्रेममय जादु सम्झेर मनमा हर्षका रेखाहरू उम्रन्छन् । जीवनको लयमा मिठासपूर्ण तरङ्ग उम्रन्छ, सङ्गीतका प्रेमिल धुन बज्न थाल्छन् । जवानीका प्रथम पलहरू खुसीका अनगिन्ती लहर सँगै छचल्किँदै उत्कर्षतर्फ उन्मुख हुन्छन् । जसरी लालित्यपूर्ण बिहानीमा सूर्यका कलिला रश्मीहरू बिस्तारै बिस्तारै रापिलो बन्दै जान्छन्, त्यसरी नै नदीका पानीका बुँदहरू खेल्दै, रमाउँदै, उफ्रँदै, छचल्किँदैं, बग्दै सागरका नजिक पुग्छन् सागरलाई भेट्ने आतुरताका साथ अघि बढ्छन् । त्यसरी नै जीवनको मिठासपूर्ण यात्रा चलिरहन्छ । मीठो यौवन बोकेर जीवन सुखद अनुभूतिमा वय आफ्नै लयमा चलिरहन्छ ।

हिजो बिताएका बालवय स्मृतिमा मिठास बनेर आइरहन्छ । त्यो अलौकिक आनन्द फेरि पाउन हामी सानो बालकका क्रियाकलाप हेरेर मुस्कुराउँछौं, छोएर आनन्द विभोर हुन्छौं र उसैसँग समय बिताएर आफूभित्रका रहर पूरा गरिरहन्छौं । साँच्चै नै कति प्यारो हुन्छ बालवय अनभिज्ञता र कौतूहलतापूर्ण समय । समय पनि कलिलो हुँदो रहेछ आफैंमा । जसरी फूल बन्न कोपिला हतारिन्छ, फल बन्न हतारिन्छ त्यसरी नै हाम्रो मन शरीर जवान बन्न हतारिइरहेको हुन्छ । बालवय बैंसालु बन्न हतारिन्छ अनि हाम्रो अगाडिको समयको गति ढीलो भएझैं लाग्छ तर समय कहिले चाँडो हुन सक्दैन् न त ढीलो । समय आफ्नै रफ्तारमा युगौंदेखि चलिरहेको छ । केवल बढिरहेका छौं हामी । समय फेरिन्न, बदलिन्न समयको स्वरूप उस्तै हुन्छ । बदलिने त मानिस हौं । फेरिने हाम्रो स्वभाव हो । परिवर्तनशील समय हैन । समयको निरन्तर प्रवाहमा घुमेर हामी बदलिरहेका छौं । बालक युवक बन्छ । बालिका युवती बन्छे । युवक वृद्ध, युवती वृद्धा । हामी समयलाई दोष थुपार्छौं । समयले गर्दा हामीले आरोह-अवरोह

देखियो भनेर गुनासो पोख्छौं । समयको गतिलाई निरर्थक लाञ्छना लगाउँछौं तर समय निर्दोष छ, निश्छल छ । ऊ त आफ्नै गतिमा चलिरहन्छ, चलिरहन्छ । केवल बदलिएको छ ऋतु, बदलिएको छ उमेर, बदलिएको छ हाम्रो स्वभाव अनि ऋतुअनुसार फुल्ने फरक फरक फूलझैं मानिसका सपना इच्छा र आकाङ्क्षाहरू सबका सब परिवर्तनशील छन् । नदीको पानीको लहरझैं अटुट अविच्छिन्न छ । लगातार एकपछि अर्को पानीको फोकाझैं आस उठ्दै फुट्दै बगिरहन्छ, बगिरहन्छ जीवनको लय र हाम्रो वय नदीको पानीजस्तै बनेर ।

फूलको सुन्दरता क्षणिक हुन्छ, भवँराले रस चुसिसकेपछि छोडिदिन्छ । पुनः रसपानको इच्छा नभएरसम्म नजिकै पर्दैन । बटुवा आराम गरिसकेपछि विश्रामस्थललाई फर्केर हेर्दैन् । तिर्खाले व्याप्त पक्षी जलपान गरेपछि भुर्र उड्छ र फेरि तलाउको नजिक पर्दैन जब पुनः तिर्खा नलागेसम्म । त्यस्तै ज्ञान प्राप्त गरिसकेपछि शिक्षार्थी जीवनको विगतको लयमा फर्कन्न, ऊ निरन्तर अगाडि बढिरहन्छ, लक्ष्यमा लागिरहन्छ । जीवनको कर्ममा अर्जुनदृष्टि लगाएर प्रयत्न गर्ने मात्र लक्ष्यमा पुग्छन् । साधनादेखि डराएर कोही सगरमाथाको शिखरमा पुग्न सक्दैन । अन्धकारसँग डरायो भने कहिले उज्यालो भेटिन्न । उज्यालो भेट्न अन्धकारलाई नाघ्न सक्नुपर्दछ । लक्ष्यमा पुग्न अवरोधका, समस्याका, अभावका पहाडहरू चढ्नु सक्नुपर्छ निरन्तर साधना गरिरहनुपर्छ । धैर्य, आँट, साहस, श्रम, समर्पण, समय र अथक साधनाले सफलता प्राप्त गर्न सकिन्छ । हाम्रो अगाडि परिश्रमबाट सफल भएकाहरूको थुप्रै उदाहरण छ । जसले निरन्तर अथक साधनापछि सफलता चुमेका छन् । ती उदाहरणीय बिम्व हाम्रा लागि प्रेरणाका स्रोत बन्न सक्छन् । इच्छाशक्ति र अथक साधना भए असम्भव पनि सम्भव हुन सक्छ । आत्मविश्वास भएमा असम्भव भन्ने कुनै कुरै छैन र रहँदैन । दृढ इच्छाशक्ति, निरन्तरको प्रयासले दासकुलमा जन्मेका अब्राहम लिङ्कन अमेरिकाका राष्ट्रपति बन्न सक्छन् । स्टेफन हकिङ र हेलेन केलरजस्ता फरक क्षमता भएका व्यक्ति अनुसन्धता तथा वैज्ञानिक बन्न सक्छन् । पारिजात शिरिषको फूल फुलाउन सक्छिन् । झमक घिमिरे जीवनलाई फूल बताउन सक्छिन् । जीवनको लयमा गतिशील भएर लागिरहे सुमधुर झङ्कार ध्वनित भइरहन्छ । जीवनको अनगिन्ति लहरहरू आइरहन्छन् तिनीहरूसँगै डुब्दै, उत्रँदै बगिरहे, छचल्किरहे लक्ष्यमा अवश्य पुगिन्छ, गन्तव्यमा सहजै पुगिन्छ, बगिरहनुपर्छ निरन्तर अविच्छिन्न, जीवन सार्थक बन्छ जीवनको लयमा ।

**

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**





# प्रेम

**भास्कर भण्डारी**

प्रेम सट्टाभर्नाको अभिलाषाविना सम्पूर्ण रित्याउनु हो । प्रेममा प्रेमको आकर्षण पनि रहँदैन । न त कुनै चुम्बकीय शक्तिको आकर्षणले तानेको हुन्छ । न कुनै गुरुत्वको पासोमा बाँधिएर एक ठाउँबाट अर्को ठाउँमा पुग्छ पानीजस्तो, या भनौं कुनै उछालको प्रतिक्रिया स्वरूप प्रतिद्वन्द्वित हुन्छ- अनुराग बनेर रागिनीको सुन्दर कल्पनामा । कुनै अनुरागी मनको उछाल हो प्रेम वा रागिनी स्वयम् जसको अनुमतिमा उदात्त तालमा छेडिरहिछन् कुनै राग तर पनि यस्तो लाग्छ प्रेम त कुनै प्रहारको प्रतिक्रिया स्वरूप उठेको राग हुनै सक्दैन । तब कुनै अनुरागी मनमा कति समय टिक्न सक्छ प्रेम । यो केहीको प्रतिक्रिया होइन । यो त हुन्छ वश हुन्छ ।

मैले कुनै प्रेमिल जोडीलाई तलाउ किनारमा ढुङ्गा फाल्दै एक अर्काको अँगालोमा कस्सिएर पानीका छालका तरङ्सँगै मनका रङ साटेको देखें । ओहो ! कस्तो सुन्दर युगल यौवन । प्रकृतिका सबै रङको समायोजन । ओहो ! कस्तो सुन्दर कलाकारी, कसको रचना ? त्यो ताल, त्यो पानी अनि डीलमा बसेर दिल साटेका ती जोडी । हिमालको मुस्कान समाएर आनन्दित यो तालको छाल अनि त्यही छालको पादस्पर्शले उद्वेलित यी प्रेमतरङ्ग जोडी ।

कतै त्यो प्रेम त्यह तरङ्ग हो कि ! मैले ती नव-यौवनाका मनको अन्तर कुन्तरमा पुग्ने कोसिस गरें । शून्य सिवाय शून्य केही भेटिनँ अनि फुत्त बाहिर आएर उनीहरूलाई नियालें । तिनीहरू झन् कसिलो अँगालोमा बाँधिएका थिए । कसको केको वियोगको डरले कसिएका छन् खै ! बुझ्नै सकिनँ । स्पन्दनको साटासाटमा रोमाञ्चित ती युगल यौवन कतै कुनामा झङ्कृत वीणाका तार, ती दुवै यौवनको छुट्टाछुट्टै झङ्कृत छन् या एकतारेमा एकल समाहित संयोगमा झङ्कृत छन् ।

नारदको एकतारेको झङ्कारित झङ्कार हो प्रेम या वीणाका अनेक तारमा झङ्कारित प्रत्येक तारका पृथक् पृथक् धुनका सङ्गतियुक्त सङ्गीत हो प्रेम । ती युगल यौवन एकै स्पन्दनमा स्पन्दित कसिएका छन्- एकअर्काको अँगालोमा या पहिलेबाट नै एकै छन् । कुनै दृष्टिभ्रममा परेर आफूलाई दुई सम्झिएका ती यौवन कुनै अदृश्य शक्तिले छुट्याइदिने भयले झन् झन् कस्सिँदै

छन् एक अर्काको अँगालोमा। त्यो अदृश्य मायाको परत अझै सकिएकै छैन। ती युगलमा प्रेम अझ केही टाढा छ।

त्यो तलाउमा ती जोडीले फालेको ढुङ्गाले निर्मित तरङ्गले किनार छोएर अलप भयो। त्यही क्षण त्यसरी नै तरङ्ग मनको एक कुनामा उठेर अर्को कुनामा अलप भयो। त्यो प्रेम हो। त्यो प्रेम हैन। त्यसैगरी तिनीहरूबीचको स्पन्दनको साटासाट पनि तरङ्गका छाल-उछाल न हुन्। छाल-उछालको क्रिया-प्रतिक्रिया। प्रतिक्रियात्मक आवेगमा प्रेमले कसरी जीवन पाउन सक्छ ? ती पनि त एक विन्दुबाट अर्को विन्दुमा पुगेर अलप हुन्छन्। उछाल त छालको प्रतिक्रिया न हो ? क्रिया-प्रतिक्रिया, ध्वनि-प्रतिध्वनिजस्तो प्रतिक्रियात्मक शक्ति प्रयोगमा प्रेम कसरी हुन्छ ? प्रेम त एकाकारको बोध हो तब त्यसको सिर्जना विपरीतको भेदबाट कसरी सम्भव छ ?

केही दिएर केही पाउने अभिलाषाले अहङ्कार जन्माउँछ। अहङ्कारको ओढनीमा प्रेम लुप्त हुन्छ। केही पाउने अभिलाषारहित सम्पूर्ण रित्तिनु नै प्रेम हो। केही प्राप्तिको अभिलाषासहित दिनु अहङ्कार हो तर पनि मेरो तार्किक चेतले दिनु मात्रलाई त शून्यको यात्रा मात्र भन्न सक्यो। भौतिक जगत्मा शून्य मात्रको महत्त्व शून्य नै छ। केहीले शून्यलाई आफूसँगै डोऱ्याएको हुनुपर्छ, मात्र शून्य त एक्लै रहनै सक्दैन। त्यस्तो शून्यबाट अरू के सिर्जना गरौं ? रित्तिएको मैले अब अरूलाई कसरी केही दिऊँ ? आफै सकिएपछि अरूलाई दिन के नै बाँकी रह्यो र ? त्यस्तो शून्य प्राप्तिको बाटोमा हिँड्ने अनुमति मेरो चेतले मलाई दिनै सकेन।

नलिई दिइरहने भन्ने कुरा कहीँ कतैबाट तर्कसङ्गत पाउँदिनँ। तब त केही लिने अभिलाषासहित ती युगललाई दुवैतिर बाँडिएर बसेको छु मेरो कल्पनामा। दुवैमा स्वयंको अहङ्कार बल्छ, झङ्कारित हुन्छ, त्यो ढुङ्गाले तरङ्गित तलाउको तरङ्ग फेरि किनारा चुम्छ अनि त्यही चुम्बनमा हराउँछ। त्यो हराउनु शून्य हुनु होइन। त्यहाँ त अभिलाषाका अनुरागी अङ्कहरूले चुम्बकीय डोरमा डोऱ्याइरहेका छन्। बिचरो शून्य त्यही पासोमा बाँधिएर त्यो युगलको बन्धनको गणित बनिदिएको छ केही समयलाई।

ती ढुङ्गाले तरङ्गित तलाउका तरङ्ग फेरि किनारा चुम्छ। ती जोडी उठ्छन्। ऊ पूर्व लाग्छ, उनी पश्चिम। म त्यही ढुङ्गामाथि बसेर ती जोडीलाई एक तमास हेरिरहन्छु। ती सुदूर क्षितिजमा ओझेल पर्छन्- मेरो प्रेमको चेतलाई गिज्याउँदै।

आकर्षण नै विकर्षणको कारण हो। आकर्षण स्वःस्फूर्त घटित घटना जसरी आउँछ एक्कासी होसहवास हराउँछ। असीमित उज्यालो हो या असीमित अँध्यारो केही थाहा हुँदैन। त्यसपछि अनगिन्ती घटना परिघटना जन्मन्छन्।





तिनै घटना परिघटनाको जञ्जाल उदेक लाग्दो मायाजाल बन्छ। आकर्षण नै विकर्षणको कारण बन्छ।

के आकर्षण अर्को आकर्षणको शृङ्खला बन्न सक्दैन। त्यही शृङ्खलाबद्ध आकर्षण शाश्वत प्रेमको गोरेटो बन्न सक्छ होला। या त्यो शृङ्खला कहीँ न कहीँ टुट्नुपर्छ। पुनः अर्को आकर्षणको खोजमा अनि त्यो आकर्षणको स्रोत आफै नै हो भने कुनै वस्तुपरक आकर्षणको शृङ्खला टुट्दैमा आफूबाट सृजित आकर्षणको शृङ्खला टुटेको भन्न मिल्ला कि नमिल्ला ? अनि यसो हेर्दा त ती जोडी छुटेर जति टाढा पुगे पनि फेरि कुनै दोबाटोमा पुन नयाँ आकर्षणको शृङ्खलामा बाँधिन आउँदैनन् भन्न सकिन्छ र ?

मायाको छलको लेपनलाई समयले पखाल्दा के त्यो प्रेम सतहमा नआउला र ? त्यो जोडी छुट्टिन्छ यस्तो लाग्छ, ती विपरीत दिशामा कहिले नजोडिने गरी कता हो कता अँध्यारो सुरुङ्मा पसिरहेछन्। कहिले नमिल्ने भनिएका दुई किनारा त बरु केही समान दूरीमा समानान्तर एक अर्कालाई हेर्दै नदीसँगै समान बयेली खेल्दै बगिरहन्छन्। ती जोडी त विपरीत पो गए त कहिले भेट हुन्छ खै !

प्रेम नै त्यो शक्ति हो जसले दुई विपरीत दिशालाई समानान्तर दौडाइ कुनै एक कालखण्डमा एकै विन्दुमा मिलाइदिन्छ। ती जोडी त्यो तलाउ किनारको बसाइ त्यही कालखण्डको मिलन विन्दु हो। कुनै अघिल्लो मिलन अनि बिछोडको पुनर्मिलन हो। यस्तै कैयौं आकर्षणको शृङ्खला हो। आकर्षणको अन्य कारणपरक उत्पत्तिको परिभाषा भ्रम हो। यो आकर्षणको कारण यस्तै या भनौं यही अघिको आकर्षण हो। कहिले भङ्ग नहुने आकर्षणको शृङ्खलाबद्ध भाव र त्यसैको अटुट भङ्गिमा प्रेम।

दोबाटोमा मिल्न आएका तिनी अन्जान पथिक के आकर्षणले नजिकिए ? अनि के आकर्षणले स्पन्दित भए ? के आकर्षणले स्पन्दन साटासाट गरे ? मन्द मुस्कान छर्दै आनन्दको सगरमा डुबे। एक अर्कालाई कसिलो अँगालोमा कसे, झन् झन् कस्दै गए, अनि एकाएक कुन विकर्षणले आफ्नो आफ्नो दिशा समाते, म अनभिज्ञ हेरिरहें।

केही क्षण पहिले ती जोडीलाई देख्दा आनन्दित मन मेरो विचलित भयो। त्यो प्रेमको विचलनले मेरो मन मस्तिष्क खलबलायो। तिनीहरूको छुटाइको वेदना उनीहरूलाई केही छैन। कल्पना मेरो हो व्यथित म नै छु। न हुँ पनि किन ? म त तिनीहरूमा शाश्वत प्रेमको अकाट्य परिभाषा कोरिरहेको थिएँ। त्यो परिभाषा केरियो, काटियो, अनि त्यही जञ्जाल मायाजालको जालमात्र बाँकी रह्यो।

म कल्पना गर्छु, त्यसरी हतारिएर अँगालोमा बाँधिनुभन्दा समानान्तर दूरी राखेर बगेको भए हुन्थ्यो त्यो प्रेमको नदीसँगै अनि आफूहरू त्यो प्रेमको

नदीका दुई किनारा बनेर प्रेम-पानीको स्पर्शले आनन्दित हुँदै लामो यात्रामा निस्किएको भए हुन्थ्यो अलौकिक प्रेमयात्रा ।

ओहो ! त्यो अलौकिकता कहाँसम्म, जुन समुद्रमा गएर टुङ्गिन्छ, जुन समुद्र भएर टुङ्गिन्छ । त्यो प्रेमको महासागरमा म कहाँ ऊ कहाँ ? कहाँ खोज्ने कता भेट्ने ? त्यो खोजको छट्पटाहटभन्दा त यही एक क्षणको आलिङ्गन मीठो । म तिनीहरूलाई हेरेर असमन्जसमा छु, उनीहरू स्पष्ट छन् । म उनीहरूको सम्बन्धको तार्किक परिभाषा कोर्दै छु । उनीहरू मेरो रचना केर्दै मेट्दै छन् । अनवरत रहिरहने त्यो आकर्षणको शृङ्खलालाई नजिकबाट बुझ्यो कि त्यो जोडीले, जुन बुझ्न बाहिरबाट मलाई कठिन भो अनि त्यही आकर्षणको मायाजाल उनीहरूलाई प्यारो भयो । छुट्दाको आँसु र मिल्दाको हाँसोको बीचमा कतै क्रमभङ्गताको रोमाञ्च पायो कि जोडीले ! जुन मेरो सतही आँखाले ठम्याउन सकेन । त्यही क्रमभङ्गताको रोमाञ्चको मायाजाल नै उनीहरूको लागि सम्पूर्ण जीवन भयो, मेरो लागि प्रेमको अन्त्य । मेरो शाश्वत प्रेमको परिभाषा बिथोलियो- अन्त्य हुने वस्तु कसरी शाश्वत ?

म फेरि उनीहरूतिर हेर्छु । हत्केलाभरिको पानी लिएर एकअर्कालाई छ्यापाछ्याप गरिरहेका छन् । पानीका छिटा उडाउँदै तिनै छिटाको स्पर्शले आनन्दित मानौं ती छिटाको स्पर्श, झङ्कृत मनका तार हुन् । तिनै उडेका पानीका थोपाजस्ता बैंसले मदमस्त जोडी हेर्दा लाग्छ समय यही टक्क अडिएको छ । उनीहरूले मेरो समय च्याप्प समाएर भनिरहेछन् तिम्रो परिभाषामा हाम्रो प्रेम अट्न सक्दैन । तिमी हाम्रो यो आनन्दलाई पनि क्षणभङ्गुर मान्छौ । हामीलाई अल्लारे बैंसको मायामा जेलिएका अबोध जोडी मान्छौ । हामीलाई सदियौंको प्रेमिल निरन्तरता भनी स्वीकार गर्दैनौ । हामी हाम्रो प्रेमको धागोमा अनेक मोती जोड्दै छौं- अनेकन आकर्षणका मोती । हाम्रो प्रेम धागो मात्र होइन । प्रत्येक मोतीका दाना हुन् ।

हामी त यो किनारामा हिजो थियौं, आज छौं र भोलि पनि रहनेछौं । यही प्रेम रहनेछ, यस्तै प्रेम रहनेछ, मात्र म रहने छैन र शायद उनी पनि रहने छैनन् तर पनि हामी यसरी नै रमाइरहेका हुनेछौं, यसरी नै आलिङ्गनमा बाँधिएको पाउनेछौ, यसरी नै पानीका छिटा उडाइरहेको पाउनेछौ । तिमीलाई हेर्नु छ भने भोलि पुनः आउनू ।

ओहो ! कसको आवाज हो । जोडी त यहाँ छैन । तिनीहरू त अघि नै विपरीत दिशामा लागिसके तर पनि म भोलि पुनः आउनेछु । म मेरो प्रेमको परिभाषा स्थापित गर्नेछु- मैले सोचेकोजस्तो, मेरो अनुकूलताको । ती जोडीलाई यही किनारामा फेरि हेर्नेछु, गहिरिएर । आखिर कुन विकर्षणले ती छुट्टिए । यी सबै





मेरै कल्पनाका संसार न हुन् । मैले चाहे जसरी पुनः प्रेम परिभाषित गर्नेछु ।

म भोलि त्यहाँ गएँ । त्यहाँ ती युगल थिए । त्यही स्पन्दन, त्यही स्पन्दनको साटासाट, त्यही कसिलो आलिङ्गन । कसिलो अझ झन् कसिलो । उनीहरू यसरी कस्सिएका छन्, मानौं उनीहरूलाई केही अदृश्यले छुटाउँदै छ, केही अदृश्यले टुटाउँदै छ । उनीहरू कसिएका छन्, झन् झन् कसिएका छन् । पानीका छिटा उडाउँदै उचालिएका छन्, उफ्रिएका छन्, नाचेका छन् । मदमस्त यौवन कुनै नशामा मातेको छ । जवानी कुनै आशामा हाँसेको छ ।

नर्तक र नृत्यको सम्बन्धलाई उनीहरूले कहिले नर्तक र नर्तकीको बनाए र त्यसैमा हराए । जीवन नै प्रेम र प्रेम नै जीवन हो भन्थें । प्रेम र जीवन अचानक प्रेम र प्रेमिका बन्यो । जीवन प्रेमी बन्यो अनि बिछोडियो । कतैबाट भेदको स्पर्श भयो, आलिङ्गन छुट्यो । काली र काल अनायास महाकाली र महाकालमा परिणत भए । ओहो ! त्यो अकिञ्चन अद्वैत सांसारिक जीवन द्वैतमा कसले परिणत गर्‍यो । मेरो प्रेमको परिभाषाले या उनीहरूको अनगिन्ती अनुरागी अभिलाषाले ।

ती जोडी प्रेमीप्रेमिका होइनन्, स्वयम् प्रेम थिए । त्यो तिनीहरूलाई नै बोध भयो भएन । उनीहरूले उनीहरुको प्रेमको क्षणभङ्गुरतालाई स्वीकार गरेनन् । म तिनीहरूको प्रेमको परिभाषा स्वीकार गर्न सकिनँ । मेरो शाश्वत प्रेममा बिछोड हुनै सक्दैन । उनीहरू नबिछोडी मिल्नै सक्दैनन् । म उनीहरूको प्रेम खण्डित पाउँछु । उनीहरू प्रत्येक खण्ड नै पूर्ण हो भन्छन् । म प्रेमलाई परमानन्द भन्छु । उनीहरू हामी यही क्षणमा पूर्ण आनन्दित छौं भन्छन्, म तिमीहरूको प्रेम होइन, मायाको भ्रम मोह हो भन्छु । हामी मोहित छौं भन्छन्, म तिमीहरू उल्झनमा छौ भन्छु । हामी झन् झन् कसिलो छौं भन्छन् ।

उनीहरूले एक एक प्रश्न गरे । तिमी मान्छौ प्रेम आनन्द हो । तिमी भन्छौ हामी परम मोहको पासोमा छौ । ठिक छ । त्यही पासो नै भए पनि ठीक छ । हामी बाँधिन तयार छौं । ल भन प्रेम आनन्द हो भने यो परम मोह कसरी उल्झन हुन सक्छ ? हामी मोहित छौं, एकअर्कामा मोहित नै सही । यही मोहको पासोमा आनन्दित छौं । म अवाक् सुनिरहें । मेरो प्रेमको परिभाषालाई पोको पारेर त्यही तलाउमा फालें । तरङ्ग उठ्यो, किनारा चुम्यो बिलायो । मैले उनीहरूलाई नियालें । ती दुई विपरीत दिशामा धमिला धमिला हुँदै गए ।

धुम्बाराही, काठमाडौं ।

**

के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?

# मित्र र मित्रता

**महादेव अधिकारी**

मित्र मानव जीवनमा सबैभन्दा महत्त्वपूर्ण नाता हो । जससँग मनभित्र लुकाएर राखेका र कसैसँग भन्न नसकेका कुराहरू पनि मन फुकाएर गर्न सकिन्छ । आँखाविना सुन्दर दृश्य देखिँदैन भने झैं मित्रविना सफलताको जीवनी पनि लेखिँदैन । मानव जीवनमा उन्नति प्रगति गर्नको लागि जीवनलाई सुखमय बनाउनको लागि हामीलई विभिन्न कुराहरूको आवश्यकता पर्दछ । हाम्रो जीवनमा जब एक सच्चा सहयोगी मित्रको आगमन हुन्छ तब बाँकी आवश्यकताहरू सजिलैसँग प्राप्त गर्न सकिन्छ किनकि मित्र पाउनु भनेको सौभाग्यको कुरा हो । मित्रले हामीलाई हाम्रा हरेक कार्यमा उत्प्रेरित गराइरहेका हुन्छन् । सहि बाटो र असल कर्ममा लाग्न निर्देशित गरिरहेका हुन्छन् । मित्रमा हुने भावना हृदयसँग जोडिएको हुन्छ त्यसैले त मित्रलाई सुहृद् पनि भनिन्छ । हुन त मित्र जनाउने धेरै शब्द छन् । मित्र, साथी, सखा, दौतरी, सहयोगी, शुभचिन्तक, दोस्ती, दामली, मिल्ती, मिलाप, मित्रता, सँगी, मित, मितेरी, दोस्तानी, स्नेही, प्रेमी आदि पनि मित्र शब्दकै पर्याय हो ।

मित्रलाई जेसुकै नामले सम्बोधन गरे पनि मित्रको अर्थ हो हाम्रो हित गर्ने कुरा वा एक अर्काका शुभचिन्तक र सधैं एक अर्काका सुख, शान्ति, समृद्धिका लागि हरपल प्रयासरत रहनु । सङ्कटको समयमा ढाल बनेर खडा हुनु । दुःखमा सँगै रूनु र सुखमा सँगै हाँस्नु । जीवनमा को हाम्रो मित्र, को अमित्र हो भनेर किटान गर्न सजिलो हुने छैन । हाम्रा आफ्नै जीवन साथी, जन्मदिने मातापिता, बालसखा, साथी वा साथीकी श्रीमती, पुरुषको नारी मित्र वा नारीको पुरुष मित्र । सन्तान, काकाकाकी, भतिजा भतिजी, दिदीबहिनी, दाजुभाइ, मामामाइजु, भान्जाभान्जी, शरीरमा रोग लाग्दा निको पार्ने वनौषधी, जडिबुटी, दिक्क भएको बेलामा सँगै खेल्ने घरपालुवा, गीत, सङ्गीत, भजन, मोबाइल, कम्प्युटर, मनलाई आनन्द दिने वनजङ्गल, खोलानाला, झरना, स्वच्छ हावा दिने रुखविरुवा, जजसलाई हामी प्रेम गर्छौं र चाहन्छौं ती सबै हाम्रा मित्र हुन् ।

यसरी हाम्रो जन्मदेखि जीवनको समाप्तिसम्मको लामो सङ्घर्षमय जीवनयात्रामा धेरै धेरै असल र खराब मित्रहरू हाम्रो संसर्गमा आउँछन् । उमेरको परिवर्तनसँगै मित्रहरू पनि फेरिँदै जान्छन् । शैशवमा साथ भएका व्यक्तिहरू





जीवनको नदीसँग वयली खेल्दै जाँदा कति किनारा लाग्दछन् त्यसको स्मरण मात्र हाम्रो हृदयमा रहन्छ तर जीवनको परिपक्वतासँगै हाम्रो जिम्मेवारी र कर्तव्य बढ्दै जाँदा जीवनमा हामीलाई विभिन्न बाधा, अड्चन, दुःख, कष्ट, शङ्कट र शोकहरूको हामीले सामना गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा अन्य सबै नाता, गोता, इष्ट, साथीसँगीहरूले हामीलाई साथ नदिन सक्छन् तर एउटा असल मित्रले जस्तै सङ्कटमा पनि हाम्रो सुख, दुःख, खुसी, शोक, आनन्द सबै कुरालाई बराबर बाँडेर हामीलाई शङ्कटमोचन गराउँछन् । त्यसैको लागि हामीलाई मित्रको आवश्यकता पर्दछ ।

त्यसैले मित्र र साथी पर्यायवाची शब्द भए पनि वास्तवमा साथीले केवल सुखमा मात्र साथ दिन्छ भने मित्रले दुःखमा पनि सुखमा जत्तिकै साथ दिन्छ । हाम्रो जीवनको सुरुवात एउटै असल मित्रको साथले हुन्छ । जसरी हजारौं माइलको यात्रा एउटा पाइलाबाट सुरु हुन्छ । जीवनको समाप्तिमा हाम्रो शरीर मर्छ तर हाम्रो विचार, कीर्ति र मित्रता अजर र अमर रहन्छ भन्ने कुरा कृष्ण-सुदामाको मित्रताबाट पनि सिक्न सकिन्छ । हाम्रो जीवनले सफलता त्यति बेला प्राप्त गर्छ जति बेला हामीलाई एउटा असल मित्रको सहयोग प्राप्त हुन्छ । हामीलाई जीवनमा जति बेला ठूला ठूला शङ्कटहरू आइपर्छ, त्यसबेला मात्र हामीले हाम्रो असल र खराब मित्र चिन्ने र सफल हुने अवसर प्राप्त पाउँदछौं ।

मित्र दुई किसिमका हुन्छन् असल र खराब । एउटा असल मित्र प्राप्त गर्नको लागि हामीले हजारौं साथीहरूसँग घुलमिल गर्नुपर्ने हुन्छ । सयौं सङ्कटको सामना गर्नुपर्ने हुन्छ । जसरी एक तोला सुन निकाल्नको लागि हजारौं टन माटो खन्नुपर्छ । स्वार्थी मित्रहरू सामान्य अवस्थामा हामीसँग मित्रताको हात बढाए तापनि सङ्कटको वेलामा साथ दिँदैनन् । जसरी चन्द्रमाले हामीलाई रातमा उज्यालो दिए तापनि ताप दिँदिनन् । असल मित्रले हामीलाई हाम्रो हरेक कार्यमा झूठा प्रशंसा नगरेर केवल समालोचना गर्दछन् । दोष देखाएर सुधार्दछन् किनकि महान् उपलब्धि गरेको बेलामा हामी अरूको प्रशंसाले गर्दा लापरवाही भएर आत्मानुशासन गुमाउन सक्दछौं । त्यस्तो समयमा मित्रको खबरदारीले हाम्रो सन्तुलन, विनम्रता र प्रतिबद्धतालाई कायम राख्दछ तर कहिलेकाहीं असल मित्र पनि परिस्थितिवश खराब र खराब ठानेको मित्र असल पनि बन्न सक्छ ।

मेरो विवाह भएको एकवर्ष भएको थियो तर जागिर थिएन मेलापात गरेर प्राप्त ज्यालाबाट जेबखर्च चलाउनु पर्दथ्यो । एक दिन श्रीमतीज्यूले म निदाएपछि जेब छामेर पैसा निकाल्नुभएछ र म नउठ्दै आमालाई लिएर अस्पताल जँचाउन जानुभएछ । म मेलामा गएर दिनभरि काम गरेर साँझ घरमा आएर खाना खाएर सुतेको राती अचानक उपरतलीमा परें । सायद दिउँसो मेलामा नयाँ मूलको

पानी पिएकोले होला। खाटबाट ओर्लन नसकेर खसेँ र धन्सारमै अचेतावस्थामा पुग्नलागेको थिएँ। धनसारको बार्दलीमा हाम्रो सेतो कुकुर बस्थ्यो। मेरो त्यो हालत उसले देखेछ र भित्र पसेर मेरो मुख चाटेर सफा गरिदिई घरमा गएर ढोकामा कोपर्दै भुक्तै गरेर बुवालाई ल्याएर असल मित्र बनेर मलाई बचाएको थियो।

हामीले मित्र बनाउँदा असल मित्र बनाउनु बुद्धिमानी हुनेछ। हुन त सर्वगुण सम्पन्न मित्र पाउनु हाम्रो अहो भाग्य हुनेछ। हामीले काम बिगारेको बेला, ऋणैऋणमा डुबेको बेला, निरासैनिरासा, चिन्तैचिन्ता र असफलता नै असफलताको भड्खालोमा जाकिएको बेला जुन मित्रले साथ दिइरहन्छ त्यो नै असल मित्र हो। बाँकी अन्य सबै साथी बन्लान् तर मित्र बन्न सकिरहेका हुँदैनन्। त्यस्ता खराब मित्रलाई पनि असल मित्र बनाउनको लागि हामीले जीवनमा खतराको सामना गर्न सक्नुपर्छ किनकि खतराको सामना गर्न नसक्नु नै सबैभन्दा ठूलो खतरा हो। खतरा नउठाउनेले न मित्र पाउन सक्छ न कसैको मित्र बन्न सक्छ। सिक्न, अघि बढ्न, प्रेम गर्न, जीवनमा बाँच्ने कला सिक्न, असल मित्र चिन्न, छान्न, बनाउन र बन्नको लागि खतरा मोल्नैपर्छ भन्ने कुरामा म सहमत छु, तपाईंको भिन्न मत हुनसक्छ।

म स्वयं कसैको मित्र बन्नको लागि पनि मेरो हृदय पवित्र र इमान्दार हुनै पर्दछ र अरूबाट पनि त्यस्तै आशा गर्न सकिन्छ। यस्तो ज्ञान जीवन भोगाइबाट मात्र प्राप्त हुन्छ। महाविद्यालय र विश्वविद्यालयमा सिकेको ज्ञान प्रमाणपत्र र अवसरको लागि मात्र हो तर जीवनको वास्तविक ज्ञान जति जाने पनि जान्न बाँकी रहिरहन्छ। चिन्ता, डर, त्रास, अहङ्कार, र प्रतिशोधको आगोमा जलेर भत्भति पोलेको हृदयलाई केवल मित्रको साथले मात्र शीतल अमृत छरेर शान्त पार्न सक्छ। यसको लागि हाम्रो शरीरलाई मीठो खाना, हाम्रो मस्तिष्कलाई असल विचार र हाम्रो जीवनलाई असल मित्रको आवश्यकता पर्दछ। हाम्रो अज्ञानताको रातमा ताराहरू चम्किदैनन्। अज्ञानताको औँशीमा चन्द्रमा झुल्किदिनन्। जूनकीरीको पिलपिले उज्यालो समेत मिल्दैन। त्यस्तो अवस्थामा साथ दिने मित्र बिरलै भेटिन्छन्।। त्यसैले म कहिलेकाहीँ निहारिका, तारा र पार्श्वछाया हेरेर रमाउने गर्छु। डाँडाको चौताराको पीपलको सियालमा बसेर टाढाको दृश्य हेरिरहन्छु।

मित्रताको जग केवल विश्वास र भरोसाले मात्र बलियो हुन्छ। त्यसैले परेको बेलामा सही निर्णय, सल्लाह, सुझाव र सहयोग गर्ने व्यक्ति मात्र असल मित्र हो। झूठो प्रशंसा गरेर हामीलाई भ्रममा पार्ने र परेको बेलामा चिप्लेर भाग्ने मित्रहरूले जीवनको तीतो घुट्की पिउने अवस्था आउँदा वर्षौंको मित्रतालाई





भड्खालोमा हालेर भागे भने तिनीहरूले मित्रको कर्तव्य निभाउन सकेनन् तिनीहरू खराब मित्रको परिभाषामा अटाउने भए। दुश्मनी बढाएर रगतको खोलो बगाउन धेरै सजिलो छ तर मित्रता कायम गरेर मित्रको आँसुको एक थोपा सुकाउन अति नै कठिन छ। हामीसँग भएका धन, यौवन र जीवन यी तिनै कुराहरू क्षणिक र क्षणभङ्गुर छन्। यी बिजुलीको चम्काई जस्तै मात्र हुन्। त्यसैले हामीले पहाडको टाकुरोबाट झरेको हिमाली मूलको झरना जस्तै निर्मल, निश्छल र कीर्ति र मित्रताको जग बलियो बनाएर अमरत्व प्राप्त गर्ने प्रयास गर्नुपर्दछ। हामी मित्र त सजिलै बनाउन सक्छौं तर त्यसलाई जोगाएर राख्न भने त्यति सजिलो छैन। आफूलाई सहयोग गर्ने मित्रलाई हरहमेसा सहयोग गर्न तयार रहनु कर्तव्य हुन्छ। एक अर्कासँग विश्वास र भरोसाबाट आफू स्वयं पनि असल मित्र बनेर असल मित्र पाउने प्रयास गर्न सकिन्छ।

जसरी बादलको साथमा रहदा सूर्यले समेत मलिन हुनुपर्छ त्यसरी नै जीवनमा असल मित्र बनाउन सकिएन भने खराब मित्रको साथमा स्वयं पनि खराब भएर रहनुपर्ने अवस्था आउन सक्छ। व्यासबाजेले छ हजार वर्ष पहिले नै वेदमा लेखेका छन्। 'हित गर्ने शत्रु पनि मित्र हुन्छ' आफ्नै शरीरबाट निस्केको भए पनि रोग हाम्रो शत्रु हो तर जङ्गलमा नै उब्जिएको भए पनि जडिबुटी हाम्रो मित्र हो। हामीले मित्रलाई भेट भएको बेलामा आदर गर्न सके। कन्डो पछाडि पनि प्रशंसा गर्न सके र दुःख शङ्कटमा परेको वेलामा तन, मन, धनले पूर्ण सहयोग गर्न सके मात्रै असल मित्रको परिचय खुल्छ। पैसाले केवल साथी बनाउन सकिन्छ मित्र बनाउन सकिँदैन। भनिन्छ शत्रुले हाँस्यो भने पनि नाश हुन्छ तर मित्रले आँखा तरेर हेर्‍यो भने मात्र पनि भलाइ हुन्छ।

चाणक्यले भनेका छन्- 'आफन्तको अपमान, पत्नी वा पतिको बिछोड, ऋणको भारी, दुष्ट मालिकको सेवा र मन नमिल्ने मित्रहरूको सङ्गत गर्नाले हाम्रो शरीरलाई आगो लगाएर जलाउनु पर्दैन। आगोविना नै खरानी हुन्छ।' राम र सुग्रीव, कृष्ण र सुदामाको मित्रताबाट पनि हामीले मित्रको महत्त्वलाई बुझ्न सक्दछौं। घरमा बस्दा पत्नी वा पति, परदेशमा बस्दा विद्या, रोगी हुँदा औषधी र मृत्यशैय्यामा समाधिस्थ रहँदा आस्था र ईश्वर हाम्रा असल मित्र हुन सक्छन्। धेरै मानिसहरू ईश्वरलाई मित्र मानेर एकान्तमा आफ्ना पीडाहरू बताएर मन हल्का पार्दछन्। भगवान् र भक्तबीचको मित्रता, गुरु र चेलाबीचको मित्रता र मातापिता र सन्तानबीचको मित्रता ठूला ठूला आँधीले पनि हल्लाउन सक्दैन। बाँकी जीवनमा तँ र म को भावना नभएको व्यक्ति नै हाम्रो सच्चा मित्र हुन्।

बूढानीलकण्ठ, काठमाडौं।

✱✱

# छोड्नु कि समात्नु ?

विनयकुमार शर्मा नेपाल

छोड्नु भनेको सत्त्व त्याग्नु हो, गाँठो फुकाउनु हो, बाँधिएको वस्तु वा मनलाई फुक्काफाल बनाउनु हो। शरीर वा मनले समातेको चीज फ्याँक्नु पनि छोड्नु हो। वस्तु, विचार वा भावले झटारो हान्नु पनि छोड्नु हो। यस अर्थमा बोली होस् कि गोली होस् प्रक्षेपण गर्नु त झन् छोड्नु नै हो। आफूसँग रहेको कुनै पनि ज्ञान, साधन, परिधान वा सूचना पठाउनु वा सम्प्रेषित गर्नु पनि छोड्नु नै हो। रोग हट्नु, वस्तु आदिबाट छलिनु वा छलेर जानु वा भइरहेको नातो पातो कुनै सम्बन्धलाई त्याग्नु वा इन्कार गर्नु पनि छोड्नु नै हो। उडाएको चङ्गा, मनको तरङ्गमा चल्ने भाव वा सम्झनालाई खुकुलो पार्नु वा छिनाउनु पनि छोड्नु हो। भाले जातले सम्भोग आदिबाट निकाल्ने वीर्य र पोथी जातले ब्याउने बच्चाबच्ची पाठापाठी छाउराछाउरी सबै सबै छोड्नु हो। जीव वा वनस्पतिले उत्सर्जन गर्ने सबै खाले चिप्रा, गुजी, चोप, झोल, मलमूत्र पनि छोड्नु हो। भइरहेको माया प्रेमको सम्बन्ध टुटाउनु, गरिरहेको संस्कार छुटाउनु वा कुनै पनि भाव, विचार र सम्बन्धबाट पलायन हुनु वा हट्नु पनि छोड्नु हो अर्थात् प्रत्येक भाव वा वस्तुजन्य कुरा त्याग्नु छोड्नु हो भने नयाँ कुरा थालेर पुरानो बिर्सनु र पुरानो कामकुरा बिर्सेर नयाँ कामकुरा थाल्नु पनि छोड्नु हो।

प्रकारान्तरको परिशोधनको प्रक्रियालाई थाती नै राख्ने हो भने जसरी फालेको चुरोटको धुवाँ फर्केर पुनः तान्न सकिन्न, जसरी फालेको मलमूत्र फेरि शरीरभित्र हुल्न सकिन्न वा जसरी त्यागेको वा दान दिइएको धन पुनः फर्काउन सकिन्न त्यसै गरी कुनै पनि वस्तु वा भावलाई पुनः पुन ग्रहण नगर्ने वा वस्तु वा भावबाट पूर्ण रूपले मुक्त रहनु मात्र छोड्नु हो। छाडेको वस्तु वा भावको ग्लानि, क्षोभ, पीडा वा दुःखको त कुरै छाडौं त्यसको संस्मरण रहनु वा सम्झनासम्म मात्र पनि छाड्न नसक्नु भनेको छोडें वा मुक्त छु भन्नु ढोंग मात्र हो, छाड्नु होइन। छाड्नुको अर्थ पूर्णतया सम्बन्धित विषय वा वस्तुबाट मुक्त हुनु हो। मन, आत्मा र शरीरबाटै सम्बन्धित विषय वा वस्तुप्रति निस्पृह रहनु मात्र छाड्नु हो।

छाडेको वस्तु वा भावप्रति मान्छे साक्षी वा द्रष्टा मात्र बन्न सक्नुपर्दछ तब मात्र छोड्नु वा छाडें भन्नुको सार्थकता छ। मनमा प्रेमको होस् वा घृणाको कुनै पनि भाव पकाएर लोकाचारको लागि छाडिएको जुनसुकै उपक्रम छाड्नु





होइन प्रकारान्तरले समाउनु नै हो। जबसम्म मनबाटै विषय-वस्तुप्रति मान्छे मात्र साक्षी बन्न सक्दैन तबसम्म मान्छेले कुनै कुरा छाड्न सकेको हुँदैन। प्रत्यक्षमा कसैसामु दृश्य नभए पनि आफ्नो मन, शरीर र प्रवृत्तिबाट जुन कुरा हट्दैन वा छुट्दैन त्यो कुनै प्रकारान्तर तरिकाले समाउनु वा समात्नु नै हो छोड्नु कदापि हुन सक्दैन।

यदि कसैले मैले यो छाडें त्यो छाँडे भन्छ भने तपाईं बुझ्नोस् कि उसको मन वा आत्माले त्यो छोडेको होइन। ऊ कि त ढोंग गर्दैछ, नभए अरूलाई ठूलै झुक्यानमा पारेर आफ्नो कुनै स्वार्थ सिद्ध गर्न झुट बोल्दैछ। म यो गर्दिनँ, त्यो गर्दिन, म यस्तो होइन, त्यस्तो होइन भन्ने कुरा बाहिरी प्रपञ्च हो। यदि कसैले कुनै कुरा वास्तवमै त्यागेको हो वा छाडेको हो भने उसले त्यसलाई कसरी सम्झिरहन्छ ? छाडेको वस्तुको हेक्का वा याद कसरी आइरहन्छ ? बाह्य तनले वा मस्तिष्कले छाडे पनि, छाडेको जतिसुकै प्रपञ्च गरे पनि त्यो वस्तु वा भाव उसको मन वा आत्माले छाडेको होइन। यदि कसैले वास्तवमै कुनै कुरा त्याग्छ वा छोड्छ भने उसलाई त्यो छाडेको समेत हेक्का नहुनुपर्छ। तनले, व्यवहारले, समाजका खातिर, मानवका खातिर, नाता र सम्बन्धका खातिर वा जुनकुनै कारणका खातिर कुनै कुराको त्याग वा छाड् भनेको छाड्नु होइन कुनै न कुनै प्रकारान्तरले समाउनु वा समात्नु नै हो। त्यसैले म दोहऱ्याउँछु- 'जबसम्म मनबाटै विषय-वस्तुप्रति मान्छे मात्र साक्षी बन्न सक्दैन तबसम्म मान्छेले कुनै कुरा छाड्न सकेको वा छाडेको हुँदैन।

विविध रूपका, विविध बुद्धिका, विविध ढङ्गका कोही त्यस्ता ममत्वचारी नौटङ्की तपाईं सामु आएका हुन सक्छन् वा आउन सक्छन्। तिनको बोली र काम गराई आँखा चिम्लेर एकपल्ट सम्झेर गम्नोस् त, छर्लङ्ग हुन्छ सबै। एउटा छाडेको गर्व गरेर अर्को अनेकमा वर्चश्व कायम गराउन खोज्ने प्रशस्तै भेटिन्छन् हाम्रो समाजमा।

त के प्रत्यक्षमा देखिएका विभिन्न रूपरङ्ग धारी उपनाम भिरेका योगी, जोगी, सन्यासी, ऋषि, महर्षि, धर्मात्मी, ध्यानी, ज्ञानी आदि आदि वा बोली-वचन वा व्यवहारमा मुक्त भएको गुड्डी हाँक्ने सबका सब एक प्रकारको ढोंग हो ? ती सबै ढोंगी हुन् ?

वस्त्रको त्याग गर्छ तर कुनै वस्त्र समात्छ। सिद्धान्तको त्याग गरेको पटकपटक याद गराउँछ तर कुनै मत राख्छ वा अर्को विचार समाउँछ। संस्कार वा संस्कृति मात्र औपचारिक भनेर विरोध गर्छ वा त्यसको त्यागको गुड्डी हाँक्छ तर अर्को कुनै चलन, प्रचलन, परम्परा मान्छ वा चलाउँछ। चलेको चालचलन छाडेर नयाँ चालचलन सुरु गर्छ। रहेपहेको ज्ञान विज्ञानको सूत्र वा

सूक्तमा हेरफेर र छेड्छाड गरेर पुरानोको विरोध गरेर नयाँ थालनी गराउँछ। बोली र व्यवहारमा यो गर्दिनँ त्यो मान्दिनँ भन्छ, माया-प्रेम, लोग्ने-स्वास्नी, घर-परिवार, भोग-सम्भोग आदि आदि छाडेको दावीचाहिँ गर्छ तर प्रकारान्तरले केही याद वा सम्झना राख्दछ। त्यागी हुँ भन्छ तर बच्चा वा जवानीमा मनले वा शरीरले गरेको र छाडेको माया, प्रेम, पुर्खा, विचार, धन, परम्परा, संस्कारको धङधडीलाई मनमा राखिरहन्छ भने त्यस्तालाई तपाईं त्यागी वा छोडेको मान्नुहोला तर म मान्दिनँ। तपाईं दृश्यमा मात्र हेर्ने क्षमता राख्नुहुन्छ तर कोही दृश्यले बनाएको अदृश्य गोलचक्रसम्मलाई देख्दछ। के संसारका तत्त्व र सत्त्वहरू तपाईंले देखेका मात्र हुन् ?

छोड्नु माथि यतिविघ्न तर्कवितर्क र कुतर्क गरिसकेपछि मलाई लाग्दैन कि समाउनु वा समात्नु माथि फेरि यति नै गहिरिएर यति नै धेरै तर्कवितर्क र कुतर्क गर्नु परोस्। छोड्नुले बनाएको गोलचक्करको विपरित चक्कर वा चक्र समाउनु वा समात्नु हो।

जुनसुकै तवरले भाव वा वस्तुमाथि मत-राय वा विचार दिनु वा नदिनु, तर्क-वितर्क वा कुतर्क गर्नु वा नगर्नु, ज्ञान-विज्ञान वा सिद्धान्त मान्नु वा नमान्नु, सूत्र, सूक्त वा उक्त पढ्नु-लेख्नु वा बोल्नु, आग्रह-विग्रह वा पूर्वाग्रहका साथै ग्रहण गर्नु, अँगाल्नु, पक्रनु, कस्नु, समात्नु, टाँसिनु वा नात्थिनु आदि समात्नु वा समाउनु त हो नै। कुनै वस्तु वा भावको अस्तित्व स्वीकार गर्नु वा अस्वीकार गर्नु दुवै पनि समात्नु वा समाउनु नै हो। अस्वीकार पनि समात्नु वा समाउनु हुन्छ कहीँ ? भन्नुहोला नि फेरि। हो अस्वीकार पनि प्रकारान्तरले नकारात्मक वा अस्वीकार भाव समात्नु नै हो। यस अवस्थामा तपाई स्वीकार भावलाई इन्कार गरेर अस्वीकार भावलाई झनै बलियोसँग समात्न पुग्नुहुनेछ।

प्रत्यक्षमा छोडेको दावी गर्नेले समातिरहेको र समातेको देखिएकाहरूले छाडिसकेको अनगिन्ती उदाहरणहरू छन्। छोड्नु थोरै शरीरजन्य र धेरै मनजन्य कुरा हो भन्ने म साबित गर्न सक्छु, तपाईंले सक्नु नसक्नु तपाईंकै कुरो। हुन त समाती समाती छोड्नु एउटा कला हो। शनैः शनैः छोडेर दावी वा साबित नगर्नु अर्को कला हो किनकि दावी र साबित पनि एक प्रकारको ढोंग हो, मनबाट छाड्न नसकेको प्रदर्शन हो, प्रकारान्तरले समातेको बलियो प्रमाण हो।

मेरा एउटा मित्र थिए। हुँदो खाँदो सम्पन्न थिए। अध्ययनशील थिए। पूजापाठ, ध्यानजप आदि पनि गर्थे। आफूलाई निकै जान्ने ठान्थे तर जीवनभर बाबुबाजेले राखिदिएको धनसम्पत्तिबाट खाएर बाँचे अर्थात् अकर्मशील बने। तपाईं भन्नुहोला पूजापाठ गर्ने, ध्यानजप गर्ने, पढलेख गर्ने पनि कहीं अकर्मी हुन्छ ? तर मेरो विचारमा कर्मको अपूरो परिभाषामा तपाईंका कुरा सही





हुनसक्छ तर पूर्ण परिभाषामा जबसम्म मान्छे भन्ने जीवले आफ्नो कर्म पौरखले खान र बाँच्न जान्दैन त्यो कर्म हुन र बन्न सक्दैन। फेरि जिरह गर्नु होला नि बाबुबाजेको आर्जनलाई प्रयोग गरेर बचाई राख्नु पनि त कम कर्म हो नि ? भनेर। यसको उत्तर आफै गमेर निर्क्योल निकाल्नोस् त !

वास्तवमा कर्मको सही अर्थ तब पूर्ण हुन्छ जब तपाईं आफ्नो कर्मको आर्जनमा बाँच्नु हुन्छ न कि अरूको कर्मको आर्जनमा। उनले कर्म छाडे अकर्म समाए। तपाईं हाम्रो दृष्टिमा अकर्म पनि त अर्को कर्मै हो नि कि होइन ? त्यसैले छाड्नुलाई अर्को दृष्टिमा म समाउनु नै देख्छु भने के यो मेरो भ्रम मात्र हो त ? जबसम्म तपाईं छाडेको भाव समेतलाई छाड्न सक्नुहुन्न तबसम्म यो छाड्नु पनि प्रकारान्तरमा समाउनु नै हो मेरो दृष्टिमा।

मेरा अर्का एक मित्र पनि थिए। निक्कै ज्ञानी र ध्यानी थिए। संस्कार र परम्पराजन्य सबै कुरा छाडें भन्थे। दशैं-तिहार र चाडबाड, मन्दिर-पूजा र प्रचलन सबै छाडेको दावी गर्थे। बाबु र आमाको हातबाट टीका छाडे तर स्वास्नी र सन्तानको हातबाट टीका थापे। एक छाडे अर्को समाए। एक अर्का मित्रले आफ्ना कुल, आफन्त र मान्यजन सबै त्यागे तर परस्पर लोग्नेले स्वास्नी र स्वास्नीले लोग्नेलाई टीका लगाउने र ढोगाढोग गर्ने परम्परा चलाए। यिनले पनि एक नौटङ्की त्यागे अर्को नौटङ्की अपनाए।

अर्का एक मित्रका छोरा राम्रै पढेलेखेका थिए। हेर्दा कुनै फिलिमको हीरोजस्तै थिए तर कर्म गर्ने वेलामा बैराग्य जाग्यो। राग छाडे बैरागी बने अर्थात् सन्न्यासी बने। रङ्गीन वस्त्र छाडी गेरू वस्त्र लगाए। धर्मको नाममा मठ, मन्दिर धाए। तपको नाममा जप, ध्यान र योग गरे तर जब उनले कसैसँग आफ्नो परिचय गर्नुपर्थ्यो तब मेरो बाजे फलानो ठाउँका प्रसिद्ध पण्डित हुन् नि ! बाबु फलानो प्राध्यापक हो नि ! फलानो विश्वविद्यालयको कुलसचिव वा फलानो प्रतिष्ठानका सचिव मेरो ठूलाबुवा हुन् नि भन्थे।

मेरा पिताजीका एक मित्र ठूला शास्त्र ज्ञाता वेदान्ती थिए। बूढाबूढी दुवै प्राध्यापक पनि थिए। छोराछोरी सबै युरोप अमेरिका थिए। घरको एकतला भाडामा पनि राखेका थिए। पचासौं कृति पनि लेखेका थिए। सबै ग्रन्थ चेलाचपेटाले गुरुको भनेर प्रकाशित पनि गरिदिएका थिए। बिकेको किताबको पैसा गुरुको खानुहुन्न भनेर गुरुकै गोजीमा हालिदिन्थे पनि। सेवा निवृत्तपछि सप्ताहमा दुई तीन ठाउँमा प्रवचन पनि गर्ने गर्थे। प्रवचन गराउने मठ-मन्दिरका धर्मभिरूहरूले शानदार मोटरमा ल्याउने र पुऱ्याउने पनि गरिदिन्थे। गुरु निकै राम्रा प्राचीन समयदेखि वर्तमानसम्मका कृतित्व र व्यक्तित्वका उदाहरण दिई दिई लोभ र मोह छाड्नुपर्ने, दान र दया गरेर धर्म गर्नुपर्ने कुरा गर्थे। म भने अक्सर

गुरुलाई भेट्दा मुसुमुसु हाँस्थे र 'मैले त लोभ मोह छाड्न सकिनँ हजुर' भन्थें। उनी आफै किन हो निरुत्तर हुन्थे।

अर्का एक स्वामी थिए। बालकैदेखि साधनामा लागेका रे ! आफूले कताबाट के कति पढे, के कति जाने, के गुने र के अनुभव गरे कुन्नि ! सबैलाई विषयी, पापी र सांसारिक देख्थे तर आफूलाई भने ठूलै अविषयी, धर्मात्मा र आध्यात्मिक ठान्थे। जोगीले सञ्चय, सङ्ग्रह र जोरजम्मा गर्दैन त्यसैले मेरो नाममा केही छैन भन्थे तर धर्मभिरू पाखण्डी प्रियहरूले जोरजम्मा गरिदिएको घर र गद्दामा भने घिरौंलाजत्रो नाक पारेर विराजमान हुन्थे र गुड्डी हाँक्थे। एक अर्का यस्तै नामुद स्वामी भक्तले ल्याएको झोला हेरेर भक्तमाथि तौलेर व्यवहार गर्दथे। अर्का एक स्वामी पच्चीस वर्ष अगाडि लखरलखर चप्पलमा वनकालीमा भेटिन्थे र नमस्कार ठोक्थे। अहिले उनलाई भेट्न तीनतहको भाटगिरीको सिक्री पार गर्नुपर्छ। यी सबै आफ्ना परम प्रिय चेलाहरू छानी छानी अलग्गै राखेर खासखुस गर्न माहिर थिए। आश्रमभित्र एकलाई काखमा र अर्कोलाई पाखामा राख्न भित्रभित्र ठूलै राजनीति चल्ने गर्थ्यो। यी सांसारिक विषय छाडें त भन्थे तर तिनका जुनकुनै कुरा वा काममा प्रश्न खडा गरे सनक्क सन्किन्थे। अरूलाई रिस, क्रोध, लोभ र मोह छाड्न सल्लाह दिन्थे तर आफू त्यसैमा डुब्थे।

वेला वेला यो र यस्ता छाड्ने र समाउने प्रक्रिया देख्दा भने मेरो मन खुब पिरोलिथ्यो। बबुरो मेरो सोच चाहन्थ्यो कि छाड्नेले छाडेको वस्तु नसम्झोस् वा एउटा छाड्ने क्रियामा अर्को वस्तु वा भाव समात्ने प्रक्रिया नथालोस्। मुक्त बनोस्। त्याग्नु यस्तो होस् कि पात्रले छोड्ने र समाउने शब्द, कुरा, भाव, विचार नै सकियोस्, बिर्सियोस्। मुक्त मात्र होइन मुक्त बन्नुपर्छ भन्ने भावबाट समेत निस्पृह रहोस् ऊ, तर तपाईं नै भन्नुहोस् मैले चाहेर हुन्छ के ? वा तपाईंले चाहेर हुन्छ के ? तर पनि हुन्न भन्नेमा म छैन किनकि म अरूलाई बदल्न सक्तिनँ तर आफू बदलिन सक्छु। एकैपल्ट बदल्नुपर्छ वा बदलिन्छ भन्नेमा पनि म छैन। म मेरै विचारले, मेरै अठोटले, मेरै स्वविवेकले शनैः शनैः बदलिएको छु। जे छाडेको छु वा छाड्ने छु त्यो बाटो जानेर नजानेर म नहिँडौं, नदेखौं, नसोचौं। तिर्सनाहोस् त यस्तो होस् कि समग्र याद भुलियोस्। बिर्सना होस् त यस्तो होस् कि मैले छाडेको वा भुल्न खोजेको भाव वा वस्तु कहिल्यै नसम्झौं। सामु परे पनि त्यो खण्डित होस् सबै पूर्वापर सम्बन्धबाट। आए पनि, देखे पनि, भेटे पनि, मिले पनि, बोले पनि, सुने पनि तरोजताजा नवीन होस् आजै धरतीमा अवतरण गरेर आएजस्तो।

चाबेल, काठमाडौं।

✱✱





# बिदा

**डा. विश्वदीप अधिकारी**

बिदाको शब्दकोषीय अर्थ खोज्ने हो भने यस शब्दले फुर्सद, छुट्टी, मुक्ति, छुटकारा, अवकाश भन्ने जनाउँछ। बिदाको सम्बन्ध कामसँग जोडिए पनि कतिपय अवस्थामा भेटघाटबाट अलग हुने, पेशाबाट अलग हुने, दैहिक जीवन मुक्त हुने जस्ता विषय पनि यस शब्दसँग जोडिएको हुन्छ। यस अर्थमा बिदाको अर्थ व्यापक हुन्छ भन्ने मलाई लाग्दछ।

हरेक मान्छेको दैनिक जीवनमा बिदाको सम्बन्ध सामान्यतया कामसँग जोडिएको हुन्छ। संसारका कतिपय देशमा हप्तामा चालिस घण्टा त कतिपयमा अड्चालिस घण्टा काम गर्नुपर्ने चलन भएको पाइन्छ। चालिस घण्टा काम गर्नुपर्ने स्थानमा हप्ताको दुई दिन र अड्चालिस घण्टा काम गर्नुपर्ने ठाउँमा हप्ताको एक दिन बिदा हुने चलन रहेको यथार्थ तपाईं हामी सबैलाई थाहा नै छ। संयुक्त राज्य अमेरिकामा हप्ताको दुई दिन शनिवार र आइतबार साप्ताहिक छुट्टी हुने गर्दछ। नेपालमा भने हप्ताको एक दिन शनिवार मात्र छुट्टी हुने गर्दछ। यस प्रबन्धले गर्दा स्थायी कामदार कर्मचारीले प्रत्येक हप्ता एक वा दुई दिन तलबसहितको साप्ताहिक छुट्टी अर्थात् बिदा पाउँछन्। साप्ताहिक बिदादेखि बाहेक विशेष काम पर्दा भैपरी आउने बिदा तथा घर बिदा र बिरामी पर्दा बिरामी बिदा र क्रिया गर्नुपर्दा क्रिया बिदा लिन पाइन्छ। यो कुरा तपाईं हामी सबैले व्यहोरेकै विषय हो।

उल्लिखित बिदाभन्दा पृथक किसिमको मुलुकी प्रशासनले नै वर्षभरी पर्ने विभिन्न राष्ट्रिय चाडपर्व मनाउन बिदा दिने गर्दछ। उदाहरणको लागि नव वर्ष, संविधान दिवस आदि हुन्। यी बिदामा पनि सरकारी कर्मचारी, कामदारले पारिश्रमिक अर्थात् तलब पाउँछन्।

साप्ताहिक बिदा स्वच्छता, शुद्धता, पारिवारिक भेटघाट, किनमेल, मनोरञ्जन, आराम लगायतको लागि आवश्यक हुने गर्दछ भन्ने मेरो ठम्याइ छ। के तपाईं यसभन्दा फरक विचार राख्नु हुन्छ होला र ? पक्कै पनि राख्नुहुन्न भन्नेमा म ढुक्क छु। यो जागिर खाानेहरूले पाउने बिदा हो। कतै जागिर नखाई आफ्नै खेत बारीमा किसानी गर्ने कृषकको लागि भने न बिदा हुन्छ, न अड्चालिस घण्टाको कामको सीमा नै रहन्छ। यस्तै भइरहेको छ होइन त ? कि तपाईं यसमा विमति राख्नुहुन्छ ? उनीहरूले पनि बिदा लिइदिने हो भने

कृषिको समग्र पद्धति अर्थात् उत्पादनदेखि बिक्रीसम्ममा असर परी त्यसको प्रभाव उपभोक्तासम्म आइपुग्छ । यसरी बिदाको उपभोग उपभोक्ताले गरिरहेको छ, जागिरेले गरिरहेको छ । घरमा गृहिणीलाई कहिल्यै बिदा हुँदैन । भात, भान्सा, पानी, पँधेरो, खेतीपाती, घाँसदाउरा, बनिबुतोबाट चाडपर्वमा चेलीबेटी माइत गए भने कतैकतै वस्तुले घाँस, कुँडो खान नपाउने स्थिति आउने गर्दछ । के यो यथार्थ होइन त ? कस्तो लागिरहेछ तपाईंहरूलाई मेरो कुरा ? यसरी कसैले बिदा पाउने कसैले नपाउने अवस्था रहने गरेको हुनाले नै बिदा अधिकारको कुरा होइन है ! भनिएको होलाजस्तो लाग्छ मलाई त ! तपाईंले कसरी ठम्याउनु भयो कुन्नि ?

हाम्रो नेपालमा नयाँ वर्ष, महाशिवरात्री, फागुपूर्णिमा, दशैं, तिहार, मजदुर दिवस, संविधान दिवस, महिला दिवस, बुद्ध जयन्तीको दिन राष्ट्रियस्तरमा बिदा हुने चलन रहेको छ । गाइजात्रा, इन्द्रजात्रा, रातो मछेन्द्रनाथको भोटो देखाउने जात्रा, घोडेजात्रा काठमाडौं उपत्यकाको मात्र संस्कृति भएकोले उपत्यकाको तीन जिल्लामा मात्र बिदा हुने गरेको छ । इद, लोसार, क्रिसमस, छठमा भने सम्बन्धितलाई मात्र बिदा दिने चलन चलाउन खोजेको पाइन्छ तर यसमा सरकार चलाउनेहरू अड्न नसकी बेलाबेलामा धरमर हुने गरेका छन् । कस्तो लाग्छ तपाईंलाई यो प्रवृत्ति कुन्नि ? तर म भने धरमर हुनु अयोग्यता हुनु हो भन्ने बुझ्दछु । मृत्यु बिदा पनि दिने चलन छ । विभिन्न सरकारी निकायमा यस्तो प्रकृतिको चलन रहेको पाइन्छ ।

साप्ताहिक बिदाको अतिरिक्त राज्य प्रदत्त अतिरिक्त एवं आकस्मिक बिदामा कसरी समय व्यतीत गर्ने भन्ने समस्या पनि बिदा पाउनेहरूमा विद्यमान रहेको छ । राज्य प्रदत्त नियमित बिदा बारे त पूर्व जानकारी हुने गर्नाले त्यो समयको व्यवस्थापन गर्ने बारेमा योजना बनी पूर्व तयारी हुनसक्ला तर अकस्मात दिइने बिदाको कारण त कहिलेकाहीं कामकाजी जागिरेको लागि भालुको कम्पट भई हर्ष न विस्मात हुनपुग्छ । कि तपाईंलाई त्यस्तो लाग्दैन ? व्यहोरेको भए थाहा पाउनुहुने थियो ।

बिदाले एकातिर फुर्तिलो, जाँगरिलो बनाउन सघाई उत्पादकत्व वृद्धि गराउनमा मद्दत पुऱ्याउने गर्दछ । अर्कोतर्फ यसले मान्छेको क्रियाशीलतामा दवाव सिर्जना गरी प्रगति रोक्छ । यसबाट मलाई के लाग्छ भने असम्बन्धित बिदाले फाइदाभन्दा बेफाइदा नै बढी गर्दछ । कि तपाईंलाई चित्त बुझ्केन मेरो कुरा ? सतहमा बग्दा त तपाईं नै ठीक हुनुहोला तर गहिराइमा डुबुल्की मारेर हेर्दा त म नै ठीक छु नि । एकफेर सतह छाडी गहिराइमा पुग्ने प्रयास गर्नुहोस् त ।

आफूसँग असम्बन्धित बिदाले मानिसलाई सुखभन्दा पीडा, खुसीभन्दा धेरै दुःख पुग्ने गर्दछ किनभने त्यस्तो बिदाको समय कसरी बिताउने भन्ने नै





मूल प्रश्न भएर तेर्सिइदिन्छ । यसबाट उत्पादकत्व पनि घट्न पुग्दछ ।

नियमित साप्ताहिक बिदादेखि बाहेकको अरू जति पनि बिदा हुन्छन् तिनको ओज कायम गर्न बिदा अनुरूपकै प्रयोजन बन्न सक्नुपर्दछ । बहालवाला वा भूतपूर्व शासक प्रशासक मर्दा दिइने बिदा भनेको मृतकको सम्झनामा शोक मनाउन दिइएको बिदा हो । पर्व, जात्रा, उत्सव, चाड बिदा भनेको सोही विषयको संस्कृतिलाई संवर्द्धन गरी अर्को पुस्तालाई पनि जागरुक गराउने उद्देश्य लिई धरोहर संरक्षण गर्न उल्लासका साथ मनाउन दिइएको बिदा हो । कि तपाईंलाई चित्त बुझ्केन मेरो कुरा ? तर कुरो त्यही नै हो है !

सबै प्रकृतिको बिदामा बिदासँग बिलकुल असम्बन्धित व्यक्तिले बिदालाई कसरी ग्रहण गर्ने भन्ने गहन प्रश्न हाम्रो सामू उत्ताउलो भएर आइरहको महसुस भइरहेको छैन तपाईंलाई ? त्यस्तो व्यक्तिले न शोक बिदामा शोक मनाउँछ, न जात्रा, पर्व बिदामा जात्रा पर्व नै मनाउँछ । उसले बिदा दिइएको समय त सिनेमा हेरेर, टेलिभिजन हेरेर, तास खेलेर, रक्सी पिएर, मनोरञ्जनस्थलमा घुमेर, साथीहरूसँग गफिएर बिताउने गर्दछ तर बिदा त्यस्तो काम गर्न दिइएको त होइन नि ! बिदाको उद्देश्य एउटा, कर्म अर्को नगरेर पनि बिदा पाउनेलाई धर छैन । यसबाट बिदाको उद्देश्य त सार्थक हुनसक्दैन । कि के लाग्छ तपाईंलाई ? के बिदाको उद्देश्य अनुरूप बिदाको सम्मान हुन सकिइरहेको छ त ? बिलकुल छैन । जब बिदाको सम्मान हुन सक्ने अवस्था नै छैन भने बिदाको अपमान हुने गरी बिदा दिइनु के उचित हो र ? के भन्नुहुन्छ तपाईं ? मलाई त पटक्कै नमिलेको अनुभूति भइरहेको छ । बिदा भनेको रात र अबिदा भनेको दिनसरह न हो तर हामीले रात र दिन दुवैको सम्मान गर्नुपर्दछ । यद्यपि कतिपय अवस्थामा सम्मान हुनसक्ने अवस्था पनि रहने गर्दो रहेनछ । यसैबाट सत्ता सञ्चालन भनेको कति गम्भीर कुरा हो भन्ने छर्लङ्ग हुन्छ । सत्ता नै हचुवा पाराले सञ्चालन गरेमा यस्तै अवस्था आउने प्रस्ट देखियो ।

विकसित देशमा बिदाको समय सदुपयोग गर्न हेर्ने, भुल्ने मनोरञ्जनको सुविधा हुँदा त मान्छेलाई बिदा कटाउन मुश्किल पर्ने गर्दछ । यसैले उसले बिदाको उद्देश्य अनुरूप बिदाको सम्मान गर्न सकिरहेको पाइँदैन । हामी कहाँ त्यस्तो सुविधा पर्याप्त छैन । यस्तो अवस्थामा पनि विभिन्न वर्ग र समुदायका व्यक्तिले उनीहरूको पर्व, जात्रामा राष्ट्रिय बिदा दिइनुपर्ने दवाव सरकारलाई दिइरहेको पाइन्छ । बिदालाई अधिकारको रूपमा लिई त्यस प्रकारको दवाव दिइनु पनि कति उचित हो ? तपाईंलाई कस्तो लाग्छ ? तर मलाई त चित्त बुझ्केन । दवाव दिनेहरूले एक पटक आफ्नो पर्वमा असम्बन्धित अरू सबैलाई दिइने बिदाको औचित्य र प्रभावको मूल्याङ्कन गर्न नचाहेको वा चुकेको अवस्था विद्यमान रहेको अनुभूति भइरहेछ मलाई त । एउटाको जात्रा पर्वमा अर्कोले

बिदा पाउने भनेको त्यस्तो जात्रा पर्वको सम्मानभन्दा पनि अवमूल्यन गरेको ठहर्छ, किनभने असम्बन्धितलाई त्यसको सरोकार नै हुँदैन । असम्बन्धितले त घर बसेर त्यो पद्धतिको कुरो मात्र काट्छ अनि त्यसको गुञ्जन अर्थात् भाइब्रेसन कस्तो हुन्छ ? एक फेर जबरजस्ती बिदा खोज्नेले सोचेर हेरौं न त भन्ने मेरो आग्रह हो । के यो कुरा बेठीक छ त ? तपाईं नै भन्नुस् न । आफै तिखारिए पो राम्रो त ।

खाली दिमागमा सैतानको बास हुन्छ भन्ने कुरा त हामी सबैलाई थाहा छ नि त । यसैले भन्नु, बोल्नुभन्दा अगाडि भन्न, बोल्न खोजिएको विषय उचित अनुचित, ठीक बेठीक, राम्रो नराम्रो, आवश्यक अनावश्यक, शान्तिकामी, हिंस्रक के हुन्छ सोच्नु आवश्यक छ । फेरि विश्लेषणले चिन्तनको दायरा पनि त फराकिलो बनाउँछ । हो त नि भन्ने अवस्था सिर्जना गर्दछ । यही त हो नि सकारात्मक सोच भनेको । आफ्नो कारणले अरूलाई दुःख हैरानी नदिनु नै मानवीय सभ्यता हो नि त । कि होइन जस्तो लाग्छ तपाईंलाई ? तपाईं नै भन्नुस् न कुनै अमुक मान्छे मरे वापतमा दिइने बिदाको असम्बन्धित मान्छेको लागि के औचित्य हुन्छ ? यस्तो मान्छेले त घरमा बसेर त्यसवापत शोक त मनाउँदैन । शोक किन मनाउँदैन भने मर्नेसँग उसको गोरु बेचेको नातासम्म पनि हुन्न । अनि कसरी भाव आउँछ र शोक मनाउने ? अनि त विनिसित्ति पाएको शोक बिदा वापत पनि बिदा पाउने मान्छे भोज पकाउन नै बाध्य हुन्छ । तपाईंलाई मेरो कुरा तीतो लाग्ला आखिर तपाईं म सबैले गर्ने भने त्यही नै हो । मोही माग्ने ढुङ्ग्रो लुकाउने किन ? कि कसो ?

सांसद मरे एक दिन संसद नचल्ने तर शोक प्रस्ताव पारित गरेपछि भत्ता पच्ने । भूतपूर्व प्रधान न्यायाधीश मरे एक दिन अदालत छुट्टी हुने तर सारा सेवाग्राहीप्रति अन्याय हुने । प्रधानमन्त्री, राष्ट्रपति मरे देश भर बिदा हुने कुरा त सामन्तीतन्त्रको इज्जतको विषय हो । त्यो तन्त्र सकिएर गणतन्त्रमा विचरण गरिरहँदा पनि सामन्ती गन्ध नै पस्किरहनु नैतिकताले पनि नमिल्ने कुरा हो । गणतन्त्रमा पनि सामन्तवादी प्रवृत्ति नै क्रियाशील भइरहनु भनेको हुने विरुवाको चिल्लो पात हुँदै होइन है ! यति भन्न लाज मान्नुपर्दैन । वास्तवमा मृत्यु त शाश्वत छ नि । के यो कुरामा हामी कोही अनभिज्ञ छौं र ? पक्कै पनि छैनौं । यो त एउटा लामो निद्रा न हो । यसमा बिदा के को लागि ? हो मान्छे असल थियो, प्रेरक थियो, देशभक्त थियो, भ्रष्ट थिएन, अनैतिक थिएन, परपीडक थिएन, अत्याचारी थिएन भने उसलाई एकछिन सम्झेर उसको गुणको गान गर्नुपर्दछ । उसका कृति र विचारहरूलाई जनमानसमा ल्याउने पो काम गरि दिनुपर्दछ । रावणलाई रामको वाणले ढालेपछि रामले रावणसँग शिक्षा लिन लक्ष्मणलाई पठाएको पनि त हामीलाई थाहा छ नि ! यसैले जुन कार्यालयका





असल मान्छे मर्छन् त्यो कार्यालयले त्यस्ताको बारेमा एक घण्टा सुने सुनाएर शोक मनाउने र बाँकी समय काम गर्ने गरेमा कति राम्रो हुने थियो । मरेका मान्छेको अपमान हुन नपाई सम्मान हुने थियो । कि मन परेन तपाईंलाई मेरो सुझाव ? तर जे भन्नुस् हुनुपर्ने चाहिँ मेले भनेकै हुनुपर्ने हो है ! देश बनाउन त्यति सजिलो छैन । हो अप्रत्यक्ष रूपमा रक्सी, तास, जुवा, गलत यौनाचरणलाई प्रोत्साहन गर्न खोजेको हो भने त कसको के लाग्छ । जस्तो बीउ रोप्यो त्यस्तै फल लाग्ने हो क्यार !

दशैं, तिहार मान्नेलाई इद, क्रिसमस र यो वर्गकालाई दशैं तिहारको बिदा रूपी फुर्सद दिनु भनेको समाजमा विकृतिको जग बलियो बनाउन सघाउनु मात्र हो । गौरा पर्व मनाउनेले लोसारको छुट्टी पाएमा के गर्ने ? यो लादिएको बिदारूपी फुर्सदले मान्छेलाई मात्र अनुत्पादक बनाउने होइन कि राष्ट्रिय उत्पादकत्वमा समेत अवरोध पुऱ्याइरहेको हुन्छ । एकफेर नचाहिँदो बिदाका पक्षधरले ती किसानको विनाबिदाको जीवन र दिनचर्या अनुभूत गरे कति उन्नत हुने थियो मानव मस्तिष्क । होइन त ल भन्नुस् ? बिदा अधिकार होइन पनि भन्ने र जसलाई पनि जुन बिदा पनि भिडाइ दिने प्रवृत्तिले सामाजिक भाइचारा र संस्कृति निर्माणमा योगदान गर्दैन भन्ने कुरा सबैले महसुस गरे कति सुन्दर हुन्थ्यो ।

समग्रमा मुलुकको हित र संस्कृतिको सफल प्रयोगको लागि सरकारी कार्यालयहरू साप्ताहिक बिदाबाहेक अरू कुनै पनि जात्रा, पर्व, चाड, मराउमा खुल्नु पर्दछ । यसको अर्थ सम्बन्धितहरू पनि काममा आउनै पर्दछ भन्ने होइन । काम गर्न चाहने काममा आउन् र आउन नमिल्नेले घर बिदा लिऊन् । काठमाडौं उपत्यकामा मनाइने गाईजात्रा, इन्द्रजात्रा, घोडेजात्रा, भोटोजात्रा भनौं वा पूर्वमा मनाइने उभौली, उधौली भनौं वा पश्चिममा मनाइने माघी, विशु, गौरा भनौं यी सबैमा पनि सम्बन्धित पर्वका पक्षधरहरू सबैलाई छुट्टी आवश्यक छैन । तीमध्ये कतिको सघाइपघाइ गर्ने कुनै काम नै हुँदैन । घरमा नै चाडपर्व भए पनि चुपचाप बस्नुपर्दछ । यसको अर्थ हुन्छ दूरसञ्चार सेवा प्रदायकको खल्ती भरिदिने । उनीहरू नै तास, रक्सी, फेसबुकजस्ता असम्बन्धित एवं विकृत कुराहरूमा बाध्य भई समय कटाउन पुग्छन् । अब एक फेर अलि गम्भीर भएर सोचौं त बिदासँग बिलकुल असम्बन्धितको हालत कस्तो होला ? जसको चाडपर्व जात्रा मराउ हो उसै वर्गका सबैलाई त बिदा बाधा भइरहेको हुन्छ भने अरूको लागि के होला ? अरूलाई त सकस मात्र हुने हो । जब सकस हुन्छ त्यहाँ बिदाको सम्मान हुन सक्तैन । कि तपाईंलाई हुन्छ जस्तो लाग्छ ? आफू त्यही ठाउँमा उभिने प्रयास गरी सोच्नोस् । आस्थाको विवेक प्रयोग नगरीकन यथार्थको विवेक प्रयोग गरेपछि मात्र वास्तविकता थाहा हुने हो, नत्र त त्यस्तै

हो । तपाईं नै भन्नुस् न काठमाडौंको ब्राह्मण जातिलाई इन्द्रजात्राको छुट्टीको के अर्थ छ ? नेवार समुदायको पो सो दिन कुल पूजा हुन्छ, भोज भतेर हुन्छ । बेलुकी ५ बजेपछि जावलाखेलमा देखाइने भोटोजात्राको लागि दिनभर बिदा दिइनुको के उपादेयता होला ? असम्बन्धित जात वा वर्गको त केही पनि काम हुँदैन अनि यस परिवेशमा विकृतिले वास नगरे के ले गर्दछ ? यसैले हरेक कुराको राम्रो र नराम्रो पक्ष हुने गर्दछ । एउटाको लागि ठीक भइरहेको कुरा अर्काको लागि बेठीक हुन पुग्दछ । यसैले सरकार चलाउनेले सबैको लागि ठीक हुने मार्ग अवलम्बन गर्नु नै उसको दक्षताको प्रदर्शन हो ।

बिदाको नामबाट समाजमा उपस्थिति देखाउन खोज्नु नराम्रो कुरा होइन तर नियमित वा आकस्मिक कुनै पनि बिदा गर्न गराउन खोज्दा बिदाको सामाजिक प्रभाव के हुन्छ ? बिदाको यथोचित सम्मान हुन सक्छ कि सक्दैन ? बिदा आवश्यक हो होइन ? बिदा सबैले मनाउने अवस्था छ छैन ? बिदा पाउनेले बिदाको दिन कसरी बिताउन सक्छ र त्यो उचित हो होइन ? भन्ने सन्दर्भमा सूक्ष्म विश्लेषण गरिनु एकदमै आवश्यक हुने गर्दछ । यति कुराको विश्लेषण नगरी दिइने बिदाको सामाजिक मूल्य न्यून हुन पुग्छ । यसको अर्थ हो बिदाको सम्मान होइन कि अपमान भइरहेको छ । कतिपय अवस्थामा त भ्रष्ट एवं अनैतिक मान्छेको नाममा पनि सम्मान स्वरूप जनताले बिदा मनाइरहनु परेको परिवेश पनि सिर्जना भएको छ, जुन कुरा राजनीति गर्नेको लागि पाच्य भए पनि नीतिवान् मान्छेको लागि पाच्य हुन सक्तैन ।

कुनै पनि राष्ट्रिय, जातीय पर्व वा मृत्युमा कार्यालयमा फुर्सद अर्थात् छुट्टी वा बिदा नहुने तर कार्यालय खुलेको पहिलो एक घण्टा त्यस्तो विषयमा संवाद वा धारणा वा प्रवचन वा छलफल वा शोक व्यक्त गर्ने अभ्यास गर्दा बिदाको ओज र गरिमा बढ्न पाउँछ । यस्तो अवस्थामा कार्यालयका अरूले मृतकको गुण अवगुण जान्ने मौका पाउँछन् । जात्रापर्वको सामान्य ज्ञान राखी संस्कृति बुझ्ने अवसर खडा हुन पाउँछ ।

सम्मान प्रकट गर्न बिदा दिँदा बिदा प्रयोगकर्ताले जसलाई सम्मान, श्रद्धा, नमन गर्नुपर्ने हो त्यो गर्न सक्ने अवस्था छ छैन, हुन्छ हुँदैन गहिरो चिन्तन गरिनु आवश्यक हुने गर्दछ । यदि सामाजिक सद्भाव कायम हुनसक्ने अवस्था छैन भने दिइने बिदा ओजरहित देखौवा बिदा मात्र हुनपुग्छ । साप्ताहिक बिदा बाहेकका अरू बिदाका दिन कसरी वित्नु बिताइनुपर्ने हो भनेर बिदा दिने अधिकारीले भन्न मिल्ने कुरा होइन । यसैले बिदा दिनुभन्दा अघि नै कसरी बिताउलान् र बिदाको मर्यादा कायम रहला नरहला भनी सोच्ने कुरा हो । यसरी बुद्धि नपुऱ्याई दिइने बिदालाई बिदाको उद्देश्यभन्दा फरक वातावरणमा उपभोगकर्ताले प्रयोग गरेमा बिदाको उद्देश्य पूरा नहुने मात्र होइन बिदाको





सम्मान पनि हुन पाउँदैन । बिदाको अपमान हुने गरी बिदा तोक्नु राज्यशक्तिको अक्षमता हो । बिदाको लागि बिदाको रूप यस्तै हुने गर्दछ । कि पचेन तपाईंलाई मेरो कुरा ? तर के गर्नु हुन्छ यथार्थ त्यही नै हो । सत्य लुकाएर लुक्दैन ।

जात्रा, पर्व लगायत विविध विषयमा बौद्धिक एवं सामाजिक हिसाबले नभई राजनीतिक हिसाबले बिदा दिनु दिलाउन खोज्नु राष्ट्रियता होइन । त्यो त वर्गीयतारूपी माखाको चित्तको प्रतीक हो । त्यो त मृत राष्ट्रवाद हो । यस्तो कार्य नगर्दा मात्र बिदा शब्दको ओज र मर्यादा उच्च हुन पाई बिदामाथि आदर, सम्मान, सद्भावको संस्कृति विकास भई बिदा सम्बन्धमा बलियो जग निर्माण हुन पाउँछ । यसैले साप्ताहिकबाहेक अरू प्रकृतिका बिदाका प्रचलनलाई निमिट्यान्न पार्दा नै देश र जनता तथा परम्परा एवं मृतकको सम्मान हुन पाउँछ । पर्व संस्कृति मान्न आवश्यक पर्नेले घर बिदा लिए भैहाल्यो । कस्तो मान्नुभयो मेरो सुझाव ? आस्थाको विवेकले होइन कि आफ्नै चेतन विवेकले प्रतिक्रिया दिनुहोला ।

मैतीदेवी, काठमाडौं ।

**


**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ ।

के तपाईं पनि कोशकार हुनुहुन्छ ?

आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**

सबै भिडियो यता छन् ।

1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

# पुनःप्रारम्भ

**श्रीओम श्रेष्ठ 'रोदन'**

हुन्छन् तयार जहिल्यै पुनःप्रारम्भका लागि प्रारम्भ । लाग्छ प्रारम्भका लागि नै हुन्छ अन्त्य । हो पनि अन्त्य नै प्रारम्भको पुनः प्रारम्भ । विनाशपछि हुने सिर्जनाजस्तै । लाखौं छन् देखिने र नदेखिने जीव र जीवाणुहरू । घुमिरहेजस्तै पृथ्वी । घुमिरहन्छन् चक्रमा पुनःप्रारम्भकै लागि ।

बनिरहेका हुन्छन् बिउ नै फल, फूल र अनाज । अन्त्य भएपछि नै बिउ बन्छ अङ्कुरको सिर्जना । क्रम यही हो निरन्तरताको । हुन्छन् हरेक विषयमा यही । हुन्छन् हरेक सन्दर्भमा पनि यही । देखिए पनि र नदेखिए पनि । भइरहन्छन् परिवर्तन यसरी नै । ठ्याक्कै पानीजस्तै । देखिने बगिरहेको पानी उस्तै । देखिने पानी भने रोकिँदैन एकछिन पनि । नदी हुनुको अर्थ । परिवर्तन भइरहने पानी नै हो ।

एक धर्मात्मामा दश हजार मान्छेको बल हुन्छ । जसले सत्यको पक्ष लिन्छ, उसको कहिल्यै हार हुँदैन, भन्छ अथर्ववेदले यही । भनेजस्तो हुनसकेको छैन वर्तमान पटक्कै । छन् केही कन्ठ गर्ने कलिला मस्तिष्कमा भारी विश्वास । हुन्छन् अर्ती र आदर्श आफ्ना लागि कम । बन्छन् अरूका लागि धेरै ।

धमात्माको शक्ति आत्मविश्वासभन्दा टाढा पुग्नै नसक्ने छ समय । हजार धर्मात्माको शक्ति एक व्यापारीमा हुने गरेको छ । हजार व्यापारीमा हुने शक्ति एक राजनीतिक व्यापारीमा हुने गरेको छ । नेता भन्नु त शब्दमाथि नै व्यङ्ग्य भएजस्तो लाग्छ । राजनीति भन्नु देखिने कम, नदेखिने बढी अपराध भएजस्तो लाग्छ । स्वार्थी राजनीतिको परिभाषा हुँदैन । आफू र आफ्ना वरिपरिका लागि गरिने नेतृत्वको अर्थ हुँदैन । राजनीति अहिले त्योभन्दा टाढाको हुनै सकेको छैन ।

दुर्भाग्यको बास भएको छ अहिले । अहिले के भन्नु ? प्रजातन्त्रको नाममा तन्त्रहरूको घोडा चढेदेखि नै हो यस्तै । भए पनि सबै क्षेत्रमा चढिरहेको छ घोडा राजनीतिले नै । ओढिएको छ राजनीति सबै विषय, सन्दर्भ र क्षेत्रमा । जगको ढुङ्गामा पनि राजनीति । छानोको गजुरमा पनि राजनीति ।

सत्यको सधैं जित हुन्छ भन्ने नै असत्य बनिसकेको छ । सत्यमार्ग हारको बाटो बनेको छ । सत्यको शक्तिका कुरा । नाटक र सिनेमाका संवादमा सीमित भएका छन् । थुनिन थालेको छ सत्य जतासुकै । सत्यको जित आश्चर्यजस्तो र





अपवादजस्तो हुन थालेको छ ।

समय आधुनिक बन्दै गएको छ अहिले । महाभारतकालीन होइन समय । हुँदा पनि हार्नुपरेको थियो सत्यले । पटकपटक युधिष्ठिरहरूले । इतिहास हो यो । जोगाइराख्नुपर्छ सधैंका लागि । जपिरहनु पनि हुँदैन गायत्रीमन्त्रजस्तो ।

फरक भइसकेको छ समय सोचेभन्दा । पढेर हुँदैन शास्त्रका ठेली अब । बन्दैनन् पढेर कोही बुद्ध र गान्धीहरू । कथा मात्र होइनन् हिजोका दादा इदिअमिन र पोलपोटहरू । कति छन् कति विदेशमा । देशमा छन् अनेक स्वरूपमा झन् ।

हिजोका असलहरू पढिरहेका छन् पुस्तकहरूमा । खराबहरू भने जन्मिरहेका छन् भटाभट । इतिहासकै रूपमा सम्मान गर्नुपर्छ इतिहासलाई । बुझ्नलाई हुनुपर्छ सजिलो विगत । हुनुपर्छ सचेत र सुधारका लागि मात्रै । दोहऱ्याउनका लागि हुनै हुँदैन ।

शुभसाइतको सङ्केत मानिन्छ माछालाई । घोडालाई विश्वासको । हात्तीलाई सफलताको र सिंहलाई शालीनताको । बुझेको छैन अर्थ केही गरी । होलान् कस्ता आधार यस्ता प्रतीकका ? होलान् कस्ता कारण ? होलान् अर्थहरू । होलान् मान्यताहरू पनि । जे भए पनि सिंहलाई शालीनताको उपमा दिएको मिलेन पटक्कै ।

थाहा छ नि, हुँदैनन् सबै मिल्ने कुरा मात्र । उदाउँदैन सूर्य पनि एकैपटक सबै ठाउँमा । फरक छ समय चन्द्रमा देखिने पनि । भइरहेका छन् नहुनुपर्नेहरू पनि । बनेकाले प्रचलनजस्तै । असत्यहरू सत्यजस्ता बनिरहेका छन् ।

मान्छे दौडिरहेका छन् बाँच्नका लागि । थोरै छन् सुखसयलका लागि दौडिने । भ्रम मात्र हुन् अरूका दौडाइ । छैनन् आदर्श र उदाहरणका लागि । मात्र पेटकै लागि । आफ्ना पहिले र पछि अरूका लागि । दौड बाँच्नुका लागि निरन्तर ।

थोरै भएको छ समय । फुत्किन खोजिरहन्छ सधैं । महङ्गो बन्दै गएको छ समय सबैका लागि । दौडिरहेछन् त्यही पनि कामले र विनाकामले पनि । शान्तिका नाममा । धर्मका नाममा । घुमिरहेछन् मन्दिर, मस्जिद, चर्च र गुम्बाहरू । गरिरहेछन् क्षय आजको महङ्गो समय । घटाइरहेछन् आयु आफै । बहकिरहेका छौं यही धुनमा । हात थाप्ने भोकाहरूलाई साक्षी राखेर सुन दलिरहेका छौं मूर्तिहरूमा ।

बाँस फुल्नासाथ मर्छ । सम्भोगपछि भालेलाई पोथी माकुराले मारेर खान्छे । प्रक्रिया हो पुनःप्रारम्भकै मर्नलाई फुल्ने बाँसको । मर्नलाई सम्भोग गर्ने माकुरो पनि पुनःप्रारम्भकै प्रक्रिया हुनसक्छ । बास्ना आउँदैन पँलासको फूलको । सबैभन्दा बढी यौनशक्ति हुन्छ खरायोमा । प्रजनन क्षमता हुँदैन खच्चडमा । टाउकोमा गर्भधारण गर्छ उडुसले । अनौठो लाग्छ सुन्दा पनि । हो तर यथार्थ नै ।

पृथक्पृथक् छ बाँच्ने स्वभाव । आआफ्नै छ प्रकृति । जेजेजस्ता देखिए तापनि हुन् सबै पुनःप्रारम्भकै लागि ।

बढ्छन् यसरी नै आआफ्नो गतिमा र पुग्छन् लक्ष्यमा । अनौठो छ यो मामलामा मान्छे भने । हिँड्न थाल्छन् खुट्टा टेकेदेखि । हिँडिरहन्छन् जीवनभरि । पुग्न भने कहीँ सक्दैनन् । जहाँ गए पनि, जहाँ पुगे पनि हुन्छ जहींको तहीं । जीवनको भ्रमजस्तै । छायाको यात्राजस्तै । नघट्ने दूरी जति पाइताला खियाए पनि । पुगेजस्तो हुने टाढा तर नपुगिने जीवनजस्तै । ठीक विपरित हुने मृत्यु भने नदेखिने टाढा । दिन प्रतिदिन नजिकिँदै जाने ।

विश्वास पूर्णतः सत्य हुँदैन । भावीलेखन र प्रकृतिमा भने एकरूपता पाइन्छ मानिसको । सुख र सुविधाले सम्पन्न भए पनि बन्दैन फरक मानिस । दुःख, पीडा र असन्तुष्टिले बाँचे पनि बन्दैन फरक मानिस । कुनै परिभाषाले फरक बन्न सक्दैन मानिस ।

किलाजस्तै भित्तामा ठोकिने दुःखजस्तै हो मानिस । बाहिरबाट नदेखिने । गहिरिएपछि देखिने भित्रसम्मै । लुकाउन सकिँदैन जति नै टाढा बसे पनि । हुन्छौं नजिक आफैसँग । हुर्काएका हुन्छौं दुःखका बेर्ना आफैले । जानेर पनि नजानेर पनि । कारण हौं आफै दुःखका, सुखका पनि ।

जन्मिएका छौं चेतनशील प्राणीका रूपमा । बन्छौं निरीहजस्तो । हिँड्छौं विकल्पहीन खनिएका बाटाहरूमा जस्तै । बाटो खन्ने हामी नै हौं । हिँड्ने पनि हामी र हिँडाउने पनि हामी नै ।

गरौं प्रश्न आफैसँग । कति प्रतिशत बन्नसकेका छौं पूर्णमान्छे ? आफूप्रति र अरूप्रतिको व्यवहारले ? बुख्याँचाजस्तै खेतमा । डमीजस्तै सोरूममा । रोबोट जस्तै विज्ञानमा । बनेपछि स्थान र परिवेशअनुसार । खोजेर कहाँ पाइन्छ आफ्नोपन ?

खुसी हुँदैनौं राजनीतिसँग । चुनाव र नेतृत्वसँग, नसकुन्जेलसम्म समयावधि । मौसम लागेपछि फेरि चुनावको । आउँछन् त्यही वा त्यस्तै अनुहार । आउँछन् शिर थाप्न आशिषको । लगाउँछन् पहिरन अवोधताको । फेरि हस्ताक्षर गरिदिन्छौं आफैमाथि अन्याय गर्ने लालपुर्जामा । बलियो बनाउनुपर्ने जगमा दुलोपार्ने सिफारिस गर्दछौं आफै । नजानेर थोरै, जानेर धेरै बनिसकेको छ स्वभाव हाम्रो । अनभिज्ञजस्तै बन्छौं माध्यम बन्ने र बनाउने प्रक्रियाप्रति । आफैले बोक्ने भारी थपेजस्तो । आफै पुरिने खाल्डो खनेजस्तो ।

हुर्किने वातावरण यस्तै छ हाम्रो । रमाएका छौं यस्तै संस्कार र संस्कृतिमा । खोज्न धेरै टाढा जानैपर्दैन । मात्र नागपञ्चमी सम्झे पुग्छ । खतरा ठान्छौं सर्प देखेपछि । खोजीखोजी मारेरै छोड्छन् देखेपछि धेरै ठाउँमा । शत्रु नै भएजस्तै जन्मजात । तीन सय चौसठ्ठी दिन हुन्छ वर्षमा यस्तो काम । पूजा गर्छन्





नागपञ्चमीका दिन, जति नै सर्प मार्नेले पनि ।

मन पराउँदैनौ कागलाई पनि खासै । के के न बिगारी दिएजस्तो । आउनै दिदैंनौं अगाडि । दुश्मनी नै भएजस्तो । अपहेलना गर्ने कागलाई पनि पूजा गर्छौं एक दिन । दिन्छौं खानेकुरा । बनाएर संस्कृति नै ।

त्यस्तै बनेको छ राजनीति पनि । चुनाव र हाम्रो मतदान पनि । मन नपराए पनि सधैंभरि । चुनिदिन्छौं उनीहरूलाई चुनाव आएपछि । प्रतिनिधि बनाइदिन्छौं आफ्नै । घन्टौं लाइनमा बसेर भए पनि अधिकार प्रयोगका नाममा । अधिकारी बनाउँछौं आफैलाई शासन गर्ने अधिकार दिई । हो यो पनि प्रक्रिया पुनःप्रारम्भकै ।

आकाशमा उडेकाहरूले आकाश उडाएँ भन्न सुहाँउदैन । अनाथका उघारिएका आङ देखाएर कास्मिरी कोटमा इज्जत खोज्नहरू । तरुनीका उदाङ्गा आँखा हेरेर कल्पनामा वीर्यलाई माटोमा गर्भधारण गर्नेहरू । सपनासँगै कुदेर विजयी बन्ने अहम्का भण्डार बोक्नेहरू । आदर्शको प्रवचनमा मुग्ध पारेर बलात्कार गर्नेहरू । सुन्नुपर्छ अब भित्रसम्म सुन्ने गरी । हेर्नुपर्छ अब मनसम्म देख्ने गरी । बुझ्नुपर्छ अब कहिल्यै नबिर्सने गरी ।

दुःखको महासागर नै हो जीवन । बनेकै त्यही भोग्नलाई हामी । चलुन्जेल सास पौडिरहनुपर्छ त्यही सागरमा । त्यसैले फुकाल्न सक्नुपर्छ दम्भका लुगा । उतार्न सक्नुपर्छ भ्रमका चस्मा ।

हामी भनेका मात्र नदी हौं, नदी । समयअनुसार ठूलोसानो भइरहने । बग्ने पानी नै भए पनि बोक्छौं दुनियाँका फोहर । धर्म नै पानीको बगिरहने निरन्तर । पुग्छ बगेर कहाँ कहाँ ? बन्छ नाम फरकफरक । बन्छ फरकफरक ठाउँ । भए पनि बनिरहन्छ पानीको पानी नै ।

बग्ने यात्रामा । आफ्नो धर्ममा । गुज्रनुपर्छ समस्यासँग पटकपटक । जुध्नुपर्छ आइपर्नेहरूसँग । बोक्नुपर्छ अनेकका भारी । कसैको प्यास । कसैको सिँचाइ । कसैको यात्रा । कसैको पेशा । कसैको कमाइ । कहिले बनेर बाढी । दिनुपर्छ दुःख प्रकृतिलाई पनि । व्यहोरिरहनुपर्छ अनेक बगिरहुन्जेल । नदीको बगाइ र हाम्रो जियाईमा छैन कुनै अन्तर ।

समयको सराप लाग्यो भने आगो नजिक नगए पनि रापिन्छ । विवेक हुँदैन आगोको । भन्दैन नजिक टाढा केही पनि । जलाइदिन्छ पाएसम्मलाई । धर्म हो नष्ट गर्नु उसको । फरक हुन्छ मात्र पोलिनु र पोलाउनुमा । यथार्थ एउटै भए पनि फरक हुन्छन् पीडा ।

भनिन्छ बोल्ने मानिसको मन भारी हुँदैन । नबोल्नेहरू थिचिरहन्छन् आफ्नो भारीले आफै । यातना दिन्छन् आफैलाई पटकपटक नबोल्नेहरू । बोल्नेहरू बैङ्कको खातामा बढेको व्याजको हिसाब गर्छन् । आयुको बैङ्कमा

घट्दै गएको जीवनको हिसाब गर्दैनन् ।

चिन्ताको भारी थपिरहन्छन् अन्तर्मुखीहरू । भोलि र भाग्यलाई धमिलो बनाउँदै लैजान्छन् । भारी बनाउँछन् मस्तिष्कलाई । कर्फ्यु लगाएर बाँधिन्छन् आफैसँग । सपनाजस्तो ठान्छन् स्वतन्त्रतालाई । नखोजिएरै देखिने सपनाजस्तो । हुन त सपना नै हो सबैभन्दा छिटो पुगिने राजमार्ग । जहाँ खोजेर पुगिँदैन । खोजेर हाँस्न सकिँदैन । माध्यम बन्छ मात्र क्षणिक खुसीको । बिर्सेर असन्तुष्टि, अप्राप्ति र असुविधालाई । सानो प्वालबाट हेर्न मिल्ने विशाल दृश्यजस्तै । जीवनको जङ्गलमा भौतारिरहने नियति र यथार्थजस्तै ।

दुःखको पोखरीमा आहाल बसेपछि सुखको पिर्कामा टकटक्याउनुको अर्थ हुन्न । हौं पनि हामी सिङ्गो पोखरीजस्तै । धरै पाउँदैनौं नडुबेर । डुबेर कस्तो अनुभूति गर्ने अधिकार हुन्छ आफैमा । हुन्छ अँध्यारो पनि र उज्यालो पनि । कर्मले नै देखाउँछ आजलाई । आखिर फल्ने रोपेअनुसारको नै हो ।

उज्यालो पाउनलाई अँध्यारोको माया गरेर हुँदैन । बाटोको नक्सामा टेकेर मात्र पुगिँदैन । बन्नैपर्छ बाटो । बढाउनैपर्छ पाइताला । नत्र सपना बराबर सपना नै हुन्छ । नभए तरङ्गजस्तै हुन्छ मृगतृष्णा । स्थायी बन्नसक्छ अँध्यारो ।

विचलित नहुनेले छोड्नखोज्दैन साथ । हुन्छ इमान्दार पहरेदारजस्तै । हुँदैन रहर उज्यालो छोप्ने । कल्पना पनि किन गर्नु अँध्यारोको ? नजिकको तीर्थ हेला भएजस्तै । सुखको पछि दौडिरहँदा थकाइको अनुभव हुँदैन । टाढा देखिने वस्तुको महत्त्व बढेजस्तै । ब्रह्मज्ञानी भएकैले पो हो कि मान्छे ? भए पनि अस्थायी बनिरहन्छ स्थायीजस्तै । स्वर्गका कथाजस्ता । भऱ्याङविनाका महलजस्ता ।

समस्या भने पनि हामी । समाधान भने पनि हामी नै । त्रास पनि हामी । तृप्ति पनि हामी नै । आधार पनि हामी । भार पनि हामी नै । त्यसैले नै उद्यत हुन्छौं हामी सदैव पुनःप्रारम्भकै लागि ।

बाँच्छौं सकुन्जेल पुनःप्रारम्भका लागि । बँचाइरहन्छौं पनि पुनःप्रारम्भकै लागि । फेरिरहेका प्रत्येक सास पनि त्यही भनिरहन्छ । आफैले आफैलाई हेर्नसक्यौं भने । देख्नसक्यौं भने देखिने छ छ्याङ्गै घामजस्तै ।

ललितपुर ।

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**





# संस्कार र शिक्षा

**डा. श्यामप्रसाद न्यौपाने**

प्राचीन कालदेखि मानव समाजमा व्यवहृत हुँदै आएका चालचलन, रीतिथिति, आनीबानी जो देश, काल, वातावरण र समयानुसार परिष्कृत एवं परिमार्जित हुँदै मानवसमाजलाई सकारात्मक दिशातर्फ उन्मुख गराउँछ, त्यसैलाई संस्कार भनिन्छ । संस्कृत भाषाको कृ धातुमा सम उपसर्ग र घञ् प्रत्यय लागी निष्पन्न भएको संस्कारको शाब्दिक अर्थ शुद्ध पारिएको, खारिएको, माझिएको, पवित्र तुल्याइएको हुन्छ । ऋग्वेदमा संस्कारको ठाउँमा संस्कृत शब्द प्रयोग गरिएको पाइन्छ भने जैमिनीले संस्कारलाई यज्ञ भनेका छन् ।

वैज्ञानिक दृष्टिले संसारका प्राणीहरूमध्ये मानिस चेतनशील प्राणी मानिन्छ, सामान्य चेतना अन्य प्राणीमा भए पनि मानिसमा जति चेतनतत्त्व अन्य प्राणीमा पाइँदैन । धार्मिक दृष्टिले पनि संसारका चौरासीलाख योनीमध्ये मनुष्य योनी अत्यन्त सुन्दर मानिएको छ । मानिसमा सुकृत्य गरेर मोक्ष प्राप्त गर्ने सामर्थ्य भएकोले देवतागण पनि मनुष्य भएर मर्त्यमा जन्म लिन चाहन्छन् भन्ने उल्लेख पाइन्छ । जागृतिका कविता लेखेर नेपाली जनमानसमा चेतना विस्तार गर्न उद्यत रहने कवि पं. धरणीधर कोइरालाले पनि 'अति सुन्दर मानवजीवन यो, अझ सुन्दर पार्नु कसो गरि हो' भनी मानवजीवन सुन्दर रहेको उल्लेख गरेका छन् । मानवजीवन अन्य प्राणीको जीवनभन्दा सुन्दर हुनुको कारण संस्कार हो । यदि मानव संस्कारहीन भयो भने चेतनशील भए पनि उसको जीवन कुरुप बन्ने कुरामा दुईमत हुन सक्तैन । संस्कारले मानिसलाई अनुशासित, जिम्मेवार, मर्यादितमात्र होइन, कर्तव्यबोध भएको असल नागरिकसमेत बनाउँछ । मानवसमाजमा प्रेम, सद्भाव कायम राख्दै शान्तिमय जीवनको लागि संस्कार अपरिहार्य मानिन्छ । जहाँ संस्कार हुन्छ, त्यहाँ सामाजिक मूल्य मान्यता स्वीकार्दै समाजका हरेक व्यक्तिले आ-आत्नो कर्तव्य पूरा गर्दछन् । जहाँ संस्कार हुँदैन, जहाँ संस्कारको कुनै मूल्य हुँदैन, त्यहाँ अनुशासन हुँदैन, संयम हुँदैन, स्वेच्छाचारिताले प्रश्रय पाउँछ । अनि मत्स्यन्याय चल्न आरम्भ हुन्छ । सजातीय भए पनि ह्वेलहरूले खिजालाई सुलुसुलु निल्छन्, जसरी तृषित व्यक्तिले शीतलजल निल्दछ । फलतः मानवसमाज उन्नति, समृद्धिको शिखरतर्फ भन्दा अवनतिको दलदलमा जाकिन पुग्दछ ।

पूर्वीय जगत्मा अझ भन्ने हो भने हिन्दू जगतमा देश, समाज र व्यक्तिलाई आदर्श बनाउन तत्त्वदर्शी ऋषिमुनिहरूले जन्मपूर्वदेखि मरणोपरान्तका संस्कारको उल्लेख गरेका छन् । त्यतिमात्र होइन, सांस्कारिक व्यक्तिले नै परिवार, समाज र देशलाई समुन्नतिको उज्यालोतर्फ लैजान्छ भन्ने सोचेर सांस्कारिक बनाउन गुरुकुलमा पठाइने गरिन्थ्यो । गुरुकुलमा बालकहरू शिक्षा र संस्कार दुवै सिक्दथे । ऋषिमुनि, ब्रह्मचारीहरूको सङ्गत र गुरुहरूको अध्यापनबाट शिक्षार्थीहरू शिक्षित र सांस्कारिक दुवै हुन्थे र जस्तोसुकै विपत्तिको समयमा पनि उनीहरू कर्तव्यच्यूत हुँदैनथे । व्यक्तिगत स्वार्थमा रूमलिँदैनथे ।

महाभारतका अनेक आख्यानहरूमध्ये व्यघ्रपाद ऋषिका पुत्र शिवभक्त महर्षि आयोधधौम्यको मधुर कथा छ । उनका आरुणि, उपमन्यु र वेद तीन शिष्य जस्तोसुकै विपत्तिमा पनि गुरुआदेशबाट विचलित नभएको कथा छ । महर्षि धौम्यका शिष्यहरूमध्ये उपमन्युलाई आश्रमका गाईवस्तु चराउने जिम्मा दिइएको थियो । बिहान ब्रह्ममुहूर्तमा उठ्नु, ब्रह्मकर्म गर्नु अनि भिक्षाटनमा जानु र भिक्षामा प्राप्त वस्तु गुरुलाई सुम्पनु, अनि गुरुसेवाबाट फुर्सद् पाएपछि गुरुले अह्राएका काम सम्पन्न गर्नु उनीहरूको कर्तव्य हुन्थ्यो तर गुरु धौम्यले उपमन्युले भिक्षाटन गरी ल्याएको भिक्षा उपमन्युलाई कत्ति पनि दिँदैनथे ।

एक दिन गुरु धौम्यले उपमन्युलाई सोधे- 'उपमन्यु ! मैले तिम्रो भिक्षा सबै लिन्छु । तिमी के खाएर यति मोटाघाटा भएका छौ ?'

उपमन्यु- 'गुरुवर ! म दुई पटक भिक्षाटन गर्दछु । पहिलो पटकको भिक्षा हजुरलाई चढाउँछु । दोस्रो पटकको भिक्षाबाट म क्षुधाग्नि शान्त पार्छु ।'

धौम्य- 'धत् ! यस्तो पापकर्म पनि गर्नुहुन्छ । सन्त, ब्रह्मचारीले दुई दुई पटक भिक्षाटन गर्दा गृहस्थीलाई कष्ट हुन्छ । हेर उपमन्यु, गृहस्थी कहाँ हाम्रो आश्रमबाट मात्र भिक्षाको याचना गरिँदैन अन्य सन्त, ब्रह्मचारी पनि जान्छन् अनि गृहस्थीका आफ्नै परिवारजन पनि हुन्छन् । यसरी एउटै व्यक्ति दुई दुई पटक प्रातःकालीन भिक्षाटनमा जाँदा गृहस्थमा भिक्षार्थीप्रति शङ्का पनि हुनसक्छ । अरू भिक्षार्थीले पनि भिक्षा पाउँदैनन्, यो त ठूलो पाप हो, उपमन्यु !'

उपमन्युले गुरुदेवको वचन स्वीकार गरी दोबारा भिक्षा नलिने वचन दिए । केही समय बितेपछि धौम्यले उपमन्युलाई बोलाएर भने- 'उपमन्यु ! तिमी त उस्तै मोटाघाटा नै देखिन्छौ । के खान्छौ अचेल ?'

उपमन्यु- 'प्रभो, मैले अचेल गाईको दूध खाने गरेको छु ।'

धौम्य- 'उपमन्यु ! फेरि पनि तिमीले गलत काम गरेछौ । मेरो अनुमति र आज्ञाविना गाईको दूध खानु पनि अपराध नै हो ।'

गुरुदेवको वचन सुनेपछि उपमन्युले गाईको दूध पनि खान छोडिदिए ।





केही दिनपछि गुरु धौम्यले उपमन्युलाई बोलाएर सोधे- 'बाबु उपमन्यु, आजभोलि तिमीले के खाएर बाँचेका छौ ?'

उपमन्यु- 'गुरुवर, आजभोलि मैले गाईका बाच्छाबाच्छीले मुखबाट निकालेको फिंज खाएर भोक मेटाउने गरेको छु ।' गुरुले उपमन्युको परीक्षा लिनु थियो । त्यसैले उनलाई नजिकै बोलाएर भने- 'उपमन्यु ! गाईका बाच्छाबाच्छी अति दयालु हुन्छन् । तिनले तिमीप्रति दया गरेर आफू भोकै रही दूधलाई फिंज बनाएर झार्दा हुन् । बाबु ! अर्कालाई भोकै राखेर आफ्नो पेट भर्नु राम्रो हो र ?'

गुरु धौम्यका कुराले उपमन्यु नतमस्तक भए । फिंज खाँदा उनलाई अर्काले खाएको खानेकुरा खोसेर खाएजस्तो लाग्यो । उनले बाच्छाबाच्छीले मुखबाट निकालेको फिंज पनि नखाने निधो गरे ।

बिहान ब्रह्ममुहुर्तमा उठ्नु, सन्ध्योपासना गर्नु, गुरुलाई पूजाको लागि सामग्री तयार गरिदिनु, फूल खोजी ल्याउनु, आश्रमको सरसफाइको काम सम्पादन गर्नु, दिनभर गाईवस्तुको पछिपछि वनवनमा दौडनु तर खानेकुरा केही नपाउनु । केही पनि नखाई बस्दा उपमन्युलाई भोकले निकै सतायो । उनका पेटमा मुसा कुद्न थाले । उपमन्युले केही उपाय नपाएर रूखका पात खान थाले । उनी नजिकै आँकको झाडी थियो । क्षुधाले पीडित उपमन्युले समीपमै रहेको आँकका पात टिप्दै खाँदै गर्न थाले । आँकको विषले उनका आँखा बन्द भए । उनी अन्धा भए ।

आँखाको ज्योति गुमेपछि हिँड्दाहिँड्दै उनी गहिरो कुवामा खसे । पश्चिमतिरको आकाश सुवर्णमय चम्किएको थियो । एक दुई गगनचुम्बी शैलशिखरमा मात्र रविरश्मि टल्किएको देखिन्थ्यो । चराचुरूङ्गी मीठो कलरवका साथ वासस्थानतिर फर्कंदै थिए । कृषकहरू कुदोकोदालो, घाँसपात लिएर वासस्थानतिर लाग्दै थिए । धर्तीमा बिस्तारै निशाले जुल्क्याउँदै थिइन् । सबै ब्रह्मचारी आफ्ना जिम्मेवारीका काम सिध्याएर आश्रममा आइपुगेका थिए । वनमा गएका गाईवस्तु गोठालो विनै आश्रममा आए । मन्दिरमा आरतीको शङ्खघण्ट बज्न थाले । सबै ब्रह्मचारीहरू मन्दिरको प्राङ्गणमा उपस्थित भएर भजनकीर्तनमा एकाग्र हुन थाले । आरती सकियो । सबै ब्रह्मचारी गुरुको आशीर्वाद लिन आए । गुरुले ब्रह्मचारीको समूहमा नजर फिराए तर उपमन्युलाई देखेनन् । गुरु धौम्यले ब्रह्मचारीहरूसँग उपमन्युको खै गरे तर सबैले उपमन्युलाई नदेखेको कुरा बताए । गुरु धौम्य चिन्तित भए । खानेकुरा जति सबै बन्द गरिदिएको हुनाले क्रोधको आवेशमा उपमन्यु अन्यत्रै त गएन ? उनका मनमा चिसो पस्यो । केही ब्रह्मचारीलाई लिएर उनी उपमन्यु खोज्न जङ्गलतिर लागे ।

'बाबु उमपन्यु ! उपमन्यु ! ए ऽऽऽ उपमन्यु !' उनले रातको एकान्ततालाई चिर्दै बेस्सरी चिच्याए । पर्वतले उनको आवाजलाई दोहोऱ्याई रह्यो । 'बाबु उपमन्यु तिमी कहाँ छौ बा ?' उनी जोडजोडले चिच्याउँदै वनवनमा दौडन थाले । वनको एकान्ततालाई चिर्दै गुरुको आवाज कुवाको पिँधसम्म पुग्यो । गुरुको आवाज उपमन्युको कानमा ठक्कर खान पुग्यो । गुरुको आवाजले उपमन्युको आत्मविश्वास बढ्यो । बाँच्ने आशा पलाउन थाल्यो । उपमन्युले आफूलाई सम्हाल्दै आवाज निकाले । उनले कुवाभित्रबाटै 'गुरुदेव म यहाँ छु' भनेर चिच्याए । 'गुरुदेव म कुवाभित्र छु ।' उनले बेस्सरी चिच्याए । गुरु धौम्य आवाज आएतिरै हानिए । कुवाको डिलमा पुगेर उनले सोधे- 'उपमन्यु ! यस्तो कसरी भयो ?' उपमन्युले गुरुआज्ञाविना केही नखाएको र भोकले सताएको हुनाले आँकका पात खाँदा आँखाको ज्योति हराएको हुँदा हिँड्दाहिँड्दै कुवामा खसेको वृत्तान्त सबै विस्तारपूर्वक बताए ।

गुरुले उपमन्युलाई देवताका वैद्य अश्विनीकुमारको स्तुति गर्न लगाए । गुरुभक्त उपमन्युको स्तुतिबाट अश्विनीकुमार प्रसन्न भई प्रकट भए ।

अश्विनीकुमार- 'बाबु उपमन्यु ! हामी तिम्रो स्तुतिबाट निकै प्रशन्न छौं । लौ यो गुलियो पुवा खाऊ, तिम्रो क्षुधा पनि शान्त हुन्छ अनि आँखाको ज्योति पनि फर्कन्छ ।'

उपमन्यु- भगवन्, मेरो स्तुतिबाट प्रसन्न हुनुभएकोमा म कृत्यकृत्य भएँ । हजुर अत्यन्तै कृपालु हुनुहुन्छ तर प्रभो मलाई क्षमा गर्नुहोला । म गुरुआज्ञाविना पुवा त के पानी पनि खान सक्तिनँ ।'

अश्विनीकुमार- 'उपमन्यु ! पहिले तिम्रा गुरुले पनि आफ्ना गुरुको आज्ञाविना हामीले दिएको खानेकुरा खाएका थिए । हामीले दिएपछि खान हुन्छ बाबु, लौ खाऊ ।'

उपमन्यु- 'प्रभु, गुरुदेवको कमजोरी शिष्यले हेर्ने होइन, मलाई क्षमा गर्नुहोस् भगवन् म गुरुदेवको आज्ञाविना कसैले दिएको खान्नँ ।'

उपमन्युको दृढ गुरुभक्ति देखेर अश्विनीकुमार निकै प्रसन्न भए । उनको आँखाको ज्योति पहिलेकै जस्तो तेजिलो बनाइदिए ।

अश्विनीकुमारहरूले नै उपमन्युलाई कुवा बाहिर निकाले । उपमन्युले कुवाको डिलमा उभिएका गुरु धौम्यको चरणस्पर्श गरे । धौम्यले हर्षका आँसु बगाउँदै 'बाबु' भन्दै उपमन्युलाई अँगालोमा बेस्सरी कसे । अश्विनीकुमारहरूसँग उपमन्युको वार्तालाप सुनेका धौम्यले उपमन्युलाई 'मिहिनेत गरी पढ्यौ भने वेद, धर्मशास्त्र तिमीलाई कण्ठस्थ हुनेछन्' भन्ने आशीर्वाद दिए र आश्रममा लिएर गए ।





महाभारतको उल्लिखित कथाबाट प्राचीनकालमा विद्यार्थीलाई संस्कार दिन जोड दिइन्थ्यो भन्ने स्पष्ट हुन्छ । बालकलाई शिक्षा दिएरमात्र हुँदैन सुन्दर एवं सार्थक जीवनको लागि संस्कार सिकाउनु अति आवश्यक हुन्छ ।

शिक्षाले मानिसलाई ज्ञानी बनाउँछ । ज्ञानी भन्नाले यहाँ ज्ञानवान् भन्ने अर्थ बुझ्नु आवश्यक छ । ज्ञानीले ज्ञान प्राप्त गरेको हुन्छ तर संस्कार नजानेको हुन सक्दछ । शिक्षा र संस्कार दुवै एकीकृत गर्न सकियो भनेमात्र जीवन सुन्दर बन्दछ । केवल ज्ञानले जीवन सरलरेखाझैं सहज नबन्न सक्दछ । ज्ञानी संस्कारबाट विकर्षित भयो भने विनाश निम्त्याउन सक्दछ । लङ्काधीश दशानन चारै वेदका ज्ञाता थिए । उनी शस्त्रविद्यामा मात्र होइन, शास्त्रविद्यामा समेत निपूर्ण थिए । मायावी विद्यामा समेत दक्ष थिए । युद्धकलामा पोख्त थिए । विज्ञानमा पारङ्गत थिए । उनमा शिक्षा थियो तर संस्कार थिएन । विद्या थियो तर विवेक थिएन । सत्याचार थिएन । संस्कारहीनताकै कारण उसको विवेकमा बिर्को लागेको थियो । संस्कारहीनताकै कारण उसमा विनयशीलता थिएन । विद्वान् भएर पनि संस्कारहीन भएकोले उनको पतन भयो । त्यस्तै हस्तिनापुरका युवराज कौरव र पाण्डवहरूले एउटै गुरुबाट शास्त्र र शस्त्रविद्या प्राप्त गरे पनि संस्कारहीनताकै कारण कौरवहरूको इहलीला समाप्त भएको कथा पाइन्छ । मानवजीवनमा शिक्षाको अति महत्त्व छ त्योभन्दा बढी संस्कारको महत्त्व टड्कारै देखिन्छ ।

वर्तमान समयमा संसारका कतिपय स्थानमा शिक्षाको उज्यालो पुग्न सकेको छैन तर पनि त्यहाँका कतिपय बासिन्दा सांस्कारिक छन् (यसो भन्दैमा जीवनमा शिक्षा आवश्यक छैन भनिएको होइन) शिक्षाले संस्कार सिकाउनुपर्छ, व्यवहार सिकाउनुपर्छ, मानवीय धर्म पालन गर्न सिकाउनुपर्छ । सांस्कारिक व्यक्तिले समाजमा शान्ति र सद्भाव कायम गर्न सक्दछ । 'विद्या ददाति विनयं विनयाद्याति पात्रताम् । पात्रत्वाद् धनमाप्नोति धनात् धर्म ततः सुखम्' भन्ने सूक्तिले पनि सांस्कारिक व्यक्ति नै सुखी हुन्छ भनेको छ । विद्याले विनय प्रदान गर्दछ । नम्र वा विनयशील व्यक्तिमा नै पात्रता हुन्छ । विद्वान् हुँदैमा सबैले विश्वास गर्छन् भन्ने छैन । कतिपय विद्वान् अभिमानले ग्रस्त हुन्छन्, तिनलाई कसले पुज्छ, कसले ढोग्छ र ? पात्रता नै संस्कार हो, अर्काको मन जित्नसक्नु संस्कार हो । सांस्कारिक व्यक्तिले नै विश्वास प्राप्त गर्दछ अनि धनी बन्छ । धनबाट उसले अभिमान आर्जन नगरी धर्माजन गर्न थाल्यो भने भौतिक एवं आध्यात्मिक सुख प्राप्त गर्दछ । भौतिक सुखले मात्र मानव सुखी हुँदैन । आध्यात्मिक सुखबाटमात्र वास्तविक सुखको अनुभूति हुन्छ । 'आगो बल्छ भने भित्र ह्वार्रह्वार्र भयङ्कर बाहिरी शीतलताले मात्र कति छिचोल्न सक्छ र ?' त्यसै भनिएको होइन ।

अस्ति भर्खर एक जना मित्रसँग पङ्क्तिकारको गफगाफ चलेको थियो ।

गफैगफमा संस्कारका कुरा जोडिए। उनले भने, हाम्रो गाउँमा एक जना सज्जनले आफ्नो सुपुत्रलाई राम्रो शिक्षा दिएका थिए। स्नातकोत्तर गरी उनका सुपुत्र विदेशतिर हानिए रे ! उनले त्यहाँ मनग्गे सम्पत्ति आर्जन गरे। उनले पत्नीलाई समेत उतै लगे। वृद्ध आमाबाबुमात्र नेपालमा थिए। यता आमालाई पक्षघात हान्यो र उनी थला परिन्। रोगले उनको वाणीसमेत गयो। हातखुट्टा चल्न छोडे। बोली बन्द भयो। पतिले उनको स्वास्थ्योपचार गराउने, औषधी खुवाउने गर्थे। आफ्नो वृद्धावस्था, श्रीमतीको त्यो दशा, छोराबुहारी, नातिनातिना विदेश उनले धेरै चिन्तन गरे। उनी उच्च रक्तचापका रोगी थिए। राती खाइपिई गरे विस्तरामा पल्टेपछि चिन्तनले उनले चिताको बाटो समाए। बिहान अबेरसम्म आफूलाई औषधी सेवन नगराएकोले पत्नी घस्रँदै घस्रँदै उनको बिस्तरासम्म पुगिन् र उनलाई उठाउने प्रयास गरिन्। अहँ, उनी उठेनन्। उनले प्रयास गरेर पतिको शरीर छामिन्। उनका पतिको शरीर चिसो भइसकेको थियो। उनी चिच्याएर रूँन चाहन्थिन् तर वाक्य फुटेन। विलखबन्दमा परेर सकीनसकी उनी टेलिफोन भएतिर गइन् र निकैबेर लगाएर छिमेकीलाई फोन गरिन्। छिमेकीले फोन उठाए। उताबाट 'हेलो, हेलो' भयो तर यताबाट उनी बोल्न सकिनन्। छिमेकीले फोन राखे। उनले पुनः फोन गरिन् उताबाट उठ्यो तर कुनै आवाज नआएकोले यसपटक पनि छिमेकीले फोन राखे। तीन चार पटक यो क्रम आवृत्ति भइरह्यो। उनी व्यथित भइन्।

बिहानको १०, ११ बजेसम्म वृद्धवृद्धाको घरको ढोका नखुलेकोले छिमेकी बुझ्न आए। घरको ढोका भित्रबाटै बन्द थियो। उनले अन्य छिमेकीलाई समेत खबर गरी सबै मिलेर ढोका खोले। भित्र हेर्दा त वृद्ध विस्तरामा लाश परिसकेका थिए भने उनको खाटको मुनि वृद्धाको लाश थियो। पत्नीको लाश नजिकै टेलिफोनको तार लतारिएको, रिसिभर भुईंमा खसेको थियो। पुलिसलाई खबर गरेर छिमेकीले वृद्धवृद्धाको दाहसंस्कार गरे। अन्त्यावस्थामा छोराबुहारी, नातिनातिनाको मुख देख्न नपाई वृद्धवृद्धाले संसार छोडे।

सन्ततिलाई शिक्षामात्र होइन, संस्कार पनि दिनुपर्दछ। बाबुआमा, समाज, देश र मानवताप्रतिको दायित्वबोध गराउने संस्कारयुक्त शिक्षा सन्ततिलाई दिनु आवश्यक छ। सम्पत्तिमात्र जीवन होइन, भौतिक समृद्धिले मात्र जीवन सुखी हुँदैन। आफूसँग भएका सामग्रीमै सन्तुष्ट भएर जीवनलाई सहज र सुन्दर बनाउने संस्कार सिकाउनु मानवसमाजको आवश्यकता हो। देवकोटाले 'साग र सिस्नु खाएको बेस आनन्दी मनले' त्यसै भनेका होइनन्।

हामीले पढ्ने गरेका सुधन्वा र विरोचनको कथा होस् वा सुनीति र सुरुचिको कथा, गोकर्ण र धुन्धुकारीको कथा होस् वा श्रवणकुमारको कथा सबैमा





संस्कारलाई जोड दिइएको पाइन्छ। सांस्कारिक व्यक्ति जस्तोसुकै विपत्तिमा पनि अमानवीय र अमङ्गल कार्य गर्दैन।

शिक्षा चेतनाको द्वार हो। शिक्षाबाट ज्ञान प्राप्त हुन्छ। ज्ञानी व्यक्तिले कर्तव्याऽकर्तव्य, कृत्याऽकृत्यको ख्याल गर्नुपर्दछ। शिक्षाले संस्कार सिकाउनुपर्दछ। संस्कारले मानवलाई मानवीय संसारमा मानव भई सुन्दर जीवन बाँच्न अभिप्रेरित गर्नुपर्दछ।

वर्तमान समयमा मानव संस्कारहीन हुँदै गएको सर्वत्र दृष्टिगोचर हुँदै छ। सर्वसाधारणदेखि नेतृत्ववर्गसम्मलाई संस्कारहीनताको रोगले ग्रस्त तुल्याएको छ। नेतृत्ववर्गको संस्कारहीनताले राज्यव्यवस्था तहसनहस हुनुको साथै राज्यका सम्पूर्ण नीति बेकम्मा सावित भएका छन्। लोकमा भ्रष्टाचार, चोरी-चकारी, हत्या, लुटका घटना बढ्दै छन्। शिक्षकमा शिक्षा भए पनि संस्कार हीनताकै कारण उत्तरदायित्वबोध छैन, कर्तव्यबोध छैन, विद्यार्थीमा उच्छृङ्खलताले प्रश्रय पाइरहेको छ। कर्मचारी जगत् अझ भ्रष्ट बनेको छ। व्यापारीहरू अजर अमर भएझैं मिसावटका सामग्री खरिदबिक्री गरी मुनाफा कमाउनै व्यस्त छन्। समाजसेवीहरू समाजसेवामा भन्दा स्वसेवामा तल्लीन छन्। मजदुर वर्गमा आफ्नो उद्योगप्रति माया छैन। प्रेम छैन। कामचोर प्रवृत्तिले घर गरेको छ। समाजसेवीहरू आफ्नै डुनो सोझ्याउन व्यस्त छन्। कहीं कतै मन राख्ने ठाउँ छैन। श्रीमान्-श्रीमती बीच वैमनश्य छ, गृहकलह बढ्दो छ। वृद्ध आमाबाबुको संरक्षण छैन। वृद्ध आमाबाबुप्रति श्रद्धा गर्नुपर्छ भन्ने शिक्षामा खर्च गर्नुभन्दा वृद्धाश्रम बनाउनुपर्छ भन्ने शिक्षामा आर्थिक सहयोग हुन्छ। देश विदेशबाट पनि त्यस्तै शिक्षामा अनुदान प्राप्त हुन्छ। सडकमा गरीब, दुःखीहरूको सङ्ख्या दिनानुदिन बढ्दो छ। सरकार गरीब किसानमाथि टाउको बाङ्गिने गरी कर लादिरहेछ। दानधर्म केवल आडम्बर प्रदर्शनको लागिमात्र गरिन्छ। शिलापत्र, भित्तामा नाम लेखाउने भए दान प्राप्त हुन्छ, गुप्तदानतिर कसैको चेष्टा छैन किनकि त्यसमा अभिमान गर्ने स्थान हुँदैन। सत्यनिष्ठाको सर्वथा अभाव छ। समाज छिन्नभिन्न भएको छ, परिवार छिन्नभिन्न भएको छ। पत्रकारिता जगत् पनि विकृतिबाट अछुतो छैन। समन्वयकारी भूमिकामा भन्दा विग्रहमा बढी चासो छ। एकापसमा विश्वासको अभाव छ। मानवता ह्रास भइरहेछ। मानव समाज अवनतितिर भासिँदै गएको छ। यसैले समाजमा विकृति र विसङ्गति दिनानुदिन बढिरहेछ। यो संस्कारविहीनताले मानवलाई मात्र होइन, संसारलाई नै कुनै दिन ध्वस्त नबनाउला भन्न सकिँदैन।

**

# रहर

**समिना खनाल 'पृथा'**

रहर जसलाई पुरा हुन सक्ने र हुन नसक्ने दुवै रूपमा मान्न सकिन्छ । रहरले इच्छा, चाहनाको पर्याय बोकेर हिड्छ । रहर गर्नु सबै अर्थमा ठीक नहोला तर पनि रहरले बाँच्ने ऊर्जा दिन्छ । रहर समयअनुसार रूपान्तरित हुँदै जान्छ । कुनै काम वा ज्ञानार्जन आदि गर्न जाग्ने उत्कट इच्छा, उत्कण्ठा, चाख, चाह, वा आकाङ्क्षालाई रहर भनेर बुझिन्छ ।

इच्छा पूरा गर्न नजानिँदो किसिमले खुल्ने ढोका पनि हो रहर । आफैँले आफैँसँगको परिमार्जन खोज्दा एउटा रहर टुसायो र त उमेरले छेकेन फेरि पनि विद्यार्थी हुने । सिक्ने जान्ने क्रममा पाटो फरक भए पनि विद्यार्थी भएर उभिएकी थिएँ म हामीले निर्माण गरेको समाजमा ।

विश्वविद्यालय अन्तर्गतको विद्यालय गएको भ्रम मलाई तब छुट्यो जब गुरुले होइन शिक्षकले हतोत्साही गर्दै थिए । विद्यालयमा गएको भए पो विद्या प्राप्त हुन्थ्यो र ज्ञानको बाटो खुल्थ्यो, शिक्षालय गएर शिक्षा लिएपछि बुद्धि मात्र विकसित भयो । विवेक ओझेल पर्दै गएको रहेछ त्यही बुझेँ मैले समयले सिकाएको कुरो ।

प्रौढ अवस्थातिर लाग्दै गर्दा ज्ञान आर्जन गर्ने रहरको टुसो मनभित्र पलाउन थालेको थियो । उमेरमा बाध्यताका बन्धनहरू सक्रिय भएर तोडिने नामै नलिएपछि क्याम्पसको ढोका खुलेथ्यो आफ्नै लागि पछिल्लो समयमा । एकपन्थ दुई काजको आशा राख्दै म प्रभातकालीन यात्रा पनि होस् भन्दै गुरुहरूको सामीपमा बसेर पढ्ने रहर पूरा गर्न क्याम्पस जान थालेँ । खै के रहर लाग्यो कुन्नि ? यो रहर भन्ने वस्तु पनि अचम्मकै छ । मुण्ड मुण्ड बुद्धि कुण्ड कुण्ड पानी भनेझैँ हरेक मान्छेका फरक फरक रहर । गुरुहरूको सामीपता मेरो सिकाइको पहिलो खुड्किलो । मार्ग निर्देशन शिरोधार्य नै भयो किनकि रहरले जाग्नु पनि त थियो । भनु नै भने रहर एउटा त्यस्तो कुरा हो जसले मान्छेको अनगिन्ती वैचारिक चिन्तनको द्वार खोल्ने एउटा ठूलै द्वार हो र यसले जागरणको अनेकौँ पत्रहरू उघार्छ ।

सम्भवतः उमेरमा सबभन्दा पाको मै थिएँ कक्षा कोठामा, त्यसैले सबै सहपाठीको 'दी', दिदीको छोटकरी सम्बोधन पाएँ । पहिलो बेन्च मेरो रहर





थियो, रहर के भन्नु र उमेर अनुसारको आवश्यकता पनि थियो होला । आँखाले टाढाको सफासँग ठम्याउन गाह्रो गाह्रो थियो । त्यसैले रहर मज्जाले पूरा गर्न पाएँ ।

खाने रहर, लाउने रहर, लेख्ने रहर, पढ्ने रहर, गाउने रहर, हिँड्ने रहर, सुत्ने रहर । रहर जुनसुकै काम, कुरो र विचारको हुनसक्छ, अझ भनौँ जाग्न सक्छ । राम्रो रहर जाग्नु एकातिर छ भने नराम्रो रहर जाग्नु अर्कोतिर । वेला वेला जागेको रहर मर्न वा ओताउन पनि सक्छ तर रहर भन्ने कुरा मर्नेभन्दा जाग्ने नै धेरै गुना हुन्छ मान्छेको जीवनमा । मैलै पाको भएपछि पढ्ने रहर जगाएँ त के बिराएँ ? चासो, चाह, चाख उत्कण्ठा वा लहड जे भन्नोस् रहरलाई । पकाएर खाने दलहनरूपी दाल नै भने पनि के नै पो फरक पर्ला र ?

मेरै कापी रहरमा पर्थ्यो अघिल्लो पाठ कहाँसम्म पढिएछ भनी हेर्न गुरुहरूलाई पनि । सहज हुन्थ्यो होला सबैलाई पहिलो बेञ्चको कापी तान्न । परख गरिन्थ्यो होला मेरो रहरले जगाएको लेखाइ । पूर्ण त को होला र यो सृष्टिमा ? म त झन् हुने नै भइनँ अनि कमजोरीहरू औँल्याइन्थ्यो मैरै । हुन त कतिपय गुरुहरू अर्काको कमजोरी औँल्याउन पाउँदा पनि गजकक पर्थे । कमजोर भएर नै त हामी शिक्षार्थीहरूले उनीहरूलाई गुरु मानेका भनेर भुसुक्कै भुल्थे सायद । अनुहारले यही बताउँथ्यो तिनका । छुटेको पढाइ जोड्ने रहर पाल्दा पढाइका धागाहरूमा गाठो फेला पर्नु नौलो कुरै थिएन । जान्ने त सर्वथा जान्ने नै हुन्छ नजान्नेले नै हो सिक्न रहर गर्ने । नजान्ने यसै पनि कमजोर हुन्छ शङ्काको घेराभित्र राख्ने रहर गर्नै पर्दैन ।

सुधारिने रहरले डोऱ्याएको थियो, शिक्षालयको गोरेटोले बोलाएको थियो । गल्ती कमजोरीहरू सुधारिने रहरमा म दगुरेकी थिएँ । सबै आशा वा रहर पुग्दैन भन्ने जान्दाजान्दै पनि रहर पलाउँदो रहेछ मान्छेमा । आफ्नो रहरलाई धिक्कार्न मन लागे पनि धिक्कार्न पनि सकिएन । गुरुको कर्तव्यभित्र सिकाउने कार्यले प्रथम स्थान लिन्थ्यो मेरो बुझाइ, सुधारको अपेक्षा गर्दै म आशावादी हुन्थेँ पनि उपेक्षाको रहर पलाउन दिएन मनले ।

रहरले सकारात्मक धारमा बग्न जान्यो भने मनमा रहरको बिउ रोपिएको क्षणलाई पटक पटक नतमस्तक भएर कृतज्ञता व्यक्त गर्न मन लाग्छ । रहरले ल्याउने लक्ष्य नै आज आफूले उभिएको ठाउँ बनेको हुन्छ । विनारहर वा इच्छा चेतनशील प्राणीले कहाँ केमा पो लक्ष्य प्राप्त गरेको छ र म डराउँ ? रहरको झोकमा परेर सिक्दासिक्दै आफूले जानेको जतिलाई नै सम्पूर्ण ठानेर आधा अधुरो संसारबाट बिदा हुने प्राणी हो मान्छे । पूर्ण कहिले भएका छौँ र हामी ? जीवनको अन्तिम क्षणसम्म पनि सिक्नुको विकल्प मान्छेसँग हुँदैन । अन्तिम पल्ट मुटु चलेको क्षण कस्तो हुन्छ आजसम्म सिकेर अनुभव साट्न पाएको

छैन मान्छेले । हैन यो मुटु पनि रहरले चलेको होला कि बाध्यताले ? रहर गरेर पनि पूरा नहुने रहरभित्र पर्छ यो रहर लहड ।

साहित्य मेरो रहर हो त्यसैले साहित्य मलाई मनपर्छ । मनपर्नु सबै चीजमा पोख्त हुनुहोइन । मन पर्नुभित्र रहर र त्यसको सहदोर भाइ लहड समेटिएर आउँछ । त्यही रहर र लहडले डोऱ्याएको छ मान्छेलाई । पाको उमेरको क्याम्पस पढ्ने रहर, फेरि झोला बोकेर कुदने रहर । साथीभाइहरूसित साहित्यमा संवार्ता गर्ने रहर, कथा-कविता-निबन्ध लेख्ने रहर । हो थाहा छ सबै बाटा सजिला हुन्नन् तर रहर पलाएपछि कसको के लाग्छ ? रहर नै त हो सबै मान्छेको मनको मालिक । रहर नभए मनको के काम ? रहरै नभएको मन के मन ? त्यसैले रहर मरेकाहरूका कुनै कुनै बाटाहरू औधी शून्य प्रायः हुन्छन् । रहरले मलाई कहाँ डोऱ्यायो पत्तै भएन । शैक्षिक योग्यता न मेरो रहर हो न त कुनै बाध्यता । समयको सदुपयोग गर्नु पऱ्यो भनेर रहर जाग्यो । घरमा बस्न मन नलागेर कापी, किताब र कलमको झोला बोकेर पढ्न जानु त्यो पनि पाको उमेरमा कम रहर हो र मेरो । प्राडा.हरूले हात हल्लाएर खिसी गरे झैं लाग्छ । गरे गरून् न त मेरो के जान्छ र ? तिनले पनि त पाले होलान् नि रहर । आफ्ना रहर पुऱ्याउन मान्छेले कति नाटक खेल्न सक्छ र खेल्छ भन्ने त मै साक्षी छु नि ! हुन त यो सारा संसारको काम, चाल, जाल सबै रहरले उब्जाएको नाटकै त हो । कतै चन्द्र, सूर्य र ताराहरूले पनि रहरले नै हामी माथि दिनरातको लुकामारी खेलिरहेका त होइनन् ?

कतै पढेकी थिएँ, ठूला मानिस थरीथरी हुन्छन्, असल मानिस भने एक थरीका मात्र हुन्छन् । ठूलो हुनपट्टीको रहरमा नलाग्नु बरु असल हुनपट्टी लाग्ने रहर गर्नु भनेर । थाहा छ असल हुने रहर पलाउन धेरै गाह्रो छ । सजिलै असल हुने रहर पलाउने भए यो धरतीमा धैरै असल र थोरै खराबको बोलबाला हुन्थ्यो । खै त्यस्तो पनि त देखिन्न नि यहाँ । कसैको चित्तमा बिझाउने बित्तिकै असलको सबै रहर ओझेल पर्छ मान्छेका । रहरले कोसिस गर्न सिकाउँछ, आत्मबल प्रदान गर्छ, चाहा र चाख सर्वप्रिय बनाउँछ । के पो गर्दैन रहरले ? रहरै त हो मान्छेको सफलताको पहिलो सिँढी । रहर पलाए सफल हुने सम्भावना बलियो र रहर नभए सबै आधार बन्द । त्यसैले त होला 'रहर नहुने मान्छेको यात्रा तलतलै मात्र हो है' भन्थे हाम्रा पुर्वज । समयको सापेक्षतामा प्रयासरत हुनु भनको रहरमा एक पाइला बढ्नु न हो ? चलायमान हुनु भनेको रहर छ, रहेछ भन्ने सङ्केत न हो ? सफलता असफलता भनेको रहरको गर्भमै त हुन्छ नि । शरीरको चाल, माल ताल सबै सबै थाहा पाउने भिडियो एक्सरे, इसिजी, सिटीस्क्यान सब फेल यो रहरको सामुन्ने । यी यन्त्रले पनि पटक्कै पत्तो पाउन





सकेनन् रहरको गर्भ । हुन त यस्ता रहरले उब्ज्याएको समयमा त्यही रहरभित्र कति रहरहरू ओझेल पनि परे होलान् । कति रहरले उत्सुक बनाएका पनि होलान् । कति रहरले भ्रममा पनि पारे होलान् । कतिले भ्रम हटाउन सहयोग पनि गरे होलान् । विचित्रको छ रहर ।

गुरुको अर्थले धोकामा पारे झैं लाग्यो मलाई । अँध्यारोबाट उज्यालोतर्फ लाने गुरु सम्मानित शब्द । विद्यालयमा सिकेको कुरा कसरी झुठो होला र खै ? त्यो पनि विद्याको मन्दिरमा । रहर गर्नु जो पूरा भएपछि सन्तुष्टि होस् तर रहर पूरा गर्ने क्रममा नै रहरलाई धिक्कार्नुपऱ्यो भने रहरको के अर्थ रह्यो र फेरि ? रहरले पेसामा डोऱ्याउँछ र त्यही पेसा बाध्यता बन्छ मान्छेको । पेसाले सधैं इमानदारीको अपेक्षा गर्छ । विद्यार्थी सधैं सिक्ने रहर वा चाहना राख्ने भएजस्तै गुरु पनि सधैं सिकाउन तत्पर रहने रहर पाल्ने हुनुपर्छ । रहरले नजिकिएकालाई साथ दिनुपर्छ, प्रेमपूर्वकले डोरिएकाहरूलाई बलियो बनाउनुपर्छ ।

सिक्नु भनेको जान्नु मात्र होइन जागरणको रहर पनि हो । जानेपछि अनुभवी भइन्छ । रहरले धेरै कुराको अनुभवी बनाउँछ । रहरले सापेक्षतामा बग्न सिकाउँछ । म रहरलाई आफ्नै मनको नाङ्लोमा हालेर केलाउन मन पराउँछु । मान्छेमा रहरको अन्त्य कहिले हुँदैन । पापले तबसम्म ताप दिन्छ जबसम्म त्यो प्रकट गरिन्न भने झैं यसको ठीक उल्टो रहरले तबसम्म बाटो लिँदैन जबसम्म यसलाई पूरा गर्न अठोटसाथ आत्मासात् गरिँदैन । त्यसैले म रहरलाई सापेक्षतामा बुझ्ने कोसिस गर्छु । अझै पनि म केही न केही सिक्ने रहरमा छु । मेरो मात्र के कुरा ? सम्भवतः यो सृष्टि रहेसम्म मान्छेको रहर सकिने छैन ।

बत्तीसपुतली, काठमाडौं ।

**


## के तपाईंलाई थाहा छ ?

**हामी २०७७ र २०७८ को वर्ष पुस्तकमा जुटिसकेका छौं ।**

**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं । त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

चाबेल, काठमाडौं ९७७-०१-४४१७३५१/९८४११४४५१०

# आस्था, देवता र मान्छेहरू

**हरि कट्टेल**

मानव विकासको प्रारम्भदेखि नै मान्छेहरूका मनमा अनेकानेक जिज्ञासाहरू आए होला, जसरी कुनै नयाँ कुरा देख्ने बित्तिकै आज हाम्रा मनमा आउँछन् । हामी बसेको धरा कसरी बन्यो ? पानी कसरी पर्छ ? हावा कहाबाट आउँछ र कहाँ जान्छ ? घाम, जून तारा कसरी चम्किन्छन् ? जन्म मृत्यु कसरी हुन्छ ? लोग्ने मान्छे र आइमाई कसरी बने ? गर्भ ? सन्तान कसरी जन्मे ? आदि आदि । त्यतिखेर मान्छे सबै प्रणालीको वैज्ञानिक अध्ययनबाट पर थियो । सायद त्यसैले उसले ऊभन्दा माथि, उसले देखेको संसारभन्दा माथि अर्को कुनै नियन्त्रक विशिष्ट चीजको अस्तित्व छ भन्ने सोच्यो र त्यसलाई ईश्वर/भगवान्को नाम दियो । अब ऊ सुख-दुःख, उपलब्धि-अनुपलब्धि, प्राप्ति-अप्राप्ति हरेक कर्मको कारक ईश्वरलाई मान्न थाल्यो । हामी भन्दामाथि स्वर्ग छ, त्यहाँ देवताहरू छन् । हामीलाई हाम्रा राजाले शासन गरेझैँ त्यहाँ पनि देवताका राजाले शासन गर्छन् । हाम्रा पितृहरू त्यतै जान्छन् । दिन, कर्म, भाग्य, सम्बन्ध, बिछोड, विवाह पुत्र, पुत्री, सम्पत्ति यी सबै भगवान्का निगाह हुन् । सायद फेरि मान्छेले यस्तै यस्तै समाधान निकाल्यो ती जिज्ञासाहरूको र जगायो आस्था ईश्वरप्रति ।

ईश्वर कहाँ छ, कस्तो छ, कत्रो छ ? जब मान्छेका मनमा फेरि यसको जिज्ञासा जाग्यो तब मान्छे पुष्ट्याइँको लागि तर्कसहित बोल्यो- ईश्वर निराकार छ, निर्विकल्प छ । ऊ जगत्को अधिपति हो, स्वामी हो, परम पुरुष हो । कति पाको बुद्धि त्यो बेलाका हाम्रा पुर्खाहरूको ! उसले भन्यो जसरी पानीको रङ छैन, आकार छैन, त्यसै गरी ईश्वरको आकार छैन, आकृति छैन । हुन त आजभोलि फरक फरक नामका आकार आकृतिसहितका भगवान् पुज्छ मान्छे । भगवान्का पनि महत् भगवान् देवका पनि देव आदिदेव महादेव । ब्रह्मा, विष्णु, महेश्वर जुन देवताका बारे पढ्यो त्यही ठूलो, जसको भजन सुन्यो त्यही महान् । मजस्ता मान्छेले त बुझिसक्नु छैन भगवान्को कुरा । रूप अनन्त, शक्ति अनन्त के के हो के के ! निराकार भनिए पनि आजभोलि मन्दिरमा होस् कि पूजाकोठामा ईश्वरका अनेक आकार र आकृतिहरू देखिन्छन् । हामी तिनै आकृतिहरूलाई पुज्छौं, ढोग्छौ । तप ध्यानमा तिनै सम्झन्छौं । सपनामा लट्टाधारी तिनै महादेव देख्छौं । शिवको केसराशी, राधाको सारी, कृष्णको धोती, लक्ष्मीको रूप, सरस्वतीका





हात, ब्रह्माको टाउका, शिवका आँखा, गणेशको सुँड आदि तपाइँ हामी सबैलाई कण्ठै छ तर मजाको कुरा चाहिँ के छ भने हिमालय पर्वतको जाडोमा बस्ने पार्वतीले किन आङ्गी लाइनन् ? शिवजीले किन दौरा सुरुवाल लाएनन् ? किन बक्खु लाएनन् ? भाङ-धतुरो खाने उनले किन रक्सी खाएनन् ? खै चौबन्दी चोली ? किन हाम्रा देवताहरू भारतीय मूलका जस्ता लाग्छन् ? यी देखिन्छन् त खाली धोती, पाइजामा, पातलो सारी र ब्लाउजमा ?

हिजोआज त हामी सिरियलहरू हेरेर झन् देवाकृतिमा यति अभ्यस्त भइसकेका छौं कि हाम्रो मानसपटलमा कृष्णको एउटा आकृति छ, वासुदेवको एउटा आकृति छ, नारदको एउटा आकृति छ, हनुमान्को एउटा आकृति छ जुन हामीले रामायणमा देख्यौं, महाभारतमा देख्यौं । हामी दाह्रासिङ चिन्दैनौ तर रामायणको हनुमान् चिन्छौं । पुच्छर लगाएको मान्छेमा सक्कली हनुमान्को शक्ति देख्छौं । शक्तिपीठहरूमा भगवान् सशरीर उभिएका छन् सालिक भएर । टुँडालहरूमा भगवान्का लीला देख्छौं । तराईतिर श्रीपञ्चमी माताका मूर्तिमा सरस्वती भइन् कि भइनन्, रूप मिल्यो कि मिलेन खुब विश्लेषण गरिन्छ । यसबेला हामी परालको बुख्याँचामा देवी देख्छौं । हामी बुझपचाएर झन् झन् भ्रममा बाँच्न थालेका छौं ।

हिन्दूका देवताहरू साह्रै राम्रा राम्रा छन् तर हाम्रा देवता राम्रा कि देवता कुद्ने हाम्रा कालीगढ राम्रा ? हामी मूर्तिहरूलाई पूजा गर्छौं र कालीगढ कलाकार परिकल्पनाकारहरूका हात काट्छौं । आफ्ना बाजेको अनुहार थाह नपाउने हामी काली र चण्डीका तस्वीर कोर्न प्रतिष्पर्धा गर्छौं र हात, गोडा, कम्मर, आँखा मिलेनन् कि भनी बहस् गर्छौं । भारद्वाज ऋषिको त कुरै छोडौं हाम्रै भानुभक्तको अनुहार सम्भावनामा कोर्ने हामी महाकालीको जिब्रोको लम्बाइको भने ठेकुवा गर्छौं । बरु सुम्निमा र पारूहाङहरूले ठोक्रो, धनु बोके तर हाम्रा हिमालयवासी कोटी कोटी देवताहरूमध्ये कसैले किन हो कुन्नि कहिल्यै खुकुरी बोकेनन् ।

जेसुकै भए पनि भगवान्मा हाम्रो विश्वास छ । भगवान्मा मान्छेको आस्था छ । जतिसुकै नास्तिक दर्शन अथवा चार्वाक दर्शनको पक्षपाती मनुवा भए पनि मान्छे जब मन्दिरमा पस्छ घण्ट बजाउँछ बजाउँछ, शिर निहुराउँछ निहुराउँछ । कुनै असहिष्णु नियोजित घटनामा बाहेक हत्तपत्त कसैका देवताका मूर्तिमा थुक्ने हिम्मत कसैको निस्कँदैन । गुम्बा, मन्दिर, चर्च जेसुकै हुन् पवित्र लाग्छन् । बौद्धमार्गीहरू मन्दिरमा पस्दा होस् कि हिन्दुहरू गुम्बामा जाँदा होस्, चर्चमा होस् कि मस्जिदमा होस् झुक्छौं झुक्छौं । कार्लमाक्सले ठीकै भने र त दाशर्निक भए । धर्म अफिमै सही, आज मान्छेका रगतमा आ–आफ्ना देवताहरू बगेका छन् । भगवान्बाट हामीले धेरै कुरा सिकेका छौं । राम्रा नराम्रा । बल गर्नदेखि

छल गर्नसम्म, लीला देखाउनदेखि फिला देखाउनसम्म, आसन कस्नदेखि विभूत घस्नसम्म हामीले भगवान्‌का कथाहरूबाट नै सिकेका हौं । कृष्णको रूप धारण गर्नदेखि विष्णुले झैं अर्काकी पत्नी हरण गर्नसम्म सिकेको मान्छेले कम्मर कस्न पनि देवताहरूबाटै सिक्यो तर आआफ्नो थान्कामा बस्न भने सिक्न बाँकी छ ।

जातअनुसार, धर्मअनुसार, स्थानअनुसार, प्रचलनअनुसार पुर्खाअनुसार परिवेशअनुसार मान्छेका देवताहरू अनेक छन् । एउटा धामीले बाँदर देउ बोलाउँछ र झुन्ड्याएर मकै दार्छ । अर्कोले सिँहको रूप धर्छ । दुम्सीका काँडादेखि रुद्राक्षका मालामासम्म, मुजुरका प्वाँखमादेखि कठुवाको ट्वाँकमासम्म देवता देख्छौं हामी । हाम्रो संस्कार छ, हाम्रा परम्परा छन् । हुन त हामीमा भन्दा कम ईश्वरप्रतिको भक्ति अरू धर्ममा पनि देखिँदैन । प्रभुको शक्ति अपरम्पार देख्ने भारतीय अथवा नेपाली हिन्दूलाई खिसी ट्युरी गर्ने गोरेले पनि उसको प्रभुको शक्ति अनन्त भएको विश्वास गरिरहेको हुन्छ । इस्लाम, बुद्धिष्टको विश्वास पनि हाम्रा सामु छर्लङ्ग छँदैछ ।

अधिकांश मान्छेहरू कुनै न कुनै देव देवी, भगवान्, ईश्वर अथवा अल्लाह वा यस्तै केहीमा आस्था राख्छन् । आस्थाले अरू जेसुकै गरोस् तर मान्छेलाई थेरथोर अनुशासनमा राख्ने प्रयास भने गरेको हुन्छ । मलाई त लाग्छ ईश्वर/धर्म भनेको प्राचीन संहिता रहेछ । हिन्दू धर्ममा होस् कि बौद्ध धर्ममा होस् क्रिश्चियनमा होस् कि इस्लाममा होस् पापको व्यवस्था गरिएको छ । सायद यो प्राचीन मुलुकी ऐनको दण्ड सजायको महल होला । धर्महरूमा गलत काम गर्न मनोवैज्ञानिक त्रासको सिर्जना गरी मान्छेलाई इमानमा राख्न संहिता बनाइएको छ । धर्मले मान्छेलाई` एक हदसम्म मनलाइ बाँध्न अह्राउँछ तर मान्छे न हो अनेक रूप धारण गर्न सिपालु मान्छेलाई भगवान्‌को उपदेशले के भेट्थ्यो र ? जोगीको भेषमा देश चहार्ने र दुई नम्बरी काम गरेर कानुन आँखा छल्न भगवान् गुहार्ने गरेका समाचार हामी सुनिरहेकै छौं तर पनि उमेर र बल हुँदा जे गरोस् मान्छेले जीवनको अन्तिम साहारा ईश्वर मान्छ । त्यसैले त देवकोटाले पनि भने 'आखिर श्रीकृष्ण रहेछ एक ।' हाम्रो हिन्दूधर्म भने बहुत गज्जबको छ । यहाँ पापलाई प्रायश्चित्तले काट्छ । हजार पाप गरे पनि एकै पटक पुराण लगाउँदा पाप नष्ट हुने शिक्षाबाट दीक्षित हामी न त पाप गर्न डराइरहेका छौ न त प्रायश्चित्त गर्न । पाप गऱ्यो अनि प्रायश्चित्त गऱ्यो । मोहनचन्द्र अधिकारीदेखि प्रचण्डसम्म यो मानेमा कोही चुकेका देखिएनन् । हुन त यो द्यौ द्यौताको आस्थाको विषय नयाँ भने होइन यो त वैदिककालको पूर्वदेखि नै अस्तित्वमा छ । पूर्वीय दर्शनानुसार ऋग्वेदमा यो संसारको सृष्टि र विभिन्न देवताको अवधारणा पाइन्छ । नारदीय





सूक्त अझै यो सन्दर्भमा महत्त्वपूर्ण छ । यसमा सृष्टि हुनु पूर्व नै कुनै विशिष्ट शक्ति भएको कुराको अनुमान गरिएको छ ।

ऋग्वेदमा परिकल्पना गरिएका देवताहरूमध्ये धेरै प्रकृतिकै विभिन्न रूप देखिनुले पनि मान्छेले शक्ति रूप र रहस्य भएका कुराहरूलाई आदिकालदेखि नै देवता मान्न थालेको कुराको थप पुष्टि हुन्छ । अग्नि, वायु, सूर्य, चन्द्र, वर्षा, अन्तरिक्ष, भूमि, बिहानी, सन्ध्याजस्ता कुरामा दिव्यर्ती अथवा भनौं देवत्व देख्ने हाम्रा ऋषिमुनिहरू पनि मान्छेहरू नै हुन् । रूपमा भिन्न भए पनि सारमा भगवान् एउटै छन् भन्ने दर्शनका प्रणेता पनि हामी मान्छेहरू नै हौं ।

हामी हाम्रो संस्कृतिमा प्रकृति, वनस्पति, जनावर, चराचुरुङ्गी, मान्छेदेखि किटपतङ्गसम्ममा देवता देख्छौं, तिनमा देवताको अंश रहेको विश्वास गर्छौं र पूजा गर्छौं । छोरी, बुहारी, आमा, बाबू, बच्चा, वृद्ध आदि आदिलाई पूजा गर्छौं, सम्मान गर्छौं । प्रकृति पुजन– कति राम्रो मान्यता ! तर मान्छेमा देवता देख्दै जाँदा हामीले राजालाई देवता मान्यौं । मन्त्रीलाई देवता मान्न थाल्यौं । हुँदा हुँदा दलको नेतालाई कार्यकर्ताले देवता मान्न थाल्यौं । चाकरीको पराकाष्ठामा देवता देख्यौं । हामी मान्छेहरू मान्छेहरूकै देवत्वकरण गर्न थाल्यौं । यो चाहिँ हाम्रो यताको भोलिको विकृत संस्कृति पो बन्ने हो कि यो चिन्ताको वियय हो । हाम्रै सामु मान्छे देवताहरूको लाम देखियो भने हामीले पानी, पीपल, तुलसी हिमाल, घाम जून, पुतली सर्प आदिको पो पूजा गर्न बिर्सने हौं कि ?

यहाँ त भगवान्‌ले नदेखेका मान्छेहरू पनि छन् र मान्छेले नदेखेका भगवान्‌हरू पनि छन् । मलाई कहिलेकाहीँ लाग्छ सबैभन्दा शक्तिशाली भगवान्/देवी/देवता कुन होलान् ? विभिन्न भगवान्‌का कथाहरू पढ्दै जाँदा जसको पढ्यो उही महान्, देवी भागवत् पढ्यो देवी महान्, कृष्णचरित्र पढ्यो कृष्ण महान्, रामायण पढ्यो राम महान् । यी त केही दृष्टान्त मात्र हुन् । त्यसैले मलाई मान्छे र भगवान्‌हरू एकै लाग्छ ।

आज मान्छेहरू भगवान् हुने होडबाजीमा छन् । हुन त मान्छे भगवान् र भगवान् मान्छे भएको आजदेखि होइन । हिजो पनि यता गौतम बुद्ध भगवान् भए भने उता इशुख्रिष्ट । विष्णु, राम नामका मान्छे भएर धर्तीमा जन्मिए । कृष्ण वसुदेव र देवकीका छोरा मान्छे भएर जन्मिए तर राजा दशरथका छोरा रामदेखि श्रीराम पत्नी सीतासम्मका मान्छेहरू देउता भएझैं आज कति मान्छेहरू देवता बन्ने सपना पालिरहेका छन् । उनीहरू त्याग योगदान र सुकर्मका आधारमा तत् तत् समुदायमा भगवान् भए होलान् । हामीले देवताका रूपमा होस् कि महानताका रूपमा होस् मान्यौं, मानेकै छौं । सापेक्षतामा को कति महान् थियो यो फेरि अर्को बहसको विषय बन्ला तथापि भएका मध्ये तत् समयमा घटनाक्रमले श्रेष्ठ

लागेका, गुणवान् लागेकाहरूको सम्मान र श्रद्धा गर्नु त हाम्रो संस्कृति हो नि ! तर आजभोलि रामरहिमदेखि आसारामसम्म, रामपालदेखि सत्पालसम्मलाई देवता बन्ने चटारो छ । बमजनदेखि महाजनसम्मका मान्छेहरूलाई नै मान्छेहरू देवता बनाउने हतारोमा छन् । यतै बाबा उतै बाबा । आस्थाको सिर्जना र व्यक्तिको उपासना आजका देवत्वकरण अभियानका मूलमन्त्र बनेका देखिन्छन् । हामी गुणका आधारमा हैन प्रभावका आधारमा मान्छेहरूलाई देवता देख्न थालेका छौं । हामी भगवान् बनाउन सिपालु छौं । हामी देवता बनाउन माहिर छौं ।

हिजोआज स्थान विशेषमा कोही मान्छेहरू निराकार प्रस्तर मूर्ति पुज्छन् त कोही आकारसहितको चित्र पूजा गर्छन् । त्यसभन्दा बढी व्यक्तिमै ईश्वरीय अवतार देख्न पनि थालिएको छ । ईश्वर भनेको यो संसार बनाउने, बिगार्ने तथा नियन्त्रण र शासन गर्ने शक्ति हो भनेर बुझेका हामीहरूले ईश्वरीय चिन्तनमा पनि संघीयताको अवधारणा घुसाउन थालेका छौं र स्थानीय ठाउँ विशेषमा पनि बनाउने बिगार्ने र शासन गर्नेहरूले आफूलाई ईश्वर समान ठान्न थालेको आभास पनि यदाकदा हुन थालेको छ । यो सोचनीय विषय बनेको छ । जेहोस् परमपुरुष वा परमात्माको आराधना गर्ने हामीहरूको चिन्तन् फराकिलो रहोस् । भूमि, वनस्पति, ऋतु तथा प्रकृतिलाई ईश्वरको रूपमा हेर्न हामीहरूको चिन्तन, विचार सुन्दर होस् ।

हिजोआज सत्य जेजता होस् आस्था र मान्यताकै आधारमा धर्म र सम्प्रदायहरू बढ्दै र बन्दै गएका छन् । प्रचारकहरूले मोटिभेसनका नयाँ नयाँ तरिका अपनाएका छन् । यदाकदा पास्चर र पण्डितहरूका पाखण्डी क्रियाकलापका समाचार सुनिन्छन् । दिनदिनै मान्छे ईश्वर हुन लालायित हुँदै गएको छ । अझ भगवान् बन्नभन्दा पनि बनाउन उद्धत भएका छन् मान्छेहरू नै यहाँ ।

हामीसँग आस्था छ र त ईश्वर छ । हिजो जे जो शक्तिशाली थिए, महत्त्वपूर्ण थिए, ईश्वर बनाइयो । कृष्णलाई गोपिनीहरूले पनि ईश्वर बन्न सघाए, शिवलाई पार्वतीले पनि सघाइन् तर सघाउनेहरू ओझेलमै रहें । राधाहरू पुजिए तर रुक्मिनीहरू हराए । कृष्ण रूपले भगवान् भए त भीम बलले । कुवेर धनले भगवान् भए बली मनले । कोही कोही त त्याग बलिदान र जीतले पनि भगवान् भए । शक्तिलाई भगवान् मान्ने क्रमले राजाहरू भगवान् ठानिए । हिजोआज फेरि मान्छेहरूकै आरती गाउन थालेका छन् मान्छेहरू । के थाह ! भोलि मान्छेहरूले तिनीहरूको पनि मन्दिर बनाए भनें.......।

विराटनगर ।

✱✱





k5f/sf] kftf]

# निबन्धका सामान्य कुरा

**वसन्तकुमार शर्म्मा नेपाल**

जुनसुकै निबन्ध लेख्नु पनि आफूले छानेको अथवा पाएको विषयमाथि चर्चा गर्नु हो । त्यो पनि लक्षण र परिभाषालाई आधार मानेर । कुनै निबन्ध सामान्य विषयका हुन्छन्, कुनै अलि गहिरा । कुनै निबन्ध सोचाइमा बढी भर पर्ने भएर कुनै भनाइमा भरपर्ने हुन्छन् । उच्चतालाई आधार-शिक्षा मानेर कोर्न थाल्ने हो भने चाहिँ सोचाइ र अभिव्यक्ति नै बढी चाहिन्छ ।

त्यसैले 'निबन्ध-रचना गाह्रो विषय होइन' भन्ने पक्ष लिनुपर्दछ किनभने जुनसुकै पक्षबाट हेरे पनि निबन्धका शीर्षक सबै स्तरमा एउटैजस्तो बनाउन सकिन्छ । आआफ्नो स्तरअनुसार अभिव्यक्ति र शीप हेरेर उच्च, मध्यम र सामान्य भनी छुट्टिइहाल्छ । सर्वप्रथम शीर्षकै नभएको चाहिँ निबन्ध नै हुदैंन । तसर्थ सबभन्दा पहिले निबन्ध-रचनार्थ नितान्त आवश्यक तत्त्वलाई बिर्सनु हुँदैन ।

१. शीर्षक, २. परिचय, ३. परिभाषा, ४. गुण-दोष, ५. उपयागिता-अनुपयोगिता, ६. विषयको व्याख्या, ७. उपसंहार ।

यी सात तत्त्वमध्ये शीर्षक र उपसंहार यथाक्रम यथास्थान हुनै पर्दछ तर अरू पञ्चतत्त्वचाहिँ यथाक्रम हुनै पर्दछ भन्ने ठोकुवा छैन । यसो भए पनि प्रारम्भिक अवस्थाका छात्रले भने यस तत्त्वलाई क्रमशः स्वीकार गर्नैं पर्दछ किनभने क्रमरूपी बन्धन नभएपछि निबन्धका अङ्ग पूरा भए कि भएनन् भन्ने कुरामा सामान्य स्तरका व्यक्ति राम्ररी दृष्टि फिराउन सक्तैनन् अनि अङ्गहीन निबन्धले आफूलाई प्रशस्त हानि गराउँछन् । नत्र भने निबन्ध-लेखन कला अपठेरो कुराचाहिँ होइन अनि एउटा राम्ररी विचार गर्नुपर्ने कुरा के छ भने निबन्ध-लेखनकलामा घमण्डै गर्नुचाहिँ ठीक पनि होइन ।

'मेरो निबन्ध अत्युच्चस्तरीय छ भनी सोच्ने रचनाकारको त्यही रचना पाठकले मन नपराउने पनि हुन सक्दछ र रचनाकार असफल बन्न सक्दछ । त्यसबेला भने निबन्धकारको रचनामा उपादेय गुणहरू कति छन् र ती किन असमर्थझैं प्रतीत भए ? भन्ने कुरामा कति विवेचना गरिन सक्दैन ।

गद्य लेख, जो कथालाई छोडेर निबन्धीय तत्त्वले परिपूर्ण पारी लेखिएको छ, त्यो वास्तवमा निबन्ध हो तर बडा बडा साहित्य-महारथी हौं भन्नेहरू पनि

